महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९
कर्णाली प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९
कर्णाली प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९
कर्णाली प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं
नेपाल

पत्र सङ्ख्या : २०७९।८०

च.नं.:

मिति : २०७९।१२।३०

विषय : वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कर्णाली प्रदेश, सुर्खेत ।

नेपालको संविधानको धारा २४१ बमोजिम कर्णाली प्रदेशको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
सञ्चित कोष उपर राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएको समग्र व्यहोरा**	८
	मन्त्रालय र निकायगत व्यहोरा	१८
	१. प्रदेश सभा सचिवालय	१८
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१९
	३. आर्थिक मामिला तथा योजना मन्त्रालय	२७
	४. आन्तरिक मामिला तथा कानुन मन्त्रलय	३५
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३९
	६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	४६
	७. भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	५०
	८. जलस्रोत तथा उर्जा विकास मन्त्रालय	५६
	९. सामाजिक विकास मन्त्रालय	६३
	१०. प्रदेश लोक सेवा आयोग	७३
	११. मुख्य न्यायाधिवक्ताको कार्यालय	७४
	१२. कर्णाली प्रदेश योजना आयोग	७६
	परिच्छेद ४ प्रतिवेदन कार्यान्वयनको स्थिति	७८
	परिच्छेद ५ सुधारका क्षेत्रहरू	७९
	अनुसूचीहरू	८४

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था र संघीय कानुनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ । उल्लिखित व्यवस्थाबमोजिम प्रदेश सरकारका कार्यालयहरूको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । यो प्रतिवेदन प्रदेश सरकारतर्फ पाँचौं वार्षिक प्रतिवेदन हो। प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र सुधारका क्षेत्रहरू समावेश गरिएको छ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका नीति, योजना, कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ तवरले यो प्रतिवेदन तयार गरिएको छ । यो वर्ष जोखिमका आधारमा उच्च तथा न्यून जोखिम कार्यालय निर्धारण गरी लेखापरीक्षण सम्पन्न भएको छ । गत वर्षदेखि लेखापरीक्षण कार्यलाई विद्युतीय प्रविधिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) मार्फत सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ। यसको साथै लेखापरीक्षकले पालना गर्नुपर्ने आचारसंहिता पालना गर्न गराउन र लेखापरीक्षणको गुणस्तरमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था मिलाइएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यो वर्ष प्रदेश अन्तर्गत प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोग समेत १७३ निकायको रू.३८ अर्ब १४ करोड ९२ लाख ४ हजारको लेखापरीक्षण सम्पन्न भई रू.१ अर्ब ६८ करोड ८४ लाख २ हजार बेरुजु कायम भएको छ । कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु ४.८५ प्रतिशत रहेको छ । गत वर्ष लेखापरीक्षण अङ्कको ५.२२ प्रतिशत बेरुजु कायम भएको थियो । म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु कायम गरिएको छैन ।

यो वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । उक्त विषयहरूको परीक्षणबाट मध्यमकालीन खर्च संरचना अनुसार बजेट विनियोजन हुन नसकेको, प्रदेशको बजेटमा संघीय अनुदानको अंश उच्च रहेको, विनियोजित बजेटको तुलनामा न्यून खर्च हुने गरेको, सार्वजनिक सम्पत्तिको संरक्षण र अभिलेख अद्यावधिक हुन नसेकेको, आयोजना बैङ्कमा समावेश भएका योजनामध्ये बढी उपलब्धिमूलक योजना छनौट गरी कार्यान्वयन हुन नसकेको, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यसम्पादन भई कार्यक्रमहरू दोहोरिने, खण्टिने तथा टुक्रिने प्रवृत्तिमा नियन्त्रण हुन नसकेको, वितरणमुखी

कार्यक्रममा बजेट नियन्त्रण हुन नसकेको जस्ता व्यहोरा देखिएका छन् । देखिएका कैफियतमा सुधारका लागि प्रदेश सरकारले आवश्यक कानुन तर्जुमा, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित, अनुत्पादक खर्च नियन्त्रण गरी प्रभावकारी रुपमा कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, यस प्रतिवेदनको कार्यान्वयनवाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिनिधिहरू र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

३० चैत्र २०७९

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्दति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभाकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अङ्ग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था समेत १७३ निकायको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत संकलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्यांकनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त ८४ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ८९ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट

लेखापरीक्षण गरीएको छ । विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन सफट्वेयर प्रयोग गरी लेखापरीक्षण गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकन समेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा **१४ अनुसूची** रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७९।८०
च.नं.: ८१

मितिः २०७९।१२।२७

श्री सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

विषय : प्रदेश सञ्चित कोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन

१. कैफियतसहितको रायः

हामीले कर्णाली प्रदेश सञ्चित कोषको आर्थिक वर्ष २०७८।७९ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू (अनुसुची १४) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएका २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधी र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.१ अर्ब ३४ करोड ६६ लाख ८६ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१० करोड ६० लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.८३ करोड ५९ लाख २३ हजार, नियमित गर्नुपर्ने रु.१५ करोड ७२ लाख २५ हजार र पेस्की बाँकी रु.२४ करोड ७४ लाख ७५ हजार रहेको छ । यसैगरी अन्य संस्था एवं समिति तर्फ रु.३४ करोड १७ लाख १६ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.९ लाख ७६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२९ करोड ८६ लाख ८ हजार र नियमित गर्नुपर्ने रु.४ करोड २१ लाख ३२ हजार रहेको छ।

२.२. प्रदेश सञ्चित कोषको स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छैन ।

२.३. प्रदेश सरकारले स्थिर सम्पत्तिको अवस्था आर्थिक विवरणमा खुलासा गरेको छैन । सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेको कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन । सम्पत्तिको मूल्याङ्कनका आधार समेत स्पष्ट छैन ।

२.४. प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजस्व जम्मा हुने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले विभाज्य कोषको आय व्यय विवरण तयार गरेको छ । साविक जिम्मेवारी समेत जम्मा रु.१५ करोड ९० लाख ३१ हजार सङ्कलन भएकोमा प्रदेश विभाज्य कोषमा रु.९ करोड ५४ लाख ९१ हजार सारेको र बाँकी ४० प्रतिशतले हुने रकम रु.४ करोड ४१ लाख २२ हजार स्थानीय विभाज्य कोषमा सारेको छ । २७ स्थानीय तहको खाता नम्बर भिडान नभई रु.१ करोड ९४ लाख ९० हजार ट्रान्सफर भएको छैन ।

२.५. प्रदेश सरकारको लागि रु.१० अर्ब १४ करोड २१ लाख समानीकरण अनुदान प्राप्त भएको मध्ये रु.५ अर्ब ५५ करोड ६ लाख खर्च भई रु.४ अर्ब ५९ करोड १५ लाख प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ । कोषमा रकम बाँकी रहदा कार्यक्रम संचालनमा असर पर्न गएको छ ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

२.६. संघीय सरकारबाट प्रदेश सरकारको लागि रु.४ अर्ब ९२ करोड ३३ लाख ६२ हजार सर्शत अनुदान, रु.८१ करोड ३५ लाख समपुरक अनुदान र रु.६१ करोड ३० लाख विशेष अनुदान समेत रु.६ अर्ब ३४ करोड ९८ लाख ६२ हजार अनुदान प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रु.२ अर्ब १२ करोड ८ लाख ५१ हजार बचत रहेको छ ।उक्त रकम संघीय संचितकोषमा फिर्ता भएको छ । सर्शत अनुदान पनि खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा प्रभाव पर्न गएको छ।

२.७. प्रदेश सरकारको श्रोतबाट वित्तीय हस्तान्तरण मार्फत समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान ७९ स्थानीय तहलाई रु.२ अर्ब ९८ करोड ९८ लाख ६५ हजार निकासा गरेको छ । उक्त रकम मध्ये प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७९ आषाढ मसान्त सम्मको स्थानीयतहवाट खर्च नभई बाँकी रकमको अभिलेख राखेको छैन । यथार्थ खर्चको विवरण लिई बाँकी हुने रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नु पर्दछ ।

२.८. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। सञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. अन्य व्यहोरा प्रतिवेदनः ऐन नियम परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र श्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ। प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरू प्रदेश सञ्चितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्ततालेसामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

.....

(बिन्दु बिष्ट)

उप-महालेखापरीक्षक

परिच्छेद - १

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण स्थिति**

लेखापरीक्षण गरिएका निकाय	संख्या	रकम (रू.हजारमा)
१. सरकारी कार्यालय (वक्यौता ३ समेत)	१६३	३४३८०८१३
२. समिति र अन्य संस्था	१०	३७६८३९१
जम्मा	**१७३**	३८१४९२०४

यो वर्ष प्रदेश मन्त्रालय र मातहतका १६३ निकायको रू.३४ अर्ब ३८ करोड ८ लाख १३ हजार, अन्य संस्था तथा समितितर्फ १० निकायको रू.३ अर्ब ७६ करोड ८३ लाख ९१ हजार समेत १७३ निकायको रू.३८ अर्ब १४ करोड ९२ लाख ४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । उक्त रकममा ७९ स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकम समावेश छ भने कार्यालय संख्यामा समावेश गरिएको छैन । लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण अनुसूची-१, १क, २ र ३ मा उल्लेख छ।

१. **सरकारी निकाय** - यो वर्ष १६३ सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छ ।

(रू.हजारमा)

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न		
		२०७८।७९ रकम	बक्यौता	जम्मा
१.	विनियोजन	२४२८१८७०	१०५४४८	२४३८७३१८
२.	राजस्व	८५३९९९७	२५०३	८५४२५००
३.	धरौटी	११२४४८५	१७२४	११२६२०९
४.	अन्य	३२४०८९	६९७	३२४७८६
जम्माः		३४२७०४४१	११०३७२	३४३८०८१३

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण अनुसूची—२ मा उल्लेख छ ।

२. **समिति र अन्य संस्था** - आर्थिक वर्ष २०७८/७९ मा विकास समिति अन्य संस्था तथा समिति १० को रू.३ अर्ब ७६ करोड ८३ लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूचि ३ र ४ मा समावेश छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा **परिच्छेद-३** को मन्त्रालय खण्डमा समावेश छ ।

३. **बजेट कार्यान्वयन स्थिति** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ ।

(रू.हजारमा)

शीर्षक /क्षेत्र	२०७८।७९ को		
	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु (वित्तीय हस्तान्तरण समेत)	१४८९२७२३	९०९३६६६	६१.०६
पुँजीगत वित्तिय व्यवस्था समेत	२१६५३९१३	१५१८८२०४	७०.१४
जम्मा	**३६५४६६३६**	**२४२८१८७०**	**६६.४४**

डि. एफ. आई. डि.ले मुगु-हुम्ला लिङ्क सडकमा परियोजना व्यवस्थापन खर्च वापत सोझै भुक्तानी भएको रकम रू.३३ करोड ३१ लाख २५ हजार प्रदेश सरकारको आय-व्ययमा समावेश नगरेकोले यस्तो खर्चको यथार्थता यकिन भएको छैन ।

४. **खर्चको स्थिति -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष कुल चालु र पुँजीगततर्फ खर्चको विवरण निम्नानुसार छ ।

(रू.हजारमा)

क्र.सं.	निकाय	बजेट			यथार्थ खर्च		जम्मा
		चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	
१	प्रदेश व्यवस्थापिका	११४६९२	३७५७५	१५२२६७	९३९९०	२५७०२	११९६९२
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१५३७४८४	२५५९५२०	४०९७००४	६३१७४८	२१३८३६६	२७७०११४
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	१५४५६२	९५१८५	२४९७४७	१०९४६६	६६६८६	१७६१५२
४	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	४३९४१७	२४५५५०	६८४९६७	१२०११५	१४१६६५	२६१७८०
५	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	८७१५२९	१५५७४५०	२४२८९७९	६३८७५६	९५०१४६	१५८८९०२
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२२५३५५४	७०५४५१	२९५९००५	१६८०९०७	५५००६२	२२३०९६९
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	२६८७८७	१२९०२४६९	१३१७१२५६	१९८१४८	६४०७७५१	६६०५८९९
८	सामाजिक विकास मन्त्रालय	३५५५४७३	२८७५२११	६४३०६८४	२४६८५६०	२२३१२९४	४६९९८५४
९	प्रदेश लोक सेवा आयोग	७३९९२	३६३४८	११०३४०	४७५०५	३२९३२	८०४३७
१०	मुख्य न्यायधिवक्ताको कार्यालय	१२५३१	६३८०	१८९११	११७०८	६३५८	१८०६६
११	कर्णाली प्रदेश योजना आयोग	४११६०	४२५९	४५४१९	१६०३३	८५८	१६८९१
१२	जलस्रोत तथा उर्जा विकास मन्त्रालय	१६०८६८	३४०१७६७	३५६२६३५	८६८६४	२५१९२३५	२६०६०९९
जम्मा		**९४८४०४८**	**२४४२७१६४**	**३३९११२१२**	**६१०३८००**	**१५०७१०५४**	**२११७४८५४**
अर्थ वित्तीय व्यवस्था		३८२८५०	११७१५०	५०००००	०.००	११७१५०	११७१५०
१३	अर्थ विविध	१४१६४	१४६९६८	१६११३२	०.००	०.००	०
१४	स्थानीय तह	३९०१९३५	०.००	३९०१९३५	२९८९८६५	०.००	२९८९८६५
	कुल जम्मा	**१३७८२९९७**	**२४५७४१३२**	**३८३५७१२९**	**९०९३६६६**	**१५१८८२०४**	**२४२८१८७०**

माथिको तालिका अनुसार प्रदेश सरकारले चालूतर्फ रू.९ अर्ब ९ करोड ३६ लाख ६६ हजार अर्थात् विनियोजनको ६५.९८ प्रतिशत र पुँजीगततर्फ रू.१५ अर्ब ७ करोड १० लाख ५४ हजार अर्थात् विनियोजित बजेटको ६१.७० प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू.११ करोड ७१ लाख ५० हजार खर्च गरेको छ । अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट स्थानीय तहलाई चालूतर्फबाट रू.३ अर्ब ९० करोड १९ लाख ९५ हजार व्यवस्था गरेकोमध्ये रू.२ अर्ब ९८ करोड ९८ लाख ६५ हजार अर्थात् ७६.६२ प्रतिशत खर्च गरेको छ। प्रदेश सरकारले समग्रमा विनियोजन भएको बजेट रू.३६ अर्ब ५४ करोड ६६ लाख ३६ हजार मध्ये ६६.४४ प्रतिशत अर्थात् रू.२४ अर्ब २८ करोड १८ लाख ७० हजार खर्च गरेको छ ।

५. **स्थानीय तहलाई बजेट -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउन प्रदेशले विनियोजन गरेको बजेटबाट स्थानीय सरकारका कार्यक्रम सञ्चालन गर्न वित्तीय समानिकरण अनुदान तर्फ रू.७९ करोड ९९ लाख ९९ हजार, सर्शत अनुदान तर्फ रू.१ अर्ब ५५ करोड ८१ लाख ८ हजार, विशेष अनुदान तर्फ रू.२४ करोड ५५ लाख ५९ हजार र समपुरक अनुदान तर्फ ३८ करोड ६१ लाख ९९ हजार समेत रू.२ अर्ब ९८ करोड ९८ लाख ६५ हजार हस्तान्तरण गरेको छ ।

६. **स्रोतगत अनुमान र यथार्थ खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रू.हजारमा)

स्रोत	२०७८।७९ को			अनुमानको तुलनामा खर्च प्रतिशत
	अनुमान	प्राप्ति	यथार्थ खर्च	
संघीय सरकार तर्फ	१५५५६३००	१६८६१२६९	१०११२७८१	६५.०१
समानीकरण अनुदान	१०१४२१००	१०१४२१००	५५५०६२५	५४.७३
सशर्त (वैदेशिक समेत)	३९८७७००	५२९२६६९	४०३१२२८	१०१.०९
समपूरक अनुदान	८१३५००	८१३५००	१५५४१६	१९.१०
विशेष अनुदान	६१३०००	६१३०००	३७५५१२	६१.२६
प्रदेश सरकारतर्फ	२०९९०३३६	१८१८०२९५	१४१६९०८८	६७.५०
जम्मा	**३६५४६६३६**	**३५०४१५६४**	**२४२८१८७०**	**६६.४४**

आर्थिक वर्ष २०७८।७९ मा प्रदेश सरकारको कुल खर्चको ६५.०१ प्रतिशत संघीय सरकारबाट हस्तान्तरण भई आएको अनुदान र प्रदेश सरकारको श्रोत तर्फ ६६.४४ प्रतिशत रहेको छ।

७. **राजस्व असुली -** प्रदेश सरकार सञ्चालनको मूल आधार राजस्व सङ्कलन र परिचालन रहेको छ। २०७८।७९ मा प्रदेश सरकारको प्राप्ति अवस्था निम्न अनुसार छन्:

सि.नं.	स्रोत	अनुमान	प्राप्ति	प्रतिशत
१.	कर राजस्व	७४४७७००	७९७४६१६	१०७.०७
२.	अन्य राजस्व	६०००००	६६०८२०	११०.१४
	जम्मा	**८०४७७००**	**८६३५४३६**	**१०७.३०**

- आर्थिक बर्ष २०७८।७९ मा प्रदेशले प्राप्त गरेको रू.८ अर्ब ६३ करोड ५४ लाख ३६ हजारमध्ये संघीय सरकारबाट प्राप्त राजस्व बाँडफाँट रकम रू.७ अर्ब ९७ करोड ४६ लाख १६ हजार (९२.३४ प्रतिशत) रहेको छ। प्रदेश सरकारले उक्त बाँडफाँट राजस्वमध्ये सवारी साधन कर बापत रू.१५ करोड ९५ लाख ९८ हजार सङ्कलन गरेको छ।
- कार्यालयगत राजस्वको आर्थिक विवरण अनुसार कुल राजस्व रू.८ अर्ब ७५ करोड ४५ लाख ४४ हजार र सञ्चित कोषको विवरणअनुसार कुल राजस्व रू.८ अर्ब ५३ करोड ९९ लाख ९७ हजार रहेकोले रू.९ करोड ५४ लाख ३९ हजार फरक देखिएको छ । सोको हिसाब मिलान गर्नुपर्दछ ।
- आर्थिक वर्ष २०७८।७९ मा पेस भएको बजेटमा आन्तरिक आम्दानी रू.६० करोड प्राप्त हुने लक्ष्य राखेकोमा रू.६६ करोड ८ लाख २० हजार आम्दानी भएबाट लक्ष्यको तुलनामा ११०.१४ प्रतिशत प्राप्त भएको छ । प्रदेशको आन्तरिक आम्दानीको प्रक्षेपण सम्बन्धमा यकिन आधार तर्जुमा गरेको छैन ।

८. **वित्तीय हस्तान्तरण -** आर्थिक बर्ष २०७८।७९ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्न अनुसार छ ।

(रू.हजारमा)

स्रोत	बजेट	हस्तान्तरण	हस्तान्तरण प्रतिशत
समानीकरण अनुदान	८०००००	७९९९९९	९९.९९
शसर्त अनुदान	१२९९९००	१५५८१०८	११९.८७
विषेश अनुदान	१०००००	२४५५५९	२४.५६
समपूरक अनुदान	३०००००	३८६१९९	१२८.७४
जम्माः	**३३९९९००**	**२९८९८६५**	**८७.९३**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत् यो बर्ष ७९ स्थानीय तहमा रू.२ अर्ब ९८ करोड ९८ लाख ६५ हजार उपलव्ध गराएको छ । अनुदानमध्ये वर्षान्तमा खर्च नभई बाँकी रहेको (समानीकरण बाहेक) अनुदानको अद्यावधिक तथ्याङ्क सङ्कलन गरेर प्रदेश सञ्चित कोषमा फिर्ता गराउने कार्य बाँकी रहेको छ ।

९. **संघीय कार्यालयलाई अख्तियारी** - प्रदेश सरकारको नीति कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुनबमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले संघीय सरकारका १७ कार्यालयलाई रू.२७ करोड ९४ लाख ६२ हजार बजेट उपलब्ध गराएको छ । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोरा परिच्छेद-३ मा उल्लेख छ । यसको विवरण अनुसूची-१२ मा समावेश छ ।

परिच्छेद २

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(द) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ । प्रदेशको सरकारी कार्यालय, अन्य संस्था तथा समितिको उपर्युक्त परिभाषा बमोजिम फर्स्यौट गर्नुपर्ने अद्यावधिक रकम देहाय अनुसार रू.१ अर्ब ६८ करोड ८४ लाख २ हजार रहेको छः

यो वर्ष प्रदेश कार्यालयतर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु अङ्क निम्नानुसार छः

(रू.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा	कुल वेरुजूको प्रतिशत
जम्मा बेरुजु	**१३४६६८६**	**३४१७१६**	**१६८८४०२**	**१००.००**
१. असुल गर्नुपर्ने	**१०६०६३**	**९७६**	**१०७०३९**	**६.३४**
२. नियमित गर्नुपर्ने	**९९३१४८**	**३४०७४०**	**१३३३८८८**	**७९.००**
• अनियमित भएको	१५७२२५	४२१३२	१९९३५७	११.८१
• प्रमाण कागजात पेस नभएको	८३५९२३	२९८६०८	११३४५३१	६७.२०
• जिम्मेवारी नसारेको	०	०	०	०
• शोधभर्ना नलिएको	०	०	०	०
३. पेस्की	**२४७४७५**	**०**	**२४७४७५**	**१४.६६**
• कर्मचारी पेस्की	९७०	०	९७०	०.०६
• मोबीलाइजेसन पेस्की	१३०५३७	०	१३०५३७	७.७३
• प्रतितपत्र पेस्की	०	०	०	०
• संस्थागत पेस्की	११५९६८	०	११५९६८	६.८७

बेरुजु वर्गीकरणको विवरण अनुसूची १० र ११ मा उल्लेख छ ।

२. **अद्यावधिक बेरुजु** - प्रदेश सरकारी कार्यालय र अन्य संस्था तथा समिति तर्फ गत वर्षको बाँकी रू.२ अर्ब ६५ करोड ५० लाख ८३ हजार र यो वर्षको रू.१ अर्व ६८ करोड ८४ लाख २ हजार समेत अद्यावधिक बेरुजु रू.४ अर्ब ३४ करोड ३४ लाख ८५ हजार रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-११ रहेको छ।

(रू.हजारमा)

क्र.सं.	विवरण	विगतको बेरुजु	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालु वर्षको थप	अद्यावधिक बाँकी बेरुजु
१	प्रदेश सरकारी कार्यालय	२७३०८२७	१४३६४७	२५८७१८०	१३४६६८६	३९३३८६६
२	अन्य संस्था तथा समिति	६७९०३	०	६७९०३	३४१७१६	४०९६१९
	जम्मा	**२७९८७३०**	**१४३६४७**	**२६५५०८३**	**१६८८४०२**	**४३४३४८५**

३. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

३.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३७ मा लेखापरीक्षणबाट औंल्याइएको बेरुजु सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी गराई वा असुलउपर गरी फर्स्यौंट गर्ने दायित्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५ मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा प्रदेशका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दा समेत २०७८।७९ को बेरुजु फर्स्यौंट नभएकाले जवाफदेहिता र जिम्मेवारीको पूर्ण परिपालना भएको छैन । तसर्थ सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम अनुसूची -१३ मा समावेश गरिएको छ ।

३.२ सरकारी कार्यालय अन्य संस्था तथा समितितर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने निकाय निम्नानुसार छन्:

क्र. स.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय	७२९०९०१	३२३४९	५०५९८५	१८१६६१	७१९९९५	४२.६४	९.८७
२	जलस्रोत तथा उर्जा विकास मन्त्रालय	३०४४९५२	२६९४८	३३०२८३	७४००	३६४६३१	२१.६०	११.९७
३	सामाजिक विकास मन्त्रालय	४९०४८२९	२९८२३	७४४२१	५३३८८	१५७६३३	९.३४	३.२१
४	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	२२७८३८५	९१५३	५४४०१	५५८	६४११२	३.८०	२.८१
५	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	१७५८१०६	६०४९	१४८७९	४४६८	२५३९६	१.५०	१.४४
६	अन्य मन्त्रालय तथा निकाय र अन्य संस्था तथा समिति	१५७७१७९४	१७४३	३५३१३६	०	३५४८७९	२१.०२	२.२५
७	बक्यौता	११०३७२	९७४	८७२	०	१७५६	०.१०	१.५९
	जम्मा	**३४३८०८१३**	**१०७०३९**	**१३३३८८७**	**२४७४७५**	**१६८८४०२**	**१००**	**४.८५**

सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयमा बढी बेरुजु रहेको छ।

३.३ यो वर्ष १६३ प्रदेश कार्यालय र १० अन्य संस्था तथा समितिको लेखापरीक्षण गरेकोमा ८३ कार्यालय (४७.९७ प्रतिशत) मा बेरुजु देखिएन ।

३.४ यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १६३ को लेखापरीक्षण गरेकोमा ७५ कार्यालयमा लगती बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था ८ मा बेरुजु देखिएको छैन ।

३.५ यो वर्ष १६३ प्रदेश कार्यालयको २ हजार ५ सय ४१ दफा बेरुजु देखिएकोमा ११८५ दफा सैद्धान्तिक र १३५६ दफा लगती बेरुजु कायम भएको छ ।

३.६ प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रू.५४ करोड ५९ लाख ३३ हजार बाँकी रहेकोमा यो वर्ष रू.२ करोड २७ लाख १० हजार फर्स्यौंट भई रू.५२ करोड ३२ लाख २३ हजार बाँकी रहेकोमा यस वर्ष रू.२४ करोड ७४ लाख ७५ हजार थप भई रू.७७ करोड ६ लाख ९८ हजार बाँकी रहेको छ । पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची- ५** मा रहेको छ ।

३.७ सरकारी कार्यालय तथा समिति एवं अन्य संस्थाबाट लेखापरीक्षण क्रममा असुली गर्नुपर्ने देखिएको मध्ये लेखापरीक्षणको दौरानमा रू.३४ लाख ९० हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछी रू.८८ हजार र सम्परीक्षणको क्रममा रू.२ करोड ४३ लाख ६६ हजार समेत रू.२ करोड ७९ लाख ४४ हजार भएको छ । यस सम्बन्धी विवरण **अनुसूची- ६** मा उल्लेख छ ।

३.८ सरकारी कार्यालय, अन्य संस्था तथा समितितर्फ १२ निकायको रू.३ लाख ५५ हजार अग्रिम कर कट्टी नगरेको ब्यहोरा औल्याएकोमा असुल गर्न बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ।

३.९ प्रदेश कार्यालयतर्फ ५ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रू.हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२३७८५२	१७७	०.०७	१७७	०.०७
दोस्रो २०७७	१९००४९४४	५१६९९३	२.७२	२८७६५०	१.५१
तेस्रो २०७८	२३४३९५६०	८३४७८१	३.५६	६८६६३८	२.९३
चौथो २०७९	३०७०९०८०	१६०१८०७	५.२२	१४१५३८०	४.६१
पाचौं २०७९	३८१४९२०४	१६८८४०२	४.४३	१४४०९२७	३.७८

परिच्छेद-३
लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

१. **कानुन निर्माण -** संविधानको अनुसूची-६,७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा प्रदेश सरकारले प्राथमिकताको आधारमा ऐन, कानुन तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनु पर्ने व्यवस्था छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्षसम्म ५३ ऐन, १४ नियमावली, २ गठन आदेश र ४५ कार्यविधि पारित भएको छ । त्यस्तै प्रदेश सभाको विवरण अनुसार २०७९।०३।३१ सम्म ८१ वटा विधेयक दर्ता भएकोमा ५३ प्रमाणीकरण भएको, ६ छलफलका लागि विषयगत समितिमा पठाएको, ३ दर्ता भई टेबुल हुन बाँकी, २ टेबुल भई कारवाही प्रकृयामा रहेको, ८ फिर्ता पठाएको, ३ निष्क्रीय र ८ सभाबाट स्वीकृत भएको छ । प्रदेश सरकारको सेवा प्रवाह व्यवस्थित गर्न एकल र साझा अधिकारका विषयमा कानुन बनाई कार्यान्वयन गर्नुपर्दछ ।

२. **संगठन र कर्मचारी व्यवस्थापन -** सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षणका आधारमा दरबन्दी कायम गर्ने व्यवस्था छ । प्रदेश सरकारबाट प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालय १२ मातहत १९१ कार्यालयमा २ हजार ८४८ दरबन्दी कायम भएको छ । स्वीकृत दरबन्दीमा १९५६ पदपूर्ति भएको मध्ये कामकाजमा खटाएको ७१ र करारमा २७३ जना रहेका छन् । समायोजनबाट १६१२ पदपूर्ति भई विभिन्न पदका ८९२ पद रिक्त छन । उक्त दरबन्दी पदपूर्ति गरी सेवाप्रवाह चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफ्नो र मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणाली विश्वसनीय बनाई प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेका छैनन् । जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, घरजग्गाको लगत नराखेको, वित्तीय सूचना प्रणालीको प्रयोग र उपयोगको अवस्था कमजोर रहेको, विद्युतीय माध्यमबाट सेवा प्रवाह अवस्था कमजोर रहेको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्बन नगरेको, बेरूजु फर्स्यौट प्रभावकारी नभएको लगायत अवस्थाले आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखिएको छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **ऐन नियमको पालना -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा सार्वजनिक निकायले सार्वजनिक खरिद कार्य व्यवस्थित गर्ने सम्बन्धी व्यवस्था छ । मातहत कार्यालयले खरिद योजना तयार नगर्ने, योजना अधुरो राख्ने, मालसामान वा निर्माण कार्यको प्याकेज नवनाउने, कम अवधिको जमानत लिने, छनौट भएको वोलपत्रदाता सम्झौता गर्न नआएको अवस्थामा कालोसूचीमा राख्न नपठाउने, परामर्शदाता माथि निर्भर रहने, प्रगतिका आधारमा मात्र पेश्की दिनुपर्नेमा पूरै पेश्की दिने, भेरियसन आदेश स्वीकृत नगराई काम गराउने, निर्माण व्यवसायीको ढिलाईको कारण काम नभएमा पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने, सम्झौता बमोजिम काम शुरू नगर्ने, वीचैमा काम छोड्ने, सम्झौता अनुसार कार्य प्रगति नगर्ने निर्माण व्यवसायीको जमानत जफत गरी बाँकी काम गर्न लाग्ने रकम असुल

नगर्ने, निर्माण स्थलको तयारी बेगर बोलपत्र प्रकाशन गर्ने जस्ता कार्य गरेको छ । कानुनमा उल्लिखित व्यवस्थाको पालना हुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

५. **अधुरा ठेक्का -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र खरिद नियमावली, २०६४ को नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरू नगरेमा वा सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्नसक्ने र त्यसरी सम्झौता अन्त्य भएमा पेस्की र कार्यसम्पादन जमानत जफत गर्ने, १० प्रतिशतसम्म पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पूरा गराउने र कालोसूचीमा राख्न लेखी पठाउने व्यवस्थाहरू छन् । दैलेख स्थित जलश्रोत तथा ऊर्जा विकास कार्यालयले सिंचाइ संरचनाका लागि समानीकरणतर्फको ७३, कर्णाली प्रदेश जनता सिंचाइ आयोजनातर्फ २४ र खानेपानी संरचना निर्माण कार्यको समानीकरणतर्फ ९७ योजनामा गत वर्ष रू.७१ करोड ८४ लाख ४० हजार खर्च भएकोमा यस वर्ष बजेट विनियोजन भई नआएकोले योजनाहरूमा भएको लगानी जोखिममा परेको छ । त्यस्तै पूर्वाधार विकास कार्यालय अन्तर्गत कालिकोटले ६ ठेक्काको रू.२ करोड ६५ लाख ७१ हजार र सल्यानले २ ठेक्काको रू.१ करोड ७७ लाख १२ हजार समेत ८ ठेक्काको कूल रू.४ करोड २८ लाख ८३ हजारको निर्माण कार्य सम्पन्न हुन नसकी अधुरो रहेको छ । कार्यालयले सञ्चालित आयोजनालाई निरन्तरता दिनेगरी बजेट कार्यक्रममा ध्यान दिएका छैनन् भने खरिद नियमावली अनुसार कार्य सम्पन्न नहुँदा आयोजनाहरू अलपत्र रहने गरेका छन् । कानुनी व्यवस्थाको कार्यान्वयन गरी अधुरा आयोजनाको काम पूरा गर्नुपर्दछ।

६. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था छ । वार्षिक खरिद योजना अनुसार प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्नेमा प्रदेश सरकार अन्तर्गतका निकायले नर्म्स बेगर प्राप्त बजेटका आधारमा लागत अनुमान बनाएको, खरिद कार्य विभागीय जनशक्तिबाट सम्पादन हुन नसक्ने पुष्ट्याई पेस नगरेको र टुक्रा पारी खरिद गरी प्रतिस्पर्धी तथा मितव्ययी समेत नबनाएको अवस्था छ । साथै परामर्शदाताबाट प्राप्त प्रतिवेदन कार्यान्वयन भई प्रतिफल प्राप्त नभएको अवस्था छ । नर्म्स तर्जुमा गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

७. **उपभोक्ता समितिबाट कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउन सक्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार उपभोक्ता समितिले रकम प्राप्त गर्ने र जनसहभागिता स्वरूप गर्ने काम सम्झौताबाटै छुट्ट्याइ गरेको कामको नापजाँच पनि अलग अलग गर्नु पर्नेमा सो अनुसार नगरी कामको एकमुष्ट मूल्याङ्कनबाट जनसहभागिताको रकम घटाएर भुक्तानी दिएको छ । यसबाट वास्तविक रूपमा जनसहभागिता भए नभएको सुनिश्चित गर्न सकिदैन । त्यस्तै सोही नियमावलीको नियम ९७(१२) अनुसार उपभोक्ता समितिबाट निर्मित योजना मर्मत सम्भार र सञ्चालनको लागि सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन । प्रदेश अन्तर्गत यस वर्ष निर्माण सम्पन्न भएका सिंचाइ, खानेपानी तथा सडक लगायत निर्माण भएका योजनाको हस्तान्तरण भएको छैन । नियमानुसार सम्पन्न भएका सिंचाइ, खानेपानी लगायत आयोजना उपभोक्तालाई हस्तान्तरण गर्नुपर्दछ ।

८. **गुणस्तर परीक्षण तथा नियन्त्रण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १ को खण्ड (ङ) अनुसार ठेक्का सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण तथा परीक्षण गर्नुपर्ने व्यवस्था छ । खर्चको गुणस्तर परीक्षण तथा नियन्त्रण सम्बन्धमा निम्न व्यहोराहरू देखिएका छन् :

८.१ निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामग्रीहरू गिट्टी, ढुंगा, बालुवा, फलामे डण्डी, माटो, सिमेन्ट, पाइप, इट्टा, कंक्रिट, जि.आई तार आदिको परीक्षणको लागि जनशक्ति सहितको प्रदेश प्रयोगशाला स्थापना भएको छैन । पूर्वाधारजन्य कार्यसम्पादन गर्ने कार्यालयमा प्रयोगशाला नभएको कारण सम्झौतामा राखेर पनि गुणस्तर परीक्षणको भुक्तानी नलिई निर्माण सम्पन्न/स्वीकार भएको अवस्था छ । गुणस्तर परीक्षणलाई महत्व दिई आवश्यक पूर्वाधार निर्माण एवं बैकल्पिक उपायहरू अवलम्वन गरी परीक्षण गराउनु पर्दछ ।

८.२ निर्माण व्यवसायीलाई स्पेसिफिकेसन अनुसारको गुणस्तर आश्वस्तता योजना पेस गर्न लगाई त्यस अनुसार गुणस्तर परीक्षण गराउने, गिट्टी, ढुंगा, बालुवा प्राप्त गर्न निर्माण सामग्री उत्खनन् गर्ने स्थान तोकी गुणस्तरीय देखिएका निर्माण सामग्री प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेमा लागत अनुमान तथा सम्झौता गर्दा स्थान तोक्ने गरेको छैन । गुणस्तर नियन्त्रण परीक्षण नभएका निर्माण संरचनाहरू गुणस्तर प्रति आश्वसत हुने अवस्था छैन । गुणस्तर आश्वस्तता योजना पेस गराई तोकिएको स्थानबाट निर्माण सामग्रीको उपयोग गरी गुणस्तर आश्वस्तता तुल्याउनु पर्दछ ।

९. **कार्यक्रम कार्यान्वयन -** आवधिक योजना, दिगो बिकास लक्ष्य र कार्यक्रम तथा बजेटबीच सामञ्जस्यता हुने गरी बजेट व्यवस्था एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । प्रदेश सरकारले घोषणा गरेको समूह सहकारी एवं उत्पादन समूह सहित आम जनताको सहभागितामा समृद्धिका लागि श्रमसहितको रोजगारी कार्यक्रम सञ्चालन गर्ने, प्रदेश सरकारले व्याज व्यहोर्ने गरी गरिब, विपन्न, तथा दलित समुदायमा ठुलो जनसंख्या रहेको कर्णाली प्रदेशको भूमिहीन तथा बेरोजगार परिवारलाई परम्परा तथा आधुनिक सीपमा आधारित रोजगारी सिर्जना गर्न सहुलियतपूर्ण विशेष कर्जा उपलव्ध गराउने, गरिबी तथा बेरोजगारी अन्त्यका लागि स्थानीय बैङ्क तथा वित्तीय संस्थाहरूबाट सहुलियतपूर्ण कर्जा मार्फत् समूह तथा सहकारी संघ संस्थामा आवद्ध परिवारलाई व्याज अनुदान दिने, रणनीतिक महत्वका पूर्वाधार आयोजनाको सम्भाव्यता अध्ययन गरी सार्वजनिक–निजी साझेदारीमा सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने, प्रदेश अन्तर्गतका योजनाहरूको डिजाइन, इष्टिमेट विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने तथा खरिद प्रक्रियालाई एउटै निकायबाट सम्पादन गर्न संरचनागत व्यवस्था गर्ने लगायत व्यहोरा बजेटमा उल्लेख भएकोमा कार्यान्वयन गरेको छैन । नीति, योजना र बजेट कार्यान्वयनबीच सामञ्जस्यता बनाई आवधिक योजना, दिगो बिकास लक्ष्य तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१०. **राजस्व परिचालन**- प्रदेश सरकारको यो वर्षमा राजस्व बाँडफाँटबाट प्राप्त हुने रू.७ अर्ब ४४ करोड ७७ लाख समेत रू.८ अर्ब ४ करोड ७७ लाख राजस्वको अनुमान गरेकोमा रू.८ अर्ब ६३ करोड ५४ लाख ३६ हजार अर्थात् १०७.३० प्राप्त भएको छ ।

११. **कर तथा शुल्क -** प्रदेशले घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयकर, सेवा शुल्क, दण्ड जरिवाना लगायतका कर तथा शुल्क कानुन बनाई असुल गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने कार्य आर्थिक

मामिला तथा योजना मन्त्रालयको रहेको छ । प्रदेशको आर्थिक ऐन जारी गरी कार्यान्वयन गरेको भएपनि सबै क्षेत्रको राजस्वको दर निर्धारणको बैधानिक आधार तयार गरेको छैन । मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क लगायत बिशेष क्षेत्रहरूमा करका दर निर्धारण गरी कर तथा शुल्क असुली व्यवस्थापनमार्फत् राजस्व असुल गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१२. **विशेष तथा सशर्त अनुदान -** संघीय सरकारको सशर्त र विशेष अनुदान वापत प्राप्त गरेको रकमबाट खर्च पश्चात बाँकी हिसाव फिर्ता पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष संघीय सरकारबाट शसर्त अनुदानमा रू.४ अर्ब ९२ करोड ३३ लाख ८२ हजार, समपुरक अनुदान रू.८१ करोड ३५ लाख र विशेष अनुदानतर्फ रू.६१ करोड ३० लाख प्राप्त गरेकोमा शसर्त अनुदानमा रू.३ अर्ब ६९ करोड ८१ लाख २ हजार, समपुरक अनुदान रू.१५ करोड ५४ लाख १६ हजार र विशेष अनुदानतर्फ रू.३७ करोड ५५ लाख १२ हजार खर्च भएको हिसाब पश्चात बाँकी रहेको रू.२ अर्ब १२ करोड ८ लाख ५१ हजार २०७९।१०।२० मा संघीय सञ्चित कोष दाखिला गरेको छ ।

१३. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने उल्लेख छ । जलस्रोत तथा ऊर्जा विकास कार्यालय, डोल्पाले रू.१९ लाख २१ हजार, दैलेखले रू.७८ लाख ४७ हजार, कालिकोटले रू.४ करोड ९ लाख २७ हजार, रूकुमले रू.५९ लाख ७८ हजार, हुम्लाले रू.२८ लाख २३ हजार, सुर्खेतले रू.२ करोड १९ लाख २७ हजार समेत रू.८ करोड १४ लाख २३ हजार सोझै खरिद गरी भुक्तानी गरेको छ । कानुन विपरीत सोझै खरिद गर्ने जिम्मेवार पदाधिकारीलाई जिम्मेवार बनाई सो खर्च नियमित गरिनुपर्दछ ।

१४. **वार्षिक प्रतिवेदन -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७(१) मा नियम २६ अनुसार अनुसूची- ३ बमोजिम तयार भएको चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक निकायले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने र सबै कार्यालयबाट प्रगति विवरण प्राप्त गरी प्रदेश स्तरको प्रगति विवरण तयार गर्ने र त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने तथा उपनियम (२) अनुसार प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्ति समेतको पहिचान गरी सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही पनि उल्लेख हुनुपर्ने व्यवस्था छ । प्रदेशको कूल बजेट रू.३६ अर्ब ५४ करोड ६६ लाख ३६ हजार रहेको मध्ये ६६.४४ प्रतिशत वित्तीय प्रगति गरेकोमा वार्षिक प्रतिवेदन तयार गरी समीक्षा गरेको छैन । त्यस्तै प्रदेश मन्त्रालयहरूले बजेट नियन्त्रण सम्बन्धी म.ले.प.फा.न. ३०१ देखि ३१५ सम्मको ढाँचामा अभिलेख राखी नेपाल सार्वजनिक लेखामानमा आधारित (नेप्सास वेस) म.ले.प.फा.नं. २७१ को ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेका छैनन्। नियमानुसारका सबै प्रतिवेदन तयार गरी कार्यक्रम प्रभावकारीताको समिक्षा गर्नुपर्दछ । साथै नियमावलीको नियम ९० अनुसार अनुसुची-१५ बमोजिमको वार्षिक प्रतिवेदन तयार गरेको छैन ।

१५. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४५ सम्म जिम्मेवार व्यक्ति जवाहदेही हुने, विभिन्न पदाधिकारीको काम, कर्तव्य, अधिकार र जिम्मेवारी तोकिए बमोजिम हुने, सरकारी नगदी, जिन्सी दुरूपयोग एवं मस्यौट भएमा कारवाही गरिने, जवाहदेही वहन गर्नुपर्ने र वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने जस्ता वित्तीय जिम्मेवारी र जवाहदेहिता उल्लेख गरिएका छन्। कार्यालयले तोकिएका फारामहरू प्रयोग गरी वित्तीय प्रतिवेदन तयार नगरेको,

सम्पतिहरूको अभिलेख व्यवस्थित गरी उपयोग नगरेको, कोषको परिचालन प्रभावकारी नरहेको लगायतका अवस्था छ । प्रदेश अन्तर्गतका कार्यालयले वित्तीय जिम्मेवारी एवं जवाफदेहितामा प्रभावकारीता कायम गर्न क्रियाकलाप गरेको देखिएन । जिम्मेवारी र जवाफदेहिता पालना गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

१६. **लेखा नीति र टीप्पणी —** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेश सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम निश्चित अवधिमा भएको आर्थिक कारोवारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक खुलाई लेखा टिप्पणी समेतको विवरण वनाई लेखापरीक्षणमा पेस गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेशको केन्द्रीय आर्थिक विवरणमा लेखा नीति एवं टिप्पणी पूर्ण रूपले उल्लेख गरेको देखिएन । लेखा टिप्पणीसमेतको विवरण बनाई लेखापरीक्षणमा पेस गर्नुपर्दछ ।

१७. **संघीय निकायलाई बजेट** - नेपालको संविधानले एकल तथा साझा अधिकार सूचीको व्यवस्था गरे अनुसार प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्ने व्यवस्था छ । प्रदेशले विनियोजन गरेको बजेटबाट संघीय १७ निकाय (जिल्ला प्रहरी कार्यालय, जिल्ला समन्वय समिति, बहुप्राविधिक शिक्षालय समेत) का कार्यक्रमका लागि चालुतर्फ रू.२७ करोड ९४ लाख ६२ हजार बजेट उपलब्ध गराएको छ । प्रदेशबाट संघीय निकायलाई बजेट विनियोजन गर्नुभन्दा अधिकार सूचीभित्र कार्यसम्पादन गर्न नीति तथा कार्यक्रम व्यवस्था गरी विनियोजन दक्षता बढाउनुपर्दछ।

१८. **क्षेत्रगत नीति** - समृद्ध कर्णाली, सुखारी कर्णालीबासी भन्ने सोचका साथ कर्णाली प्रदेशको आवधिक योजना (२०७६।७७ — २०८०।८१) कार्यान्वयनमा रहेको छ । योजनाले यातायात, कृषि, उर्जा, सिंचाइ, खानेपानी, जडिबुटी, खानी, वन पैदावार, पानी, पर्यटन, वातावरण, शिक्षा, रोजगार लगायतलाई प्राथमिकतामा राखेको छ । प्राथमिकताका क्षेत्र अनुसारको नदिनाला लगायत उपयोगका लागि जलस्रोत नीति तथा कृषि क्षेत्रका लागि संघीय कृषि नीति अनुरूपको नीति तयार गरेपनि कार्यान्वयनमा आएको छैन । कर्णाली क्षेत्रमा उत्पादन हुने स्याउ(जुम्ला), सुन्तला(दैलेख), कालोमार्सी, चीनो लगायत स्थानीय उपजको प्रचार प्रसार तथा बजारीकरण हुन सकेको छैन । योजनामा उल्लेख भए अनुसार कर्णालीमा वार्षिक २१ हजार ४४१ मेट्रिकटन खाद्यान्न अभाव हुने तर कूल खेतीयोग्य जमिन मध्ये ३१.७ प्रतिशत बाँझो रहेको भएपनि भू उपयोग नीति तयार गरेको छैन ।

पेट्रोल लगायत प्राकृतिक स्रोत उपयोग गरी भौगोलिक अवस्था अनुसारको यार्सागुम्बा लगायत जडिबुटी संकलन, उत्पादन र बजारीकरण साथै हिमाली भेगमा गर्न सकिने चौरी, भेडा, च्याङ्ग्रा जस्ता पशुपालन लगायत क्षेत्रगत नीति तयार गरेको छैन । त्यस्तै लोपोन्मूख खस, राजी, राउटे, खाम, काइके, थारू, मुगाली, कार्मारोङ्ग जस्ता भाषाहरूको संरक्षण, प्रवर्द्धनका साथै कात्रेबिहार, देउतीबज्यै, महावु, चन्दननाथ, खार्पुनाथ लगायत दैलेखको पञ्चकोशी तथा पञ्चदेवल आदि धार्मिक एवं पर्यटकीय क्षेत्रहरूको विकास गरी पर्यटन सञ्चालमार्फत् प्रदेशको विकास गर्न पूर्वाधार तयार गर्ने नीति अबलम्वन गरेको छैन । भौगोलिक अवस्था र उपलव्ध प्राकृतिक स्रोतको प्रभावकारी परिचालन एवं उपयोगमार्फत् प्रदेशको विकासमा योगदान हुनेगरी आवश्यक क्षेत्रगत नीतिहरू तयार गरी लागु गर्नुपर्दछ ।

१९. **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ मा तलबी प्रतिवेदन पारित गरेर मात्र निजामती कर्मचारीको तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । प्रदेशमा कार्यरत कर्मचारीको पारिश्रमिकमा

रू.१ अर्ब १ करोड ९ लाख ५४ हजार खर्च गरेकोमा तलबी प्रतिवेदन पारित गरेको छैन । यसरी लेखेको ग्रेड लगायत खर्च भिडान भएन । तलबी प्रतिवेदन पारित गरेरमात्र पारिश्रमिक खर्च लेख्नुपर्दछ।

२०. **सेवा प्रवाह** - प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने व्यवस्था छ । मन्त्रालयहरूको वार्षिक कार्यक्रम कार्यान्वयन अवस्था कमजोर हुनु, सार्वजनिक सेवाको न्यूनतम मापदण्ड निर्धारण नहुनु, सेवा प्रवाहको नीति मापदण्ड एवं कार्यविधि निर्माण नहुनु एवं सेवाग्राही सन्तुष्टि मापन तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको कारण प्रदेश सरकारको सेवा प्रवाह प्रभावकारी देखिएको छैन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी प्रदेश सरकारको सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

२१. **बिनियोजन दक्षता** - प्रदेश सरकारको कुल बजेट रू.३६ अर्ब ५४ करोड ६६ लाख ३६ हजार रहेकोमा रू.२३ अर्ब ९४ करोड ८७ लाख ४४ हजार खर्च गरेको छ । कुल खर्च मध्ये चालुतर्फ सञ्चित कोषमा व्ययभार पर्ने रकम समेत रू.९ अर्ब ८ करोड ४७ लाख ४० हजार र पुँजीगत खर्चतर्फ रू.१४ अर्ब ७४ करोड ६८ लाख ५४ हजार र वित्तीय व्यवस्थातर्फ रू.११ करोड ७१ लाख ५० हजार खर्च गरेको छ । कुल बजेटको तुलनामा ६५.५३ प्रतिशत खर्च भएकोमा चालु खर्चतर्फ ३७.९४ प्रतिशत र पुँजीगत खर्चतर्फ ६१.५८ प्रतिशत खर्च भएको छ । अख्तियारी, बजेट तथा कार्यक्रमको परिचालनमा सरकारको ढिलाईको कारण पुँजीगत खर्च परिचालनको स्थिति कमजोर देखिएको छ ।

२२. **योजना छनौट** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २४ मा कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेट अन्तर्गत मन्त्रालयले कार्यक्रम स्वीकृत गर्नुपर्ने व्यवस्था छ । जलश्रोत तथा ऊर्जा बिकास कार्यालय, दैलेखलाई यो वर्ष २८४ योजनाका लागि रू.५६ करोड ७७ लाख बजेट विनियोजन भई रू.४३ करोड ९७ लाख ६३ हजार खर्च गरेकोमा १५५ योजना रू.१० लाख भन्दा कमका रहेका छन् । लमस्तडा लिफ्ट सिंचाइका लागि रू.१५ लाखमात्र उपलब्ध गराएकोले काम नभएको, समयमा बजेट निकासा तथा कार्य सम्झौता नभएको कारण टाहारी सिंचाइ (रू.२५ लाख) सिम्तडा र डावाखेत (रू.१० लाख) र गोठीखोला (रू.५ लाख) योजनाको काम हुन सकेको छैन । स्वीकृत योजना मध्ये ३७ योजना विविध कारण जनाई कार्यक्रम संशोधनबाट हटाएको छ । त्यस्तै मुख्यमन्त्री कार्यालयले प्रदेश बिशेष कार्यक्रमको लागि रू.३ अर्ब ५९ करोड ७७ लाख ९१ हजार शुरू बजेट विनियोजन गरेको मध्ये रू.२७ करोड २९ लाख ७८ हजार अबण्डा स्वीकृत गरेको छ । आवश्यकता यकिन नगरी अन्य कारणबाट योजना छनौट गर्ने र स्पष्ट योजना नभई अवण्डामा राखी बजेट विनियोजन गर्ने कार्य नियमित देखिदैन । नीतिगत रूपमा प्रदेशको आवश्यकता यकिन नगरी पटके योजनामा खर्च गर्दा दीर्घकालीन प्रतिफल सुनिश्चतता छैन ।

२३. **आन्तरिक आय** - विनियोजन विधेयक, २०७८ अनुसार कुल राजस्व रू.६० करोड अनुमान गरेकोमा रू.६६ करोड ८ लाख २० हजार असुली भएको छ । प्राप्त गरेको राजस्व रकम अनुमानको तुलनामा १०.४० प्रतिशत बढी छ । राजस्वको पूर्वानुमान वस्तुनिष्ठ तवरले हुन नसकेको, राजस्व प्राप्तिका वैकल्पिक श्रोतहरू पहिचान गरी आय वृद्धि गर्नेतर्फ कार्य योजना नबनाएको अवस्थामा पनि अपेक्षा गरिएको राजस्व भन्दा बढी राजस्व असुल भएको छ ।

२४. **आन्तरिक लेखापरीक्षण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ३२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश अन्तर्गतका सबै कार्यालयको कम्तीमा प्रत्येक दुई महिनामा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र १५ दिनभित्र सम्बन्धित कार्यालय प्रमुखलाई प्रतिवेदन दिनुपर्ने व्यवस्था छ । द्वैमासिक अवधिमा लेखापरीक्षण व्यवस्था नअपनाएको, व्यवस्थापकीय र संस्थागत सुझाव सहितको टिप्पणी नगरेको, आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन आश्विन मसान्त भित्र तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा नपठाएको लगायतका कारण आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिएको छैन । आन्तरिक लेखापरीक्षण प्रतिवेदन तथा सोको कारबाहीको प्रतिवेदन सम्बन्धित मन्त्री समक्ष पेस गरेको छैन । प्रदेश अन्तर्गतका कार्यालयको आन्तरिक लेखापरीक्षणबाट रू.१ अर्ब २० करोड ११ लाख ८५ हजार लगती बेरूजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म बेरूजु नियमानुसार असुल तथा फर्स्यौट भएको छैन ।

२५. **घर जग्गाको लगत** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ५४ मा सम्बन्धित कार्यालयले घर जग्गाको लगत राख्नुपर्ने व्यवस्था छ । प्रदेशको सरकारी घर जग्गाको लगत तयार गरेको छैन । प्रदेश कार्यालयमा रहेका भवन लगायत पूर्वाधारको लगत व्यवस्थित नभएको कारण केही सरकारी भवन कर्मचारी आवासको रूपमा प्रयोग भएको तथा केही मन्त्रालय एवं कार्यालय भवन अभावमा कार्यसम्पादनमा असर परेको छ । घर जग्गाको लगत राखी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS)मा अभिलेख अद्यावधिक गरी प्रभावकारी उपयोग गर्नुपर्दछ ।

२६. **जिन्सी व्यवस्थापन** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४७ बमोजिम जिन्सी मालसामानको लगत तयार गर्ने र नियम ५० बमोजिम जिन्सी निरीक्षण गर्ने व्यवस्था रहेको छ। प्रदेश अन्तर्गतका अंधिकाश कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण नगराएको, निरीक्षण प्रतिवेदन प्राप्त गर्नेले कार्यान्वयन नगराएको, सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (पाम्स)मा अभिलेख नराखेको, मेहलकुना लगायत अस्पतालहरूले क्षमता भन्दा बढी स्वास्थ्य उपकरणहरू खरिद गरी मौज्दात राखेको जस्ता कारण जिन्सी व्यवस्थापन प्रभावकारी देखिएको छैन । सरकारी जिन्सी मालसामानको हानी नोक्सानी नहुने गरी संरक्षण र तिनीहरूको राम्रो संभार गरी प्रभावकारी उपयोग गर्नुपर्दछ ।

- **पाँच वर्षको कार्य सम्पादन स्थिति**

१. **विनियोजन तथा खर्च** – कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा मन्त्रालयले बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधारसहित बजेट पेस गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयगत रुपमा प्रदेश सरकारको आर्थिक वर्ष २०७४।०७५ देखि हालसम्म बजेट तथा खर्चको स्थिति निम्नानुसार रहेको छ ।

(रू.हजारमा)

आर्थिक वर्ष	विनियोजन			खर्च			खर्च प्रतिशत		
	चालू	पूँजीगत	जम्मा	चालू	पूँजीगत	जम्मा	चालू	पूँजीगत	जम्मा
२०७४/७५	४३९३०३	५८११९७	१०२०५००	१२२६७५	१११६४९	२३४३२४	२७.९२	१९.२१	२२.९६
२०७५/७६	६२१६६१७	२२०६६२११	२८२८२८२८	४६०११००	५४१५२४२	१००१६३४२	७४.०१	२४.५४	३५.४१
२०७६/७७	१३०५९६५३	२१२९३७७२	३४३५३४२५	७३४४९३१	९५३५२७३	१६८८०२०४	५६.२४	४४.७८	४९.१४
२०७७/७८	१४६७२२३२	१९०६९१२१	३३७४१३५३	८४७६७०८	१४२७५२७२	२२७५१९८०	५७.७७	७४.८६	६७.४३
२०७८/७९	१४८९२७२३	२१६५३९१३	३६५४६६३६	९०९३६६६	१५१८८२०४	२४२८१८७०	६१.०६	७०.१४	६६.४४
जम्माः	**४९२८०५२८**	**८४६६४२१४**	**१३३९४४७४२**	**२९६३९०८०**	**४४५२५६४०**	**७४१६४७२०**	**६०.१४**	**५२.५९**	**५५.३७**

प्रदेश सरकार तथा अन्तर्गतको कार्यालय संचालनको लागि चालुतर्फ रू. ४९ अर्ब २८ करोड ५ लाख २८ हजार र पूँजीगत तर्फ रू.८४ अर्ब ६६ करोड ४२ लाख १४ हजार गरी जम्मा रू.१ खर्ब ३३ अर्ब ९४ करोड ४७ लाख ४२ हजार विनियोजन भएकोमा चालु तर्फ रू. २९ अर्ब ६३ करोड ९० लाख ८० हजार र पूँजीगत तर्फ रू.४४ अर्ब ५२ करोड ५६ लाख ४० हजार गरी जम्मा रू.७४ अर्ब १६ करोड ४७ लाख २० हजार खर्च गरेको देखिन्छ। प्रदेश सरकारले चालु खर्चतर्फ औषतमा ६०.१४ प्रतिशत र पूँजीगत खर्च तर्फ ५२.५९ प्रतिशत र समग्रमा ५५.३७ प्रतिशत खर्च लेखेको देखियो। उल्लेखित तालिका बमोजिम प्रदेश सरकारको बजेट कार्यान्वयन दक्षतामा कमि देखिएकोले यसमा सुधार हुनु जरुरी छ ।



२. **आन्तरिक राजस्व परिचालन** – प्रदेश सरकारबाट विगत ५ वर्षमा राजश्व तर्फ निम्नानुसार लक्ष्य राखी असुली भएको छ ।

(रू. हजारमा)

आर्थिक वर्ष	राजश्व लक्ष्य		असुली		असुली प्रतिशत	
	राजश्व बाँडफाँटबाट प्राप्त रकम	प्रदेशको आन्तरिक आय	राजश्व बाँडफाँटबाट प्राप्त रकम	प्रदेशको आन्तरिक आय	राजश्व बाँडफाँटबाट प्राप्त रकम	प्रदेशको आन्तरिक आय
२०७४।७५	०	०	०	०	०	०
२०७५।७६	०	०	३१६७४५५	७०३९९	०	०
२०७६।७७	७४४४३००	२७८४४१	५१३०२५१	९१४५७	६८.९२	३२.८५
२०७७।७८	७३९५६००	३००६५३	६२७१३४७	६३९४९२	८४.८	२१२.७
२०७८।७९	७४४७७००	६०००००	७९७४६१६	६६०८२०	१०७.०७	११०.१४
जम्मा	**२२२८७६००**	**११७९०९४**	**२२५४३६६९**	**१४६२१६८**	**१०१.१५**	**१२४.०१**

प्रदेश सरकारले ५ वर्षको अवधिमा राजश्व बाँडफाँटबाट प्राप्त रकम रू.२२ अर्ब २८ करोड ७६ लाख लक्ष्य राखेकोमा रू.२२ अर्ब ५४ करोड ३६ लाख ६९ हजार असुली गरेको छ । यसरी राजश्व असुली लक्ष्यको १०१.१५ प्रतिशत रहेको देखिन्छ । त्यस्तै प्रदेशको आन्तरिक आयतर्फ रू.१ अर्ब १७ करोड ९० लाख ९४ हजार लक्ष्य राखेकोमा रू.१ अर्ब ४६ करोड २१ लाख ६८ हजार असुली गरेको छ । प्रदेशको खर्चको तुलनामा आन्तरिक आय अत्यन्त न्यून देखिएकोले राजश्वको क्षेत्रहरूको विस्तार गर्नुपर्दछ ।

३. **लेखापरीक्षणको समष्टिगत स्थिति -** कर्णाली प्रदेश सरकारको विगत ५ वर्षमा देहाय बमोजिमका सरकारी कार्यालयको रू.१ खर्ब ५ अर्ब ९० करोड ६७ लाख ४४ हजारको र समिति तथा अन्य संस्थाको रू.५ अर्ब ९० करोड ३४ लाख ८१ करोड गरी जम्मा रू.१ खर्ब ११ अर्ब ८१ करोड २ लाख २५ हजारको लेखापरीक्षण गरिएको छ ।

(रू. हजारमा)

आर्थिक वर्ष	संख्या			लेखापरीक्षण रकम		
	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा
२०७४।७५	१०	०	१०	२३७८५२	०	२३७८५२
२०७५।७६	१२४	१०	१३४	१७८६९७९४	११३५१५०	१९००४९४४
२०७६।७७	११८	१०	१२८	२३०९१३१०	३४८२५०	२३४३९५६०
२०७७।७८	१४१	१०	१५१	३०४३७३४६	६५१६९०	३१०८९०३६
२०७८।७९	१६५	१०	१७५	३४२७०४४२	३७६८३९१	३८०३८८३३
जम्मा				**१०५९०६७४४**	**५९०३४८१**	**१११८१०२२५**

४. **अद्यावधिक बेरुजु स्थिति** –कर्णाली प्रदेश अन्तर्गत प्रदेश कार्यालयतर्फको विगत ५ वर्षको लेखापरीक्षण र बेरुजु अंकको विवरण निम्नानुसार रहेको छः

(रू. हजारमा)

वर्ष	लेखापरीक्षण अंक	गत वर्ष सम्मको बेरुजु	फर्स्यौट/सम्परीक्षण	यो वर्षको थप बेरुजु	अद्यावधिक बेरुजु
२०७४।७५	२३७८५२	०	०	१७७	१७७
२०७५।७६	१९००४९४४	१७७	०	५१६९९३	५१७१७०
२०७६।७७	२३४३९५६०	५१७१७०	४०४०२	८३४७८१	१३११५४९
२०७७।७८	३१०८९०३६	१३११५४९	११४६२८	१६०१८०९	२७९८७३०

२०७८।७९	३८०३८८३३	२७९८७३०	१४३६४७	१६८८४०२	४३४३४८५

मन्त्रालय र मातहतको ५ वर्षमा रू.४ अर्ब ४८ करोड ७१ लाख ३२ हजार बेरुजू बाँकी रहेको छ । बेरुजू फर्स्यौंट कार्यमा तदारुकता ल्याई आर्थिक अनुशासन पालना गर्नुपर्दछ ।



५. **प्रदेश सरकारको उपलब्धी** - प्रदेश सरकारले विगत ५ वर्षमा ५३ विधेयक संसदबाट पारित गरेको, प्रदेशको नामाकरण गरी स्थायी राजधानी तोकेको, प्रदेश योजना आयोग गठन गरी प्रदेश स्तरीय योजना निर्माण गरेको, प्रथम पञ्चवर्षीय योजना निर्माण गरेको, बालिकाहरूको कम्तिमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न "बैंक खाता छोरीको: सुरक्षा जीवन भरीको" कार्यक्रम सञ्चालन गरेको, प्रदेश लोक सेवा आयोगको स्थापना गरी कर्मचारी पदपूर्तीको सुरुवात लगायतका कार्य गरेको छ ।

६. **प्रदेश सरकारको कार्यसम्पादनमा सहजता ल्याउन गर्नुपर्ने सुधार** - सार्वजनिक जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनको माध्यमबाट प्रदेश सरकारको कार्यसम्पादनमा सुधार ल्याउन प्रदेश सरकारको एकचक्र पुरा भइसकेको छ । तथापि स्रोत साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै सुशासनयुक्त प्रदेश सरकार बनाउन नीति निर्माण, वित्तीय व्यवस्थापन आयोजना सञ्चालन, सार्वजनिक कानूनको परिपालना गरी खरिद र खर्च व्यवस्थापन, परामर्शदाता माथिको निर्भरता न्यून गर्ने, मापदण्डमा आधारित अनुदान वितरण, सार्वजनिक सम्पत्तिको उचित अभिलेख परिचालन एवं व्यवस्थापन, कार्यबोझको आधारमा संगठनात्मक संरचना र दरबन्दी व्यवस्थापन गरेर सेवा प्रवाहमा सरलीकरण, निर्मित संरचनाको गुणस्तर र टिकाउपना कायम गर्दै प्रतिवेदन र अनुगमनमा जवाफदेहिपना ल्याई समग्र प्रदेश सरकार सञ्चालन एवं व्यवस्थापन गर्नु जरुरी छ ।

मन्त्रालय र निकायगत व्यहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश सभाको स्थापना भएको छ । प्रदेशमा पहिलो हुने निर्वाचनबाट निर्वाचित २४ र समानुपातिकबाट १६ गरी जम्मा ४० सदस्य भएको प्रदेश सभा गठन भएको छ। प्रदेश सभाको काम कारबाही सञ्चालन र व्यवस्थापन गर्न संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भई सञ्चालनमा रहेको छ ।

यो वर्ष विनियोजन रू.११ करोड ९६ लाख ९२ हजार, राजस्व रू.५ लाख ९० हजार, धरौटी रू.३ लाख ८६ हजार र अन्य कारोवार रू.४२ लाख ४६ हजार समेत रू.१२ करोड ४९ लाख १४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् :

१. **कानुन निर्माण -** सभाको प्रमुख कार्य सरकार निर्माणको अतिरिक्त प्रादेशिक कानुन बनाउने, सरकारको काम कारवाहीको निगरानी गर्ने र प्रादेशिक जनसरोकारका विषयमा प्रदेश सभामा छलफल गर्ने रहेको छ । प्रदेश सभाले संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा पनि कानुन बनाउनु पर्ने हुन्छ । प्रदेश सभा गठन पश्चात् सभामा २०७९/०३/३१ सम्म ८३ विधेयक दर्ता भएकोमा ५३ विधेयक प्रमाणीकरण भएको, ६ विधेयक विषयगत समितिमा पठाएको, ३ विधेयक दर्ता भई टेबुल हुन बाँकी, २ विधेयक टेबुल भई कारवाही प्रक्रियामा रहेको, ८ विधेयक फिर्ता पठाएको, ३ विधेयक निस्क्रिय र ८ सभाबाट स्वीकृत भएको छ । एकल र साझा अधिकारका सबै विषयमा कानुन बनाई प्रदेश सरकारले सम्पादन गरेको कार्यको कार्यान्वयन अवस्था प्रदेश सभा/संसदीय समितिमा छलफल गरी निर्देशन दिनुपर्दछ ।

२. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका बिषयलाई बजेटमा समावेस गर्नुपर्नेमा सबै विषय बजेटमा समावेस गरेको छैन । प्रदेश सरकारले सञ्चालन गरेका योजनाको अनुगमन प्रदेश सभाको योजना अनुगमन समितिबाट गर्ने र प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उल्लेख भएकोमा सोको लागि बजेटको व्यवस्था गरेको छैन । बजेटको व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३. **संसदीय समिति -** प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ मा ५ समिति रहेका छन् । यो वर्ष कार्य व्यवस्था परामर्श समितिको १४४, सामाजिक विकास समितिको १२४, अर्थ तथा प्राकृतिक स्रोत समितिको ८२, सार्वजनिक लेखा समितिको ७३ र विधायन तथा प्रदेश मामिला समितिको ६६ समेत ४८९ पटक बैठक वसी सरकारका गतिविधिमा निगरानी एवं निर्देशन दिएकोमा सो को कार्यान्वयन अवस्थाको अभिलेखीकरण गरी प्रतिवेदन प्रकाशन गरेको छैन । समितिले दिएका निर्देशनको कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्दछ ।

४. **वार्षिक प्रतिवेदन -** प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ मा सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको प्रतिवेदनमा छलफल गरी कार्यान्वयन गराउने कार्य क्षेत्र तोकिएको छ । महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गर्नुभएको ४ आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन मध्ये दोश्रो र तेश्रो प्रतिवेदनमा आंशिक छलफल भएतापनि पहिलो र चौथो वार्षिक प्रतिवेदन लेखा समितिमा छलफल भएको छैन । लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** सचिवालयको यो वर्ष लगती बेरूजु देखिएको छैन ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालयको कार्य क्षेत्रमा प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने कार्य रहेका छन्।

यो वर्ष कार्यालय समेत ३ निकायको विनियोजन रू.२ अर्ब ७७ करोड १ लाख १४ हजार, राजस्व रू.३ लाख ७३ हजार, धरौटी रू.१३ लाख ९१ हजार र अन्य कारोबार रू.६ करोड ८३ हजार समेत जम्मा रू.२ अर्ब ८३ करोड १९ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन, सञ्चार, भ्रष्टाचार नियन्त्रण, संघ र स्थानीय तहसँगको सम्पर्क र समन्वय लगायतका कार्य जिम्मेवारी तोकिएको छ । प्रदेश मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन र अनुगमन, प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन, प्रदेशस्तरीय मानव संशाधन विकास, प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन, प्रदेशस्तरका आयोग तथा निकायको गठन एवं सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवं सेवा सुविधासम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन लगायतका कार्य पुर्णरूपले सम्पन्न नभएकाले स्रोत साधन व्यवस्थापन गरी जिम्मेवारी अनुरूप कार्य सम्पन्न गर्नुपर्दछ।

२. **संगठन र कर्मचारी व्यवस्थापन -** सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षणका आधारमा दरबन्दी कायम गरिनुपर्दछ । प्रदेश सरकारबाट प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालय १२ समेतको मातहत १९१ कार्यालयमा २ हजार ८४८ दरबन्दी कायम भएको छ । स्वीकृत दरबन्दी मध्ये समायोजनबाट १६१२, कामकाजमा खटाएको ७१ र करारमा २७३ समेत १९५६ पदपूर्ति भई ८९२ पद रिक्त रहेको छ । दरबन्दी बमोजिम पदपूर्ति गरी सेवाप्रवाह चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

३. **गुरूयोजना -** प्रदेश सरकारले उपलव्ध स्रोत साधन अधिकतम उपयोगका लागि गुरूयोजना बनाई लागू गर्नुपर्दछ । संघीय सरकारको समन्वयमा प्रदेश राजधानी तथा जिल्लाको लागि आवश्यक जग्गा तथा पूर्वाधारको आँकलन गरी निर्माण एवं व्यवस्थापनको लागि गुरूयोजना बनाएको छैन । प्रदेश सरकारको मन्त्रालय थपघट गर्ने, आयुर्वेद कार्यालय लगायतका कार्यालयहरू स्थापना एवं गाभ्ने जस्ता संगठन सञ्चालनमा समेत अस्थिरता देखिएको छ । प्रदेश सरकार सञ्चालन नियमावली विपरीत पटके निर्णयको आधारमा कार्यसम्पादन गर्ने गरेको छ । प्रदेश सरकारको स्रोतसाधन परिचालन, जग्गा व्यवस्थापन एवं पूर्वाधारको गुरूयोजना तर्जुमा गरी सोही अनुसार नीति बनाई कार्यसम्पादन प्रक्रिया अगाडि बढाउनुपर्दछ।

४. **सेवा प्रवाह -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने उल्लेख भएकोमा सोको कार्यविधि स्वीकृत भएको देखिएन । वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर देखिएको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य मन्त्रालयहरूले सार्वजनिक सेवाको

न्यूनतम मापदण्ड निर्धारण गरी सेवा प्रवाहलाई नियमित तथा व्यवस्थित नगरेको, नीति मापदण्ड एवं कार्यविधि निर्माणको कार्य वाँकी रहेको एवं सेवाग्राही सन्तुष्टि मापन तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको कारण प्रदेश सरकारको सेवा प्रवाह प्रभावकारी देखिएको छैन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

५. **मापदण्ड बेगर सुविधा** - कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १३ मा मुख्यमन्त्री र मन्त्रीको काममा सहयोग गर्न प्रदेश सरकारले विज्ञ नियुक्त गर्न सक्ने र नियुक्त विज्ञको संख्या र त्यस्तो विज्ञले पाउने सुविधा प्रदेश सरकारले तोके बमोजिम हुने व्यवस्था छ । शैक्षिक योग्यता लगायतको मापदण्ड तयार नगरी प्रेस, राजनीतिक, जनसम्पर्क सल्लाहकार र समन्वय विज्ञ नियुक्त गरी रू.१४ लाख २८ हजार पारिश्रमिक, आवास, ईन्धन, संचार र पोशाक सुविधामा खर्च लेखेको छ । यस्ता पदको आवश्यकता, संख्या एवं बिशेषज्ञता, शैक्षिक योग्यता लगायतको मापदण्ड तयार गरी खर्च गर्नुपर्दछ ।

६. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४५ सम्म विभिन्न पदाधिकारीको काम, कर्तव्य, अधिकार र जिम्मेवारी तोकिए बमोजिम हुने, सरकारी नगदी, जिन्सी दुरूपयोग एवं मस्यौंट भएमा कारवाही गरिने, जवाफदेही वहन गर्नुपर्ने र वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने जस्ता वित्तीय जिम्मेवारी र जवाफहिता उल्लेख गरिएको छ । कार्यालयले तोकिएका फारामहरू प्रयोग गरी वित्तीय प्रतिवेदन तयार नगरेको, सम्पतिहरूको अभिलेख व्यवस्थित गरी उपयोग नगरेको, कोषको परिचालन प्रभावकारी नरहेको अवस्था छ । प्रदेश अन्तर्गतका कार्यालयहरूले वित्तीय जिम्मेवारी एवं जवाफदेहिता अभिवृद्धिका लागि उल्लेखनीय कार्य गरेको छैन । वित्तीय जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु / गराउनुपर्दछ ।

७. **समन्वय परिषद्** - संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४(१) मा प्रदेश र स्थानीय तहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तर सम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको संयोजकत्वमा समन्वय परिषद् रहने व्यवस्था छ । परिषद्को २०७८ माघ १२ मा बसेको बैठकले प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन योग्य आयोजनाहरूको आयोजना बैङ्क तयार गरी सो बैङ्कमा समावेश भएका आयोजना कार्यान्वयन गर्ने, आयोजना छनौट तथा कार्यान्वयनमा दोहोरोपना हटाउने, आयोजनाहरूबीच तादात्म्यता र सामञ्जस्यता कायम गर्ने, प्रदेश सरकारबाट पठाएका तथा दोहोरो परेका साथै असान्दर्भिक देखिएका एवं बजेट र आयोजनाबीच तालमेल नभएका आयोजनाहरूको सूची तयार गरी सुधारको शुरूवात गर्ने, प्रदेश र स्थानीय तहबीच आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रभावकारिताका लागि वार्षिक समीक्षा गर्ने लगायत दीर्घकालीन असर देखिने नीतिगत विषय सुधारका निर्णय भएपनि बजेट विनियोजन, योजना बाँडफाँट तथा कार्यक्रम कार्यान्वयनमा सुधार भएको देखिएन ।

स्थानीय तहको विषयगत शाखा र प्रदेश सरकारको जिल्लास्थित विषयगत कार्यालयबीच आयोजना कार्यान्वयनमा प्रभावकारी समन्वय गर्ने निर्णय भएपनि कृषि, सिंचाइ, शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रममा बहु - निकायबाट खर्च भएको छ । महत्वपूर्ण र दीर्घकालीन सुधारको लागि समन्वय परिषद्बाट भएका निर्णयहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

८. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारको यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा मुख्यमन्त्री रोजगार कार्यक्रमका माध्यमबाट कृषि तथा उद्योग व्यवसायमा किसान तथा युवा उद्यमीलाई प्रोत्साहन गरी स्वरोजगार कार्यक्रमलाई अघि बढाउनका लागि समूह सहकारी एवं उत्पादन समूह सहित आम जनताको सहभागितामा समृद्धिका लागि श्रमसहितको रोजगारी कार्यक्रम सञ्चालन गर्ने, प्रदेश सरकारले व्याज व्यहोर्ने गरी गरिब, बिपन्न तथा दलित समुदाय, भूमिहीन तथा बेरोजगार परिवारलाई परम्परागत तथा आधुनिक सीपमा आधारित रोजगारी सिर्जना गर्न सहुलियतपूर्ण विशेष कर्जा उपलव्ध गराउने, गरिवी तथा बेरोजगारी अन्त्यका लागि स्थानीय बैक तथा वित्तीय संस्थाहरूबाट सहुलियतपूर्ण कर्जामार्फत् समूह तथा सहकारी संघ संस्थामा आवद्ध परिवारलाई व्याज अनुदान दिने लगायतका कार्यक्रम उल्लेख भएकोमा कार्यक्रम कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेख भएका विषयहरू कार्यान्वयन गर्नुपर्दछ ।

९. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य (२०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतका लागि विभिन्न मार्गदर्शनहरू उपलब्ध गराएको छ । प्रदेश स्तरमा दिगो विकास लक्ष्य कार्यान्वयनका लागि निर्देशक समिति तथा समन्वय समिति गठन भएको छैन । प्रदेश सरकारले दिगो विकास लक्ष्य अन्तर्गतको शान्ति, न्यायपूर्ण समाज तथा सुशासन प्रवर्द्धन र दिगो विकासको लागि साझेदारीमा बजेट विनियोजन गरेको छैन । दिगो विकास लक्ष्य प्राप्तिका लागि संस्थागत व्यवस्था गरी प्रादेशिक नीति तथा कार्यक्रममा लक्ष्यको तादात्म्यता मिलाई सुशासन प्रवर्द्धन र सरकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी निर्माणमा प्रदेशको भूमिका स्पष्ट हुनुपर्दछ । राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकलाई सम्बोधन हुने गरी प्रादेशिक तथा स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरू तोकी सोही अनुसार संस्थागत प्रबन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीलाई स्वचालित, व्यवस्थित र नियमित बनाउनुपर्दछ ।

१०. **मानव संशाधन कार्य योजना -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा प्रदेश अन्तर्गतका मानव विकास गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई तोकिएको छ । प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेश स्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन परीक्षण, प्रदेशस्तरमा सार्वजनिक सेवा प्रवाहको न्यूनतम मापदण्ड निर्धारण र सोको अनुगमन एवं स्थानीय तहका कर्मचारी र कार्यालयको व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा लगायतका कार्य हुन सकेको छैन। मानव संशाधन विकास तथा परिचालन कार्ययोजना बनाई सो को प्रभावकारी कार्यान्वयन मार्फत् तोकिएको कार्य जिम्मेवारी कार्यान्वयन गर्नुपर्दछ ।

११. **तालिम कार्यक्रम** - कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम प्रदेश सरकारका निकायहरूले तालिम, गोष्ठी, सेमिनार सञ्चालन गर्नुपर्दछ । प्रदेश अन्तर्गतका निकायहरूले तालिम, गोष्ठी, सेमिनारमा गरेको खर्चमा एकरूपता छैन । श्रम, शिक्षा, कृषि, पशु, युवा, सहकारी लगायतका विषयमा सरोकारवालालाई दिने तालिम कार्यक्रममा मानव संसाधन विकास केन्द्र, प्रदेश सुशासन केन्द्र, सामाजिक विकास मन्त्रालय, प्रदेश आयोजना कार्यान्वयन इकाई लगायतले फरक फरक मापदण्ड कायम गरी खर्च गरेका छन । कार्यक्षेत्र तथा विशेषज्ञताका आधारमा तालिम कार्यक्रमको मापदण्ड बनाई एकीकृत तालिम केन्द्र स्थापना गरी तालिमको आवश्यकता पहिचान देखि सीप परीक्षणमार्फत् तालिम कार्यक्रमको प्रभावकारिता अभिबृद्धि गर्नुपर्दछ ।

१२. **अवण्डा बजेट -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६(२) मा विनियोजन ऐनले छुट्याएको रकम एक भन्दा बढी निकायलाई बाँडफाँट गरी सम्बन्धित कार्यालयलाई जानकारी दिनुपर्ने, एकपटक बाँडफाँट गरिसकेपछि पटक पटक बाँडफाँट गर्न नपाईने व्यवस्था छ । प्रदेश विशेष कार्यक्रमको लागि रू.३ अर्ब ५९ करोड ७७ लाख ९१ हजार शुरू बजेट विनियोजन गरेकोमा रू.२७ करोड २९ लाख ७८ हजार अबण्डा स्वीकृत गरेको छ । कार्यक्रम अनुसार विनियोजन नगरी पुँजीगत शीर्षकमा पटके निर्णयबाट खर्च गर्ने गरी छुट्टयाइएको रकम खर्च भएको छैन । प्रदेश सुशासन केन्द्रका लागि विनियोजन गरिएको रू.२ करोड ६० लाख प्रदेश समन्वय परिषद्को २०७८ असोज ४ को निर्णयले १६ स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरूको अनुशिक्षण कार्यक्रममा खर्च गरेको छ । सहुलियतपूर्ण ऋण अनुदान कार्यक्रममा रू.१ अर्ब बजेट विनियोजन भएकोमा कर्णाली उज्यालो कार्यक्रमका लागि रू.५० करोड र एकीकृत वस्ती विकास कार्यक्रममा रू.३० करोड रकमान्तर गरी स्थानीय तह मार्फत् खर्च गरेको छ भने रू.२० करोड बजेट समर्पण गरिएको छ । कानुनी व्यवस्था अनुसार बजेट बाँडफाँट गरी अबण्डा बजेट उपर नियन्त्रण गर्नुपर्दछ ।

१३. **व्यवस्थापन परीक्षण -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश अन्तर्गतका निकायहरूको व्यवस्थापन परीक्षण गर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष जुम्ला र सल्यान जिल्लाका चार कार्यालयको व्यवस्थापन परीक्षण गरेकोमा परीक्षणबाट देखिएका व्यहोरा कार्यान्वयन गरे/नगरेको सम्बन्धमा अनुगमन सहितको अभिलेख राखेकको छैन । व्यवस्थापन परीक्षण मार्फत् सेवा प्रवाह नतिजाको प्रभाव मूल्याङ्कन गरी सुधारका उपाय अवलम्बन गर्न सहयोग पुग्ने हुँदा स्पष्ट मापदण्ड र कार्यविधि बनाई व्यवस्थापन परीक्षण गर्नुपर्दछ ।

१४. **बिद्युतीय शासन व्यवस्था** - प्रदेश सरकारको नीति तथा कार्यक्रममा सार्वजनिक प्रशासनमा नयाँ प्रविधिको प्रयोगलाई बढावा दिन विद्युतीय सुशासन गुरूयोजना तर्जुमामार्फत् स्वचालित कार्य प्रणाली अवलम्वन गरी अनलाइन माध्यमबाट सेवा प्रबाह गर्न आवश्यक पूर्वाधार तयार गर्ने उल्लेख छ । कार्यालय र मातहतका निकायले आफ्नो कार्यालयको कार्यसम्पादन अवस्था, जिम्मेवार पदाधिकारी र जनसम्पर्कको अवस्था खुलाई वेभ पेज अद्यावधिक गर्नुपर्नेमा अधिकांशले वेभ पेज नखोलेको, खोलेकोमा पनि एकरूपता र अद्यावधिक गरेका छैनन् । सरकारी वेभ पेजको ढाँचामा एकरूपता र सामञ्जस्यीकरण गरी सूचना प्रविधिबाट नागरिक मैत्री सेवा प्रवाह सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१५. **अनुगमन मूल्याङ्कन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकारको नीति कार्यान्वयन, अनुगमन र मूल्याङ्कन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन र मूल्याङ्कन गर्ने काम यस कार्यालयलाई तोकिएको छ । यो वर्ष १८ पटक ७३ आयोजनाको अनुगमन गरेकोमा आयोजनाको अवस्था देखिने गरी प्रतिवेदन तयार गरेको छैन । त्यसैगरी कार्यालयले अनुगमन मूल्याङ्कनको सूचकाङ्क तयार गरी नीति तथा कार्यक्रम कार्यान्वनयको अनुगमन/मूल्याङ्कन अभिलेख तयार गरेको छैन । प्रादेशिक लक्ष्य, गन्तव्य र सूचकको प्रभावकारी कार्यान्वनको लागि प्रादेशिक अनुगमन तथा मूल्याङ्कन प्रणाली, तथ्याङ्क व्यवस्थापन प्रणाली र प्रतिवेदन प्रणालीको विकास गरी अनुगमन तथा प्रतिवेदन प्रणालीलाई स्वचालित, व्यवस्थित र नियमित बनाउनुपर्दछ ।

१६. **वार्षिक प्रगति -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २६ मा स्वीकृत भएको कार्यक्रमको अनुसूची-३ बमोजिम चौमासिक प्रगति विवरण बनाई समीक्षा गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयबाट नियमित गरिने प्रशासनिक कार्य लगायत मानव अधिकार तथा कानुनी सचेतना कार्यक्रम, दिवा शिशु स्याहार केन्द्र स्थापना, स्थानीय पदाधिकारीहरूसँग अन्तरक्रिया, लोक सेवा आयोग तयारी कक्षा जस्ता साना कार्यक्रम देखि मुख्यमन्त्री रोजगार, कर्णाली उज्यालो, एकीकृत वस्ती विकास, मुख्यमन्त्री जीविकोपार्जन, मुख्यमन्त्री महिला आयआर्जन, मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम जस्ता प्रदेश विशेष कार्यक्रम सञ्चालन गरेकोमा सो को वार्षिक प्रतिवेदन तयार गरेको छैन । कार्यालय र अन्तर्गत निकायबाट सञ्चालित समग्र कार्यक्रमको भौतिक एवं वित्तीय प्रगति तयार गरी समीक्षा गर्नुपर्दछ।

१७. **मुख्यमन्त्री रोजगार कार्यक्रम** - मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ अनुसार कार्यक्रम सञ्चालनका लागि यो वर्ष विनियोजन बजेट रू.१ अर्ब ४९ करोड ९८ लाख ५१ हजार मध्ये रू.१ अर्ब २८ करोड ४६ लाख २ हजार स्थानीय तह मार्फत् खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१७.१ स्थानीय तहका सूचीकृत वेरोजगारलाई न्यूनतम रोजगारी एवं सामुदायिक पूर्वाधारको विकासमार्फत् नागरिकको जीवनस्तरमा सुधार ल्याउन संघीय सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेको छ । प्रदेश सरकारले मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रमको लागि रू.२४ करोड ५५ लाख, मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रमका लागि रू.१७ करोड ३३ लाख १५ हजार, मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रमका लागि रू.१४ करोड ८८ लाख बजेट विनियोजन गरी रोजगार मुलक कार्यक्रम सञ्चालन भएको अवस्था छ । प्रदेश अन्तर्गतका बेरोजगारको तथ्याङ्क यकिन नगरी विभिन्न स्वरूपबाट एकै प्रकृतिका कार्यक्रम निरन्तर सञ्चालन भएतापनि कार्यक्रमको उपलब्धि हेर्दा हालसम्म परिणाम योग्य उपलब्धि देखिएको छैन । संघीय कार्यक्रमसँग समानान्तर हुनेगरी सञ्चालित कार्यक्रमबाट प्राप्त उपलब्धि र दीर्घकालीन व्यय समेत विचार गरी कार्यक्रम सञ्चालन मोडेल लगायत कृयाकलापमा पुनर्बिचार गर्नुपर्ने देखिएको छ ।

१७.२ कार्यक्रमबाट ९ लाख १७ हजार रोजगारी सिर्जना भएको, प्रदेश अन्तर्गतका ७१५ वडामा १ हजार ५५ आयोजना कार्यान्वयन भएको उल्लेख गरेको छ । वेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति दिने राज्यको नीति रहेकोमा बेरोजगारको तथ्याङ्क व्यवस्थित नगरेको, उपभोक्ता समितिमार्फत् सुविधा उपलव्ध गराएको, पूर्वाधार एवं अन्य विकास निर्माणका कार्यभन्दा लगानी एवं उत्पादन वृद्धि नहुने मर्मत संभार प्रकृतिका कार्यमा खर्च गरेको छ । कार्यक्रमबाट अल्पकालमा केही आय प्राप्त भए पनि रोजगारी, कामको दिगोपना र दीर्घकालीन रूपमा स्वरोजगारी तथा आय वृद्धि हुने अवस्था देखिदैन। पूर्वाधार निर्माणमा प्राथमिकता दिनुपर्नेमा स्थानीय तहहरूले वितरणमूखी कार्यक्रम सञ्चालन गरेका छन्। लगानी र रोजगारी एवं जीवनस्तरमा आएको सुधार मूल्याङ्कन गरी दिगो रोजगारी सिर्जना हुने गरी कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ ।

१७.३ कार्यक्रमका लागि स्थानीय तहलाई निकासा दिएकोमा स्थानीय तहहरूले यस्ता कार्यक्रमको अनुगमन मूल्याङ्कन गरेका छैनन् । तोकिएको दर पालना नगरेको, ज्याला तथा खरिद अनुपात भिडान नभएको, योजना छनौट पारदर्शी र विवाद रहित नरहेको, श्रमिकको खातामा जम्मा गर्नुपर्ने रकम श्रम समितिको खातामा एकमुष्ट पठाउने गरेको लगायतका व्यहोरा लेखापरीक्षणबाट औल्याइए पनि अनुगमन भएको छैन ।

साथै दलित आयआर्जन कार्यक्रमबाट सुन पसल संचालकलाई समेत अनुदान दिएको देखियो । अनुदान मापदण्ड छनौट र खर्च रकमको नियमितता सम्बन्धमा अनुगमन गरी कार्यक्रमको उद्धेश्य र उपलब्धि बिश्लेषण गर्ने गरेको छैन । कार्यक्रमको कार्यक्षेत्र ७९ पालिकाको ७१८ वडा भएकोले एकीकृत आयोजना अनुगमन प्रणाली अवलम्वन गरी कार्यक्रम कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन गर्नुपर्दछ।

प्रदेश सुशासन केन्द्र

नेपालको प्रशासनिक पुर्नसंचरनाको क्रममा नेपाल सरकारको २०७६।६।९ को निर्णय अनुसार कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने गरी प्रदेश सुशासन केन्द्रको स्थापना भएको हो। कर्मचारी तथा जनप्रतिनिधिको लागि तालिमको आवश्यकता पहिचान देखि तालिमका ढाँचा तयारी, सिफारिस, कार्यान्वयन, अनुगमन, अनुसन्धान र प्रगतिको अभिलेखीकरण कार्य गर्नु यस निकायको प्रमुख उद्देश्य रहेको छ।

१८. **संगठन संरचना र दरवन्दी -** सार्वजनिक निकायले कार्य प्रकृति अनुसार कर्मचारी व्यवस्थापन गरी कार्यालयको उद्देश्य प्राप्ति गर्नुपर्दछ । केन्द्र स्थापना भएको तीन वर्षसम्म दरवन्दी स्वीकृत भएको छैन । जनशक्ति व्यवस्थापन गर्ने कार्य ढिलाई हुँदा प्रदेशको सेवा प्रवाह प्रभावकारी देखिएको छैन। दरवन्दी स्वीकृत गरी पदपूर्ति गर्नुपर्दछ ।

१९. **क्षमता विकास -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७०(२) मा सार्वजनिक निकायले रू.२० लाख भन्दा बढी रू.१५ करोडसम्म लागत अनुमान भएको परामर्श सेवा खरिद गर्नुपरेमा राष्ट्रियस्तरको आशयपत्र दाताबीच प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नुपर्ने तथा परिच्छेद-६ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्न परामर्शदातासे कार्यक्षेत्रगत शर्त तयार गरी संक्षिप्त सूची मध्येबाट ३० दिनको समय दिई प्रस्ताव माग गर्नुपर्ने र परामर्शदाताको योग्यता र अनुभव समेतको आधारमा मूल्याङ्कन गरी छनौट गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको क्षमता विकास योजना निर्माण गर्न विभिन्न परामर्शदातालाई रू.१ करोड १४ लाख भुक्तानी गरेकोमा नियममा भएको व्यवस्था पालना नगरी परामर्शदाता छनौट गरेकोले उक्त खर्च नियमसम्मत देखिदैन ।

प्रादेशिक योजना कार्यान्वयन इकाई

स्थानीय तहको असल अभ्यासलाई विस्तार गरी सफल अभ्यासहरूलाई प्रदेश तथा संघीय तहमा स्तरोन्नती गर्ने र असफलताका पाठहरूबारे अन्य निकायलाई सूचित गर्नुका साथै स्थानीय तहको स्वामित्त्व वढाउन प्रोत्साहित गरी नव प्रवर्तनलाई स्थानीय, प्रदेश तथा संघीय एवं निजी क्षेत्रबीच सहकार्य र सहलगानी प्रवर्द्धन गर्ने उद्देश्यले २०७६।०७।१५ मा यस कार्यालयको स्थापना भएको हो । हाल नव प्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ स्वीकृत गरी स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालनमा रहेको छ ।

२०. **फोहोरलाई मोहोर कार्यक्रम** - नव प्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को नियम २ मा स्थानीय सुशासन, सेवा प्रवाह र स्थानीय आर्थिक विकासको क्षेत्रमा नवप्रवर्तनको प्रवेश वा प्रयोग हुने नवीन प्रकृतिका कामसँग सम्बन्धित हुनुपर्ने उल्लेख छ भने नियम २१ (झ) मा कोषको अनुदान रकमबाट फोहोरमैला व्यवस्थापनको पूर्वाधार, खानेपानीको पूर्वाधार लगायतको क्षेत्रमा खर्च गर्न नपाईने

उल्लेख छ । इकाई कार्यालयले यो वर्ष दुल्लु नगरपालिकाको "स्वच्छ नगरपालिका, स्वस्थ नागरिक र स्थानीय रोजगारीको लागि फोहोरलाई मोहोर" कार्यक्रमको रू.९ करोड ९ लाख ९८ हजारको प्रस्ताव स्वीकृत गरेको छ । उक्त प्रस्तावमा संस्थागत, सार्वजनिक र घरायसी फोहोर संकलनका लागि विन, बकेट खरिद गर्ने, ड्रम ट्रक खरिद, ल्याण्डफिल्ड साईट व्यवस्थापन, फोहोर प्रशोधन केन्द्र निर्माण लगायतका कार्यक्रम गर्ने र भैरवी गाउँपालिका, दुल्लु, चामुण्डा विन्द्रासैनी र नारायण नगरपालिकाको संयुक्त फोहोर व्यवस्थापन गर्ने उल्लेख छ । प्रस्ताव स्वीकृत गर्दा कार्यविधिको पालना गरेको छैन ।

नगरपालिकासँग २०७९।०१।१७ मा भएको सम्झौताको बुदा नं. ५.३ मा नगरपालिकाले साझेदारी लगानी गर्नुपर्ने उल्लेख भएकोमा नगरपालिकाको साझेदारी नभएको अवस्थामा पनि रू.१ करोड ४८ लाख निकासा गरेको छ । निकासा रकमबाट प्लाष्टिक विन खरिद गरेको छ । पालिकाबाट साझेदारी भएको नदेखिएकोले सम्झौता अनुसार कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

२१. **वायोग्यास प्लान्ट** - सार्वजनिक रकम खर्च गर्दा आवश्यक प्रक्रिया पुऱ्याई खर्च गर्नुपर्दछ । कर्णाली उज्यालो कार्यक्रममार्फत् एक व्यवसायीलाई संभाव्यता अध्ययन वेगर व्यक्तिगत जग्गा लिजमा लिई वायोग्यास स्थापना गरी ग्यास फिल्टर लगायतका मेसिन खरिद गर्न रू.१ करोड ७७ लाख ५४ हजार अनुदान दिएको छ । ग्यास प्लान्टमा प्रतिदिन ७२० के.जी. कच्चा पदार्थ उपलब्ध गराउन सके प्रतिदन ९ टन ग्यास उत्पादन हुने लक्ष्य राखेकोमा सोको कच्चा पदार्थको उपलव्धता तथा उत्पादित ग्यास खपतको व्यापार योजना तयार गरेको छैन । ग्यास प्लान्टको वातावरणीय प्रभाव मूल्याङ्कन, आयोजना बिस्तृत प्रतिवेदन पेस भएको छैन। दीर्घकालीन असर गर्ने रूपान्तरणकारी योजना संञ्चालन गर्ने जग्गा व्यवस्थापन, वैकल्पिक उर्जा संस्थासँगको समन्वय र बजारीकरण लगायत विस्तृत अध्ययन गरेर अगाडि बढ्न नसके योजना सफल हुने देखिदैन । आवश्यक समन्वय, व्यवस्थापन एवं अनुगमन गरी लगानीको प्रतिफल सुनिश्चित हुनुपर्दछ ।

२२. **गौशाला स्थापना** - प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत वीरेन्द्रनगर नगरपालिका भित्रका छाडा गाईवस्तु व्यवस्थापन गर्न रू.१ करोड बजेट व्यवस्था भई रू.९३ लाख १३ हजारमा भेरी पुल नजिक गौशाला निर्माण गरेको छ । गौशाला निर्माण पश्चात सञ्चालन गरिने, कार्य सञ्चालन मोडल, बजार व्यवस्थापन, खर्च व्यवस्थापन तथा दीर्घकालीन सञ्चालन योजना बनाएको छैन । उद्देश्य प्राप्तिको सुनिश्चितता गरी दीर्घकालीन सञ्चालन योजना वनाई लगानी उपयोग गर्नुपर्दछ ।

- **बेरूजुको स्थिति** - कार्यालय अन्तर्गत रू.८ लाख ५३ हजार बेरूजु देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची- ९** मा छ ।

- **पाँच वर्षको कार्य सम्पादन स्थिति** - कार्यालय अन्तर्गत आर्थिक वर्ष २०७४।०७५ देखि २०७८।०७९ सम्म यस मन्त्रालयको (५ वर्षको अवधिमा) कुल बजेट रू.१६ अर्व ५५ करोड १६ लाख २६ हजार रहेकोमा रू.८ अर्ब ६१ करोड ३९ लाख ८ हजार कुल खर्च भएको छ । उक्त खर्च मध्ये पूँजीगत खर्च रू.६ अर्ब ९३ करोड ८६ लाख २९ हजार र चालु खर्च रू.१ अर्ब ६७ करोड ५२ लाख ७० हजार रहेको छ । कुल खर्च मध्ये पूँजीगत खर्च ५८.५४ प्रतिशत र चालु खर्च ३५.६५ प्रतिशत रहेको छ । विगत ५ वर्षको औषत खर्च ५२.०४ प्रतिशत रहेको देखिन्छ ।

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार तोकिएका २३ जिम्मेवारी मध्ये ४३ विधेयक संसदबाट पारित गरेको, प्रदेशको नामाकरण गरी स्थायी राजधानी तोकेको, प्रदेश सुशासन

केन्द्रको स्थापना, प्रदेश मन्त्रालयहरूबीच समन्वय र सहकार्य, प्रदेश स्तरीय योजना निर्माण, कर्मचारी व्यवस्थापन लगायतका कार्य गरेको छ ।

नियमावली अनुसार प्रदेश मन्त्रिपरिषद् निर्णय कार्यान्वयनको अवस्थाको अनुगमन, मुल्याङ्कन नगरेको, मानव अधिकारको संरक्षण र प्रवर्द्धन, संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षिय र बहुपक्षिय स्तरमा भएका सन्धी, सम्झौता वा सम्झौता कार्यान्वयनको अभिलेखाङ्कन नगरेको, प्रदेश स्तरमा सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परिक्षण नै नगरेकोले दरवन्दी अनुसार पदपुर्ति हुन नसकेको, प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा संचालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन नगरेको, प्रादेशिक आयोजनाहरूको अनुगमन तथा मुल्याङ्कन गर्ने विद्युतीय प्रणालीको विकास गरी कार्यान्वयनमा नल्याएको, प्रदेशस्तरका आयोग तथा निकायको गठन एवं संचालन र पदाधिकारीहरूको नियुक्ति एवं सेवा सुविधासम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन नगरेको, प्रदेशको स्थायी राजधानी वीरेन्द्रनगर सुर्खेतमा भौतिक पूर्वाधार विकास निर्माणका कार्यमा उल्लेखनीय प्रगती नदेखिएको लगायतका समस्या रहेका छन् ।

नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू र प्रदेश सरकारले वार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औंल्याएका व्यहोराहरू विगत ५ वर्षको कार्य समिक्षा गरी आगामी दिनमा कार्य तालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड बनाउने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत २१ निकायको विनियोजन रू.२९ करोड ३३ लाख २ हजार, राजस्व रू.८ अर्ब १७ करोड ७७ लाख ९ हजार, धरौटी रू.१ करोड ७६ लाख ५५ हजार र अन्य कारोबार रू.१ करोड ९७ लाख ८७ हजार समेत रू.८ अर्ब ५० करोड ८४ लाख ५३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएको मुख्य ब्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले गर्नुपर्ने प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सह-वित्तीयकरण, प्रादेशिक वित्तीय सन्तुलन, आवधिक एवं क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयहरू प्रभावकारी देखिएको छैन । बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन, प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमनका काम मन्त्रालयले गरेको छैन । मन्त्रालयले कार्यको प्रकृति अनुसार कामको प्राथमिकता निर्धारण गरेको छैन । जिम्मेवारीमा रहेका कार्यहरूको सूची बनाई सोको कार्यतालिका तयार गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्दछ।

२. **नीति तथा बजेट कार्यान्वयन -** मन्त्रालयले नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ । प्रदेश सरकारका निकायहरूबाट सालबसाली खरिद हुने वस्तु तथा सेवा प्राप्तिलाई प्रतिस्पर्धी, पारदर्शी, मितव्ययी र प्रदेश अनुकूल बनाउन सेवाप्रदायकले प्रस्ताव गर्ने दररेटलाई विद्युतीय पोर्टलमा प्रविष्टि गर्ने, सूचना व्यवस्थापन प्रणाली विकास गरी सञ्चालनमा ल्याउने कार्यक्रम रहेकोमा बजेट व्यवस्था नभएकोले कार्यान्वयन भएको छैन । प्रदेशको समृद्धिमा टेवा पुऱ्याउने एवं उच्च प्रतिफल दिने फुकोट कर्णाली, जगदुल्ला, ताक्सुगाड जलविद्युत आयोजना र भेरी बबई डाइभर्सन आयोजनामा प्रदेश सरकारको शेयर लगानी गर्न रू.५० करोड छुट्याएको मध्ये जगदुल्ला जलविद्युत आयोजनामा रू.११ करोड ७१ लाख ५० हजार शेयर लगानी गरी बाँकी रकम खर्च गरेको छैन । प्रदेश महत्वका उच्च प्रतिफल दिने ठूला आयोजना पहिचान गरी ती आयोजनामा निजी, स्वदेशी तथा वैदेशिक लगानी आकर्षण गर्न उपयुक्त समयमा लगानी सम्मेलन आयोजना गर्न रू.४० लाख बजेट विनियोजन गरेकोमा सो कार्यक्रम कार्यान्वयन हुन सकेको छैन । नीति तथा बजेट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३. **आवधिक योजना -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(३) मा बजेट तर्जुमा गर्दा आवधिक योजनाको लक्ष्य तथा नीति अनुसार गर्नुपर्दछ । प्रदेशको आवधिक योजनाले अपुरा र अधुरा आयोजना सम्पन्न भएपछि मात्र नयाँ आयोजनामा लगानी गर्ने, लगानीको लागि उपयुक्त वातावरण निर्माण गर्ने, निजी क्षेत्रलाई प्रदेशका तुलनात्मक लाभका क्षेत्रमा लगानी बढाउन प्रोत्साहित गर्ने, प्राकृतिक स्रोत साधनमा आधारित उद्यम, आधारभूत उपभोग, व्यावसायीक कृषि जस्ता क्षेत्रहरूमा

सरकारको साझेदारी एवं नागरिकको शेयर लगानीमा वृद्धि गर्ने, भौतिक पूर्वाधार सहित विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रवर्द्धन केन्द्रको स्थापना गर्ने, वैदेशिक लगानीको सुरक्षाको प्रत्याभूति र कर छुटको व्यवस्था गर्ने, प्राथमिकताका आधारमा भौतिक पूर्वाधार, उत्पादनमूलक तथा रोजगारमूलक क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्ने, नयाँ प्रविधि भित्रिने लगानीलाई प्राथमिकता दिने लगायत रणनीति तथा कार्यनीति अबलम्बन गरेकोमा वार्षिक नीति तथा कार्यक्रमले समेटेको छैन । आवधिक योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रमहरू तर्जुमा गर्नुपर्दछ ।

४. **दिगो विकास लक्ष्य** - मन्त्रालयको कार्य क्षेत्रमा पर्ने दिगो विकास लक्ष्य ८ अन्तर्गत स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने तथा प्रतिव्यक्ति आर्थिक वृद्धिलाई कायम राख्ने उल्लेख गरेकोमा प्रदेशले प्रतिव्यक्ति आय मापन गरेको देखिएन । कुल गार्हस्थ्य उत्पादनको वृद्धिलाई कम्तीमा प्रतिवर्ष ७ प्रतिशत कायम राख्ने लक्ष्य लिएकोमा यस वर्षको कूल गार्हस्थ्य उत्पादन वृद्धि ४.३४ प्रतिशत रहेको छ । विविध प्रविधिको स्तरोन्नति र नवप्रवर्तनको माध्यमबाट माथिल्लो स्तरको आर्थिक उत्पादकत्व हासिल गर्ने कृयाकलाप सञ्चालन गर्न सकेको छैन। दिगो विकासको लक्ष्य अनुरूप नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्दछ ।

५. **रकमान्तर** - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(२) मा चालु बजेटबाट चालु खर्च शीर्षक र पुँजीगत बजेटबाट पुँजीगत खर्च शीर्षकमा जुन शीर्षकमा रकमान्तर गरिने हो सो को २५ प्रतिशत भन्दा बढी नहुने गरी सम्बन्धित सचिवले र सो भन्दा बढी रकम एक उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्न सक्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष विभिन्न मन्त्रालय तथा केन्द्रीय निकायहरूमा रू.१७ अर्ब ७९ करोड ६ लाख ६ हजार रकमान्तर गरेको मध्ये आषाढ महिनामा रू.१ अर्ब ८१ करोड ४ लाख ८० हजार रकमान्तर गरी कार्यक्रम स्वीकृत गरेको देखिएको छ । वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने पद्धतिमा सुधार गर्नुपर्दछ ।

६. **राजस्व प्रक्षेपण तथा असुली** - आर्थिक बर्ष २०७८/७९ मा अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये आन्तरिक श्रोतबाट रू.६० करोड राजस्व सङ्कलन हुने उल्लेख गरेकोमा रू.६६ करोड ८ लाख २० हजार संकलन भएको छ । राजस्व बाँडफाँटमार्फत् संघबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको योगदान रू.७ अर्ब २४ करोड ८५ लाख ८० हजार रहेको छ । आन्तरिक आयको प्रक्षेपण तथा स्रोत आंकलन यथार्थपरक नभएबाट असुली कार्य पनि प्रभावकारी देखिदैन । तथ्यपरक ढङ्गले राजस्वको प्रक्षेपण गरी सङ्कलन एवं परिपालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

७. **प्रदेश विभाज्य कोष** - प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँट गर्ने व्यवस्था छ । यो वर्ष रू.१५ करोड ९० लाख ३१ हजार सङ्कलन भएकोमा प्रदेश विभाज्य कोषमा रू.९ करोड ५४ लाख ९१ हजार सारेको र बाँकी ४० प्रतिशतले हुने रकम रू.४ करोड ४१ लाख २२ हजार स्थानीय विभाज्य कोषमा सारेको छ । २७ स्थानीय तहको खाता नम्बर भिडान नभई रू.१ करोड ९४ लाख ९० हजार ट्रान्सफर भएको देखिएन ।

८. **एकीकृत वित्तीय विवरण** - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ (२) मा आफ्नो कार्य क्षेत्रभित्रका कार्यालयको संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण र स्थानीय तहको आर्थिक कारोवारको

छुट्टाछुट्टै र एकीकृत विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था रहेको छ । त्यस्तै सोही ऐनको दफा २० अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा सो अवधि समाप्त भएको दुई महिनाभित्र तोकिएको विवरण सहित सार्वजनिक गर्नुपर्ने प्रावधान रहेको छ । मन्त्रालयले २०७८ फागुनसम्म उक्त कार्य गरेको छैन । ऐनले गरेको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

९. **कार्यक्रम सञ्चालन -** मन्त्रालय र मातहतका कार्यालयले प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले तोकिएको कार्य सम्पादन गर्नुपर्दछ । बजेटमा सिंचाइ आयोजनाहरू निर्माण गर्न जलस्रोत तथा उर्जा विकास मन्त्रालयलाई ३५८ आयोजनाको लागि रू.१ अर्ब २९ करोड १० लाख तथा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई ५८२ आयोजनाको लागि रू.४४ करोड ९६ लाख ५० हजार विनियोजन गरेको छ । एउटै प्रकृतिको कामको लागि दुई निकायबाट खर्च गर्दा काममा दोहोरोपना आउने, गुणस्तरमा एकरूपता नहुने, साना तथा टुक्रे योजनामा खर्च हुँदा दीर्घकालीन उपलब्धी हुने देखिदैन । प्रदेश अन्तर्गतका आयोजनाहरूको आवश्यकता मूल्याङ्कन गरी दीर्घकालीन रूपान्तरण हुने कार्यक्रममा एकद्वार प्रणालीबाट खर्च गर्नुपर्दछ ।

१०. **आयोजना स्वीकृति -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८(१) (ख) मा नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय, तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । स्वीकृत आयोजना कार्यान्वयनका लागि विस्तृत सर्वेक्षण, ड्रईङ्ग, डिजाईन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था रहेकोमा मन्त्रालयले उपरोक्त अनुसारको प्रकृया पुरा नगरी कार्यक्रम तथा बजेट स्वीकृत गर्ने गरेको छ । कानुनी प्रकृया पुरा गरेर मात्र आयोजना स्वीकृत तथा सञ्चालन गर्नुपर्दछ ।

११. **अर्थ/विविधबाट निकासा -** मन्त्रालयले अर्थ विविध शीर्षकमा चालु खर्च रू.५० करोड र पुँजीगत खर्च रू.५० करोड समेत रू.१ अर्ब बजेट विनियोजन गरेकोमा रकमान्तर गरी विभिन्न मन्त्रालयमा चालु रू.४८ करोड ५८ लाख ३७ हजार र पुँजीगत रू. ३५ करोड ३० लाख ३१ हजार समेत रू. ८३ करोड ८८ लाख ६८ हजार निकासा गरेको छ । मन्त्रालयले आषाढमा मात्र रू. २८ करोड ४ लाख ५८ हजार तथा आषाढ १७ गते पछि रू.२ करोड ३१ लाख १० हजार निकासा गरेको छ । अर्थ/विविधमा अवण्डा बजेट राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२. **राजस्व नीति र करको दायरा -** मन्त्रालयले आन्तरिक स्रोत मार्फत् राजस्व संकलन गर्न अपनाउनु पर्ने नीति तथा करका क्षेत्रको सम्भावना खोज्न राजस्व सम्बन्धी नीति निर्माण गरेको देखिदैन । आन्तरिक राजस्वमा सुधार ल्याउन र करको दायरा पहिचान र प्रक्षेपण गर्न नीतिगत व्यवस्था नगरेकोले प्रदेश सरकार अनुदानमा मात्र निर्भर रहने सम्भावना रहन्छ । राजस्व नीति निर्माण गरी नेपालको संविधानको अनुसूची-६ बमोजिमका क्षेत्रमा करको दायरा पहिचान गरी आन्तरिक राजस्वमा वृद्धि गरिनु पर्दछ ।

१३. **स्रोत सुनिश्चितता -** मन्त्रालयबाट स्रोत सहमति भई प्रदेश सरकार मातहत सञ्चालित ११७ बहुवर्षीय आयोजनाहरूलाई रू.६ अर्ब ६५ करोड २७ लाख ९२ हजार स्रोत सुनिश्चितता दिएको छ । आर्थिक

वर्ष २०७८।७९ को आन्तरिक आम्दानी रू.६६ करोड ८ लाख २० हजार रहेको र अन्य प्राप्तिका स्रोत लगायत प्राप्तिको आधार वेगर स्रोत सुनिश्चितता दिएको छ । दीर्घकालीन महत्वका योजनामा दिएको स्रोत सुनिश्चितता प्रभावकारी हुन सक्ने देखिएन । उपयुक्त आधार समेत स्पष्ट गरी आम्दानीको सुनिश्चितता गरेर मात्र आयोजनालाई स्रोत सुनिश्चितता दिनु पर्दछ ।

१४. **बस खरिद** - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ को अधिनमा रही रकमान्तर गर्नुपर्दछ । मन्त्रालयले स्वीकृत कार्यक्रम बेगर आषाढमा रकमान्तर गरी प्राकृतिक स्रोत व्यवस्थापन कलेज, दैलेखको लागि बस खरिद गर्न रू.४९ लाख १० हजार दुल्लु नगरपालिका, दैलेखलाई निकासा दिएको छ । नगरपालिकाले क्याटलग सपिङ्ग विधिबाट बस खरिद गर्न २०७९।३।२२ गते एक कम्पनीसँग सम्झौता गरी सो कम्पनीको २०७९।०३।२३ को बिलको आधारमा उक्त रकम भुक्तानी दिएको छ । खरिद भएको बसको पछाडीको भागको तलपट्टी कुच्चिएको, ढोकाको हाइड्रोलिक बिग्रिएको लगायत कैफियत उल्लेख गरी इन्जिनियरबाट स्पेशीफिकेशन अनुसार बस ठीक रहेको भनी मिति नखुलाई प्रमाणित गरेको आधारमा भुक्तानी भएको छ । त्रुटी सच्याउने अवधि १ वर्ष भित्र बस सञ्चालनमा आउन सक्ने अवस्था छैन । नयाँ बस खरिद भएको आधारिकारिकता पुष्टी हुने भन्सार प्रज्ञापन, ब्लूबुक र उल्लेखित कैफियतहरू सुधार भएको पुष्ट्याँई सहित नगरपालिकाले उक्त बस सम्बन्धित कलेजलाई हस्तान्तरण गर्नुपर्दछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

१५. **प्रदेश सञ्चित कोष -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रूपमा राखी त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरादायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । कार्यालयले प्रदेश सञ्चित कोषको सञ्चालन, एकीकृत लेखा तथा वित्तीय विवरण (२०७९ कार्तिक मसान्त भित्र) महालेखा नियन्त्रक तथा महालेखापरीक्षकको कार्यालयमा पेस गरेको देखिएन । कार्यालयले तयार गरेको कोष हिसाब विवरण अनुसार प्रदेशको सञ्चित कोषको अवस्था निम्नानुसार रहेको छ :

(रू. हजारमा)

क्र.सं.	प्राप्ति	गत वर्ष	यस वर्ष
१	गत वर्षको मौज्दात जिम्मेवारी	१०,९६,२६,७५	९,५४,४८,५८
२	राजस्व तथा अनुदान	२२,३०,८२,५०	२५,१२,७४,१८
२.१	कर राजस्व	७,५३,८३,८५	७९७४६१६
२.२	अन्य राजस्व	१,२८,४८२	६६०८२०
२.३	गत वर्षको नगद मौज्दात तथा बेरूजु	०	०
२.४	समानीकरण अनुदान	९,६३,२९,००	१०१४२१००
२.५	समपुरक अनुदान	२५,००,००	८१३५००
२.६	सशर्त अनुदान	४,३१,८४,८३	४९२३३८२
२.७	विशेष अनुदान	४४,००,००	६१३०००
३	वित्तीय व्यवस्था	०	११७५००

३.१	सोधभर्ना हुने गरी भएको खर्च	०	०
३.२	ऋण लगानी फिर्ता	०	०
३.३	शेयर विक्री	०	०
३.४	वैदेशिक ऋण प्राप्ति	०	०
४	अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम	)१,६८,४०,९५(	(२१२०८५१(
५	चालु आर्थिक वर्षको सञ्चित कोषको खुद मौज्दात	)९५४४८५८(	८६०२६८२
	जम्मा प्राप्ति	**२२०४१९७३**	**३२५५१४२६**
	भुक्तानी		
१	चालु वर्षको भुक्तानी		
१.१	सञ्चित कोषमाथि व्ययभार हुने रकममा खर्च	७७,६०	१०२३५
१.२	विनियोजन ऐनद्वारा भएको खर्च)चालु(	८,४६,३७,४१	९०७४५०५
१.३	विनियोजन ऐनद्वारा भएको खर्च)पुँजीगत(	१३,५७,०४,७२	१४७४६८५४
२	वित्तीय व्यवस्था भुक्तानी		
२.१	आन्तरिक ऋणको सावा भुक्तानी	०	०
२.२	बाह्य ऋणको साँवा भुक्तानी	०	०
२.३	ऋण लगानी तथा शेयर लगानी	०	०
	जम्मा भुक्तानी	**२२,०४,१९,७३**	**२३,८३,१५,९४**

१६. **सञ्चित कोषको विवरण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६(५) मा प्रदेशले तयार गर्ने वित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुने व्यवस्था छ । सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम सञ्चित कोषको आय-व्यय विवरण तयार गरेको छैन । तोकिएको ढाँचामा सञ्चित कोषको आय-व्यय विवरण तयार गरी लेखापरीक्षणमा पेस गर्नुपर्दछ ।

१७. **प्रदेश विनियोजन -** प्रदेश सरकारको कुल बजेट रू.३६ अर्ब ५४ करोड ६६ लाख ३६ हजार रहेकोमा रू.२३ अर्ब ९४ करोड ८७ लाख ४४ हजार खर्च गरेको छ । कुल खर्च मध्ये चालुतर्फ सञ्चित कोषमा व्ययभार पर्ने रकम समेत रू.९ अर्ब ८ करोड ४७ लाख ४० हजार र पुँजीगत खर्चतर्फ रू.१४ अर्ब ७४ करोड ६८ लाख ५४ हजार र वित्तीय व्यवस्थातर्फ रू.११ करोड ७१ लाख ५० हजार खर्च गरेको छ । कुल बजेटको तुलनामा ६५.५३ प्रतिशत खर्च भएकोमा चालु खर्चतर्फ ३७.९३ प्रतिशत र पुँजीगत खर्चतर्फ ६१.५८ खर्च भएको छ । अख्तियारी, बजेट तथा कार्यक्रमको परिचालनमा सरकारको ढिलाईको कारण पुँजीगत खर्च परिचालनको स्थिति कमजोर देखिएको छ ।

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले सभामा पेश गरेको बजेट बक्तव्यको बुँदा नं.२४८ मा रू.३६ अर्ब ५४ करोड ६६ लाख ३६ हजारको बजेट हुने उल्लेख छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणमा चालुतर्फ रू. १३ अर्ब ७८ करोड २९ लाख ९७ हजार, पुँजीगततर्फ रू. २४ अर्ब ५७ करोड ४१ लाख ३२ हजार र वित्तीय व्यवस्थातर्फ रू. ११ करोड ७१ लाख ५० हजार समेत रू. ३८ अर्ब ४७ करोड ४२ लाख ७९ हजारको बजेट उल्लेख भएकोले बजेट बक्तव्य भन्दा रू.१ अर्ब ९२ करोड ७६ लाख ४३ हजार बढी बजेट राखी एकीकृत वित्तीय विवरण तयार गरेको छ । बजेट वक्तव्यमा भन्दा वित्तीय विवरणमा बढी देखाएको सम्बन्धमा स्पष्ट गर्नुपर्दछ ।

१८. **खर्चको श्रोतगत अवस्था -** कुल खर्च मध्ये श्रोतगत विवरणमा प्रदेश सरकारको रू.१४ अर्ब १६ करोड ९० लाख ८८ हजार र संघीय सरकारको रू.१० अर्ब ११ करोड २७ लाख ८२ हजार रहेको छ । संघीय सरकारतर्फ समानिकरण अनुदान रू.५ अर्ब ५५ करोड ६ लाख २५ हजार, सशर्त अनुदानतर्फ रू. ४ अर्ब ३ करोड १२ लाख २८ हजार, समपुरक अनुदानतर्फ रू.१५ करोड ५४ लाख १६ हजार र विशेष अनुदानतर्फ रू.३७ करोड ५५ लाख १२ हजार खर्च भएको छ ।

१९. **विशेष तथा सशर्त अनुदान -** संघीय सरकारको सशर्त र विशेष अनुदान वापत प्राप्त गरेको रकमबाट खर्च पश्चात बाँकी हिसाव फिर्ता पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष संघीय सरकारबाट शसर्त अनुदानमा रू.४ अर्ब ९२ करोड ३३ लाख ६२ हजार, समपुरक अनुदान रू.८१ करोड ३५ लाख र विशेष अनुदानतर्फ रू.६१ करोड ३० लाख प्राप्त गरेकोमा शसर्त अनुदानमा रू.३ अर्ब ६९ करोड ८१ लाख २ हजार, समपुरक अनुदान रू.१५ करोड ५४ लाख १६ हजार र विशेष अनुदानतर्फ रू.३७ करोड ५५ लाख १२ हजार खर्च भएको हिसाब पश्चात् बाँकी रहेको रू.२ अर्ब १२ करोड ८ लाख ५१ हजार २०७९।१०।२० मा संघीय सञ्चित कोष दाखिला गरेको छ । संघीय कोषबाट प्राप्त बजेट खर्च नभएको रकम निर्धारित समयभित्र फिर्ता गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२०. **राजस्वको एकीकृत आर्थिक विवरण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १४ बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश लेखा इकाई कार्यालयहरूबाट संकलित राजस्वको आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र वार्षिक आर्थिक विवरणको एकीकृत विवरण तयार गर्नुपर्ने उल्लेख छ । पूर्वाधार विकास कार्यालय दैलेखको रू.१९ लाख ८९ हजारको राजस्व कारोवारको लेखापरीक्षण नगरी एकल कोष मौज्दातका आधारमा एकीकृत आर्थिक विवरण तयार गरेको छ । एकीकृत आर्थिक विवरण तयार गर्दा राजस्व आम्दानीको वास्तविक हिसाब भिडान गर्नुपर्दछ ।

२१. **प्रदेश आन्तरिक आय -** विनियोजन विधेयक, २०७८ अनुसार कुल राजस्व रू.६० करोड अनुमान गरेकोमा रू.६६ करोड ८ लाख २० हजार असुली भएको छ । प्राप्त गरेको राजस्व रकम अनुमानको तुलनामा १०. ४० प्रतिशत बढी छ । राजस्वको पूर्वानुमान वस्तुनिष्ठ तवरले हुन नसकेको, राजस्व प्राप्तिका वैकल्पिक श्रोतहरू पहिचान गरी आय वृद्धि गर्नेतर्फ कार्य योजना नबनाएको अवस्थामा पनि अपेक्षा गरिएको राजस्व भन्दा बढी राजस्व असुल भएको छ ।

२२. **धरौटी -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ७२ बमोजिम कुनै कार्यालय खारेज हुँदा धरौटी रकम बाँकी रहन गएमा त्यस्ता आयोजना वा कार्यालयको नाममा रहेको धरौटी खाता बन्द गरी विवरण सहितको धरौटी मिलान गर्नुपर्नेमा खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, सुर्खेत विघटन भई खानेपानी, सिंचाइ तथा ऊर्जा विकास निर्देशनालयमा रूपान्तरण हुँदा उक्त कार्यालयमा रहेको धरौटी हिसाब मिलान नगरी दुईवटै कार्यालयको धरौटीको छुट्टा छुट्टै आर्थिक विवरण तयार गरेको छ । त्यस्तै प्रदेश लेखा इकाई दैलेखबाट पूर्वाधार विकास कार्यालय दैलेखको आन्तरिक लेखापरीक्षण नभएकोले धरौटी रकम यकिन हुन सकेन । नियमावली बमोजिम धरौटी कारोवारको एकीकृत आर्थिक विवरण तयार गर्नुपर्दछ । साथै प्रदेश कोष हिसाब विवरण अनुसार गत वर्षको जिम्मेवारी रू.७३ करोड १५ लाख ७९ हजारमा यस वर्ष रू.३९ करोड २९ लाख ५ हजार आय प्राप्त भएकोमा सदरस्याहा र फिर्ता खर्च भई वर्षान्तमा रू.८४ करोड ९७ लाख १५ हजार धरौटी रकम बाँकी देखिन्छ ।

२३. **विविध कोष -** विविध कोषतर्फ प्रदेश अन्तर्गत रहेका १० जिल्लाको ४४ कार्यालयको वर्षान्तमा स्रेस्ता अनुसार रू.१८ करोड १३ लाख ९४ हजार र बैङ्क अनुसार रू.१८ करोड १२ लाख ९९ हजार रहेको देखिन्छ । फरक भएको रू.९५ हजारको हिसाब मिलान हुनुपर्दछ ।

२४. **आन्तरिक लेखापरीक्षण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ३२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश अन्तर्गतका सबै कार्यालयहरूको कम्तीमा प्रत्येक दुई महिनामा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र १५ दिनभित्र सम्बन्धित कार्यालय प्रमुखलाई प्रतिवेदन दिनुपर्ने व्यवस्था छ । दैमासिक अवधिमा लेखापरीक्षण व्यवस्था नअपनाएको, व्यवस्थापकीय र संस्थागत संस्कृतिलाई सुझाव सहितको टिप्पणी नगरेको, आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन आश्विन मसान्त भित्र तयार गरी आर्थिक मामिला मन्त्रालयमा नपठाएको कारण आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिएको छैन । कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदन तथा सोको कारबाहीको प्रतिवेदन सम्बन्धित मन्त्री समक्ष पेस गरेको छैन । कानुन वमोजिम लेखापरीक्षण गरी सोको प्रतिवेदन समयमा दिनुपर्दछ ।

२५. **सफ्ट्वेयर प्रयोग** - कर्णाली प्रदेश आर्थिक कार्यबिधि ऐन, २०७४ को दफा ३६ मा लेखापरीक्षणबाट औल्याइएको बेरूजु लगत राखी प्रमाण पेस वा नियमित गराई वा असुल उपर गरी फर्स्यौंट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ । प्रदेश अन्तगर्तका बेरूजुको एकीकृत अभिलेखाङ्कनका लागि कर्णाली प्रदेश बेरूजु व्यवस्थापन सूचना प्रणाली सफ्ट्वेयर लागू गरेतापनि बेरूजु लगत व्यवस्थित देखिएन । आर्थिक वर्ष २०७७।७८ सम्मको बेरूजु रू.२ अर्ब ७९ करोड ८७ लाख ३० हजार रहेकोमा उक्त सफ्ट्वेयरबाट रू.१ अर्ब २५ करोड १३ लाख ७ हजार मात्र देखिएको छ । कूल बेरूजु र फर्स्यौंट स्थिति अध्यावधिक गरी उक्त सफ्टवेयरको प्रभावकारी उपयोग गर्नुपर्दछ ।

२६. **बेरूजु फर्स्यौंट -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(६) मा प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयले गर्ने र आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरूजुहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट तथा सम्परीक्षण गराई राख्नुपर्ने व्यवस्था छ । यो वर्ष प्रदेश अन्तर्गतका १० जिल्ला स्थित ९३ कार्यालयको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रू.३ करोड ९० लाख २५ हजार, अनियमित रू.१५ करोड ४७ लाख ७२ हजार, म्याद नाघेको पेस्की बाँकी रू.७४ करोड ५४ लाख ४० हजार तथा म्याद ननाघेको पेस्की रू.२ करोड ७५ लाख २३ हजार समेत कुल रू.९३ करोड ९२ लाख ३७ हजार लगती बेरूजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म बेरूजु नियमानुसार असुल तथा फर्स्यौंट सम्पन्न भएको छैन । आन्तरिक लेखापरीक्षणबाट कायम बेरूजु समयमै फर्स्यौंट गर्नुपर्दछ ।

- **बेरूजुको स्थिति -** मन्त्रालयको यो वर्ष लगती बेरूजु देखिएको छैन ।
- **पाँच वर्षको कार्य सम्पादन स्थिति -** मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७४।०७५ देखि २०७८।०७९ सम्म यस मन्त्रालयको (५ वर्षको अवधिमा) कुल बजेट रू. ८ अर्ब ६४ करोड ८८ लाख ३० हजार रहेकोमा रू. १ अर्ब ३४ करोड २८ लाख ७ हजार कुल खर्च भएको छ । उक्त खर्च मध्ये पूँजीगत खर्च रू. १८ करोड ४४ लाख २ हजार र चालु खर्च रू.१ अर्ब १५ करोड ८४ लाख ५ हजार रहेको छ । कुल खर्च मध्ये पूँजीगत खर्च २.५२ प्रतिशत र चालु खर्च ८७.४१ प्रतिशत रहेको छ। विगत ५ वर्षको औषत खर्च १५.५३ प्रतिशत रहेको देखिन्छ ।

प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७४ वमोजिम यस मन्त्रालयलाई २४ कार्यजिम्मेवारी तोकिएकोमा मन्त्रालय र अन्तर्गत कार्यालयका लागि प्रशासनिक ६७, प्राविधिक तर्फ १ र श्रेणीविहिन २३ पद सृजना गरी प्रशासनिक ५० र श्रेणीविहिन २३ पदपूर्ति गरेर तोकिएका जिम्मेवारी सम्पादन गर्दै आएको छ। मन्त्रालयले पांच वर्षको अवधिमा अवधिमा १७ ऐन ३ नियम र ५ कार्यविधि तर्जुमा गरेको छ । बजेट तथा खर्च प्रणालीलाई व्यवस्थित गर्न आर्थिक कार्यविधि ऐन तथा नियमावली तर्जुमा गरेको यस मन्त्रालयले प्रदेश मन्त्रालय तथा निकायहरूका लागि बजेट तर्जुमा सम्वन्धी तालिम निरन्तर रुपमा संचालन, प्रदेश स्तरबाट संचालित विकास आयोजना तथा कार्यक्रमको अनुगमन, स्थानीय तहहरूको बजेट तथा योजना तर्जुमा क्षमता अभिबृद्धि र वित्तिय अन्तरसम्वन्ध सुदृढीकरण सम्वन्धी कार्यक्रम, जलविद्युतमा सेयर लगानीको सुरवात , लगानी साझेदारी सम्वन्धी कार्यक्रम, सालवसाली रुपमा राजस्व परामर्श समितिको प्रतिवेदन तयारी प्रदेश सरकारबाट स्थानीय तहहरूलाई प्रदान गरिने समपूरक तथा विशेष अनुदान कार्यविधि बमोजिम वार्षिक रुपमा स्थानीय तहहरूलाई अनुदान प्रदान गर्ने जस्ता उपलव्धिहरू हांसिल भएका छन् ।

मन्त्रालयले स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गर्न नसकेको, तथापि आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन जस्ता नीति, ऐन, नियम, विनियम र कार्यविधि तर्जुमा एवं निर्माण गर्न बाँकी रहेको छ । विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मुल्य स्थिति, सह-वित्तीयकरण, प्रादेशिक वित्तीय सन्तुलन, आवधिक एवम् क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयहरू प्रभावकारी देखिएको छैन । बीमा र बीमा व्यवसायको संचालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन, प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन जस्ता कार्यहरूको सुरुवात नगरेकोले प्रभावकारी कार्यसम्पादन हुन सकेका छैनन् ।

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका र प्रदेश सरकारले बार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू कार्यतालिका बनाई कार्यान्वयन गर्नुपर्दछ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशमा शान्ति सुरक्षा, सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघ संस्थाको समन्वय र सहकार्य गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत ८ निकायको विनियोजन रू.२६ करोड १७ लाख ८० हजार, राजस्व रू.१८ लाख ३१ हजार, धरौटी रू.९५ लाख ४३ हजार र अन्य कारोवार रू.१० करोड १८ लाख ३६ हजार समेत रू.३७ करोड ४९ लाख ९० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् :

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति निर्माण, कानुन तर्जुमा, राय परामर्श, अन्तर निकाय समन्वय गर्ने कार्य यस मन्त्रालयलाई तोकिएको छ । मन्त्रालयले प्रदेशस्तरमा सामुदायिक प्रहरी, न्यायिक तथा अर्धन्यायिक निकायले गरेको फैसला कार्यान्वयन, साईबर सुरक्षा र अनुगमनको सम्बन्धमा कुनै काम शुरू गरेको छैन । गैरसरकारी संस्थाको अभिलेख अद्यावधिक गरी प्रदेश भित्र दर्ता भई सञ्चालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, सञ्चालन/नवीकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा गरेको छैन । त्यस्तै मन्त्रालयले कार्यको प्रकृति हेरी कामको प्राथमिकता निर्धारण गरेको छैन। कार्य विभाजन नियमावलीले मन्त्रालयलाई तोकिएको कार्य जिम्मेवारी पुरा गर्नेतर्फ आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

२. **विनियोजन दक्षता** - विनियोजन ऐन, २०७८ बमोजिम मन्त्रालयलाई रू.६९ करोड १ लाख ४० हजार शुरू विनियोजन भएकोमा रकमान्तरबाट घटाई अन्तिम बजेट रू.४७ करोड १९ लाख २० हजार कायम गरेको छ । उक्त बजेटबाट मन्त्रालयले यो वर्ष रू.१० करोड ११ लाख २६ हजार मात्र खर्च गरेकोले शुरू विनियोजनको तुलनामा १४.६५ प्रतिशत मात्र खर्च भएको छ । लक्षित कार्यक्रम सञ्चालन गरी खर्च क्षमता वृद्धि गर्नुपर्दछ ।

३. **नीति तथा बजेट कार्यान्वयन -** नीति तथा कार्यक्रममा घोषणा भएका कार्यक्रमहरू प्रभावकारी कार्यान्वयन हुनुपर्दछ । प्रदेश सरकारको यस वर्ष घोषित भएका शान्ति सुरक्षाको भरपर्दो व्यवस्थाका लागि प्रदेश प्रहरी सम्बन्धी कानुन निर्माण गरी प्रदेश प्रहरी गठन गर्ने, प्रदेश प्रहरीको व्यावसायिकता र दक्षता विकास गर्न आवश्यक कार्यहरू अगाडि बढाउने तथा रूकुमको चौरजहारीमा प्रदेश प्रहरी तालिम केन्द्रको पूर्वाधार निर्माण गर्न रू. १ करोड विनियोजन भएको, विपन्न र हिंसा पीडित व्यक्तिको न्यायमा पहुँचका लागि कानुनी सहायता (रू.१० लाख), जनआन्दोलन, जनयुद्ध र प्रदेश प्राप्तिका आन्दोलनमा अमूल्य जीवन उत्सर्ग गर्ने शहीद परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरू तथा विस्थापितलाई जीविकोपार्जनका लागि आयआर्जन कार्यक्रमहरू सञ्चालन गर्ने तथा सन्तान गुमाएका अभिभावकहरूलाई राहत स्वरूप शहीदका परिवारलाई मासिक रू.२ हजार जीवन निर्वाह तथा औषधि उपचार सहायताको लागि रू.७.५ करोड विनियोजन भएको, गम्भीर प्रकृतिका सहाराविहीन घाइते तथा अपाङ्गहरूको आश्रय, लालनपालन र उपचार व्यवस्थाका लागि घाइते योद्धा पुनर्स्थापना केन्द्र सञ्चालन गर्न रू.१५ लाख विनियोजन भएको, नेपाल सरकारसँगको समन्वयमा कारागारमा रहेका कैदी बन्दीहरूको सीप विकास

र आयआर्जनका कार्यक्रमहरू सञ्चालन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं सूचनाको हकको कार्यान्वयन र सञ्चारक्षेत्रको व्यवसायीक विकासका लागि आम सञ्चार प्रतिष्ठान स्थापना गर्न रू.१ करोड विनयोजन भएको, सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन डिजिटल कर्णाली गुरूयोजना तर्जुमा गरी कार्यान्वयन ल्याई सरकारी काम कारवाहीलाई क्रमशः कागजविहीन बनाउँदै लैजान रू.५ करोड विनयोजन भएको लगायत कार्यक्रमहरू कार्यान्वयन गरेको छैन। बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४. **दिगो विकास लक्ष्यको प्राप्ति -** दिगो विकास लक्ष्य मध्ये मन्त्रालयको कार्य क्षेत्रमा पर्ने जलवायु परिवर्तन र यसको प्रभावहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने तथा दिगो विकासको निम्ति शान्तिपूर्ण समावेशी समाजहरूको प्रर्वद्धन गर्न न्यायमा सबैको पहुँच सुनिश्चित् गर्ने र सबै तहहरूमा प्रभावकारी, जबाफदेही र समावेशी संस्थाको विकास गर्ने जस्ता लक्ष्य भएकोमा सो क्रियाकलाप तथा उपलब्धिको सम्बन्धमा मन्त्रालयले कुनै समीक्षा गरेको देखिएन । दिगो विकासको लक्ष्य प्राप्त गर्नेतर्फ नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनु पर्दछ ।

५. **आवधिक योजना -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(३) मा बजेट तर्जुमा गर्दा आवधिक योजनाको लक्ष्य तथा नीतिलाई ध्यानमा राखेर निर्माण गर्नुपर्ने उल्लेख छ । कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) ले यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने प्रदेश प्रहरी परिचालन तथा व्यवस्थापन सम्बन्धी कानुन निर्माण गरी सञ्चालन गर्ने, सेवा प्रवाह प्रभावकारी तुल्याउन शान्ति सुरक्षा तथा संगठित आर्थिक अपराध सम्बन्धी सूचना सङ्कलन, विश्लेषण र सम्प्रेषणका लागि प्रदेश अनुसन्धान ब्यूरो गठन गर्ने, आधुनिक प्रदेश प्रहरी तालिम केन्द्र स्थापना गरी सञ्चालन गर्ने, सामाजिक द्वन्द्वको पहिचान, विश्लेषण र निराकरणको उपाय अवलम्बन गर्नुका साथै विकास आयोजना तथा औद्योगिक प्रतिष्ठानहरूको निर्वाध सञ्चालन गर्ने, जीवन आत्मरक्षा, समुदायको सुरक्षा र सामाजिक अपराध नियन्त्रण गर्नको लागि प्रत्येक १८ देखि २० वर्षका युवायुवतीलाई जीवन तथा समुदाय सुरक्षा तालिम प्रदान गर्ने, तत्काल शान्ति सुरक्षा दिन हटलाईन सेवा सञ्चालन गर्ने, प्रदेश निजामती सेवा ऐन र नियमावली तर्जुमा गरी कार्यान्वयन गर्ने, भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक कानुन निर्माण गरी विद्यमान कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्ने, शून्य सहनशीलताको नीति अवलम्बन गर्ने जस्ता रणनीति तथा कार्यनीति अवलम्बन गरेकोमा नीति, कार्यक्रम तथा बजेटले समेट्न सकेको छैन । दीर्घकालीन योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रमहरू तर्जुमा गरिनु पर्दछ ।

६. **द्वन्द्व पीडित उपचार** - कर्णाली प्रदेश मन्त्रिपरिषद्बाट २०७८।०७।०७ मा स्वीकृत द्वन्द्व पीडित, घाइते, अपाङ्ग उपचार कार्यविधि, २०७८ को बुँदा नं. ६ मा बिरामी तथा १ जना कुरूवाको एकमुष्ठ यातायात खर्च दिने व्यवस्था छ । उक्त कार्यविधि कार्यान्वयन गर्न स्वीकृत निर्देशिकामा दैलेख, सुर्खेत, सल्यान, जाजरकोट र रूकुम पश्चिमका पीडितहरूलाई न्यूनतम रू.३ हजार, हुम्ला र डोल्पाका पीडितहरूलाई रू.२० हजार एकमुष्ठ उपलब्ध गराउने व्यवस्था रहेकोमा यस्ता विरामीहरूलाई रू.३ हजार देखि रू.१ लाख ३४ हजारसम्म भुक्तानी गरेको छ । प्रदेश अस्पताल, सुर्खेतमा १ जना सहायकस्तर कर्मचारीको तलब सहित रू.११ लाख ४८ हजार उपचार खर्च लेखेकोमा उपचार गराउने विरामीहरूको विवरण, उपचार गर्ने चिकित्सकको विवरण लगायत उपचार खर्च पुष्टि हुने प्रमाण संलग्न गरेको छैन । निर्देशिकामा उपचार खर्च सीमा र कुरूवा सम्बन्धी व्यवस्था स्पष्ट छैन । उपचार खर्च भुक्तानी सम्बन्धमा स्पष्ट कार्यविधि बनाई पारदर्शिता कायम गर्नुपर्दछ ।

७. **विपद् बीमा** – कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट २०७६/९/८ मा विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गरी बीमाको तथ्याङ्क सङ्कलन, बीमालेख जारी गर्ने कार्यमा सहजीकरण, बीमालेखको नियमितता, प्रभाकारिता र दावी फर्स्यौट कार्यमा सहजीकरणको लागि प्रदेश सचिवको संयोजकत्वमा ६ सदस्यीय अनुगमन समिति रहने व्यवस्था गरेको छ । प्राकृतिक जोखिम विरूद्ध सामुहिक दुर्घटना बीमा कार्यक्रमबाट भौगोलिक जटिलता र विपद्बाट हुने दुर्घटनाका कारण मृत्यु भएमा रू.२ लाख प्राप्त हुने गरी रू.१७ लाख ७० हजार कर्णालीवासीको वार्षिक प्रति व्यक्ति रू.९।३३ का दरले बीमा शुल्क रू.१ करोड ६५ लाख राष्ट्रिय बीमा कम्पनीलाई भुक्तानी गरेको छ । प्राकृतिक जोखिम दुर्घटनाबाट मृतकका हकवाला ४९ जनालाई बीमाङ्क रकमको लागि सिफारिस गरेकोमा लाभान्वितको विवरण अद्यावधिक गरेको छैन। बीमा कार्यक्रमबाट प्राप्त उपलब्धी र खर्चको प्रभावकारिता मूल्याङ्कन र अभिलेख व्यवस्थित हुनुपर्दछ।

८. **विपद् राहत रकम** - विपद्बाट मृत्यु भएका परिवारका लागि राहत वितरण गर्न प्रति मृतक रू.१ लाखका दरले ३ जिल्ला प्रशासन कार्यालयलाई रू.८७ लाख पठाएकोमा उक्त रकम वितरण भएको विवरण पेस भएन । प्रदेश सरकारले विपद्बाट मृत्यु भएका परिवारलाई राहत वितरण गर्न छुट्टै बीमा समेत गराएकोमा सोधभर्ना दावी नगरी राहत खर्च लेखेको छ । त्यस्तै जिल्ला प्रशासन कार्यालय, मुगुलाई कोरोना राहत वापत रू.५ लाख र आगलागि पीडितलाई राहत वितरण गर्न रू. ३१ लाख १० हजार निकासा दिएको समेत रू.१ करोड २३ लाख १० हजार खर्च भएको प्रमाण पेस गर्नुपर्दछ ।

९. **अधुरो निर्माण कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा उल्लेखित सम्झौताको पालना गर्न दुबै पक्ष जिम्मेवार हुनुपर्दछ । ईलाका प्रहरी कार्यालय, राकमले प्रहरी चौकी निर्माणका लागि रू.२ करोड ५१ लाख ५१ हजारमा १२ महिनामा निर्माण कार्य सम्पन्न गर्नेगरी एक निर्माण व्यावसायीसँग २०७६।०२।१३ मा सम्झौता गरेको देखियो । निर्माण शुरू भएपछि २०७६।७७ मा बजेट व्यवस्था हुन नसकी निर्माण काम नभएको र २०७७।७८ मा रू.२ करोड १३ लाख ७६ हजार बजेट व्यवस्था भएपनि निर्माण व्यवसायीले आंशिक काम मात्र गरेका कारण रू.८६ लाख ९३ हजार भुक्तानी भएको समेत हालसम्म रू.१ करोड १३ लाख ६१ हजार भुक्तानी भएको सो निर्माण कार्यको लागि आर्थिक वर्ष २०७८।७९ मा रू.१ करोड २७ लाख बजेट स्वीकृत भएपनि रू.७ लाख ५७ हजारमात्र भुक्तानी भएको छ । पछिल्लो पटक माइलस्टोन सहित २०७९।१२।३० सम्म म्याद थप भएको छ । शुरू सम्झौताको ३०० प्रतिशत भन्दा बढी म्याद थप गर्दा समेत निर्माण व्यवसायीले कार्य सम्पन्न गरेको छैन । तोकिएको समयमा निर्माण सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ तथा खरिद सम्झौता बमोजिम कारवाही गरी कार्य सम्पन्न गराउनुपर्दछ ।

- **बेरूजुको स्थिति** - मन्त्रालयको रू.१ करोड २३ लाख १० हजार बेरूजु रहेको छ । यस सम्बन्धी विवरण अनुसूची- मा छ।

- **पाँच वर्षको कार्य सम्पादन स्थिति** - मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७४।०७५ देखि २०७८।०७९ सम्म यस मन्त्रालयको (५ वर्षको अवधिमा) कुल बजेट रू. ३ अर्ब ४ करोड ६ लाख ८५ हजार रहेकोमा रू. १ अर्ब ३७ करोड ७३ लाख ७१ हजार कुल खर्च भएको छ । उक्त खर्च मध्ये पूँजीगत खर्च रू. ५५ करोड ५३ लाख १२ हजार र चालु खर्च रू.८२ करोड २० लाख ५९ हजार रहेको

छ । कुल खर्च मध्ये पूँजीगत खर्च ३४.५९ प्रतिशत र चालु खर्च ५८.०२ प्रतिशत रहेको छ । विगत ५ वर्षको औषत खर्च ४५.५८ प्रतिशत रहेको देखिन्छ ।

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार तोकिएका ४३ जिम्मेवारी मध्ये ५३ विधेयक संसदबाट पारित गरेको, कानुन, न्याय तथा प्रदेश सभा मामिला, प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणिकरण सम्बन्धी काम, गुनासो र विवाद व्यवस्थापन, एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण, ट्राफिक व्यवस्थापन, प्रदेश स्तरमा सार्वजनिक विदा, उत्सव, उर्दी आदिको व्यवस्थापन, केवुल वितरणको इजाजत, नविकरण र नियमन जस्ता कार्य गरेको छ ।

नियमावली अनुसार प्रदेशस्तरमा सामुदायिक प्रहरी, न्यायिक तथा अर्धन्यायिक निकायले गरेको फैसला कार्यान्वयन, साईबर सुरक्षा र अनुगमनको सम्बन्धमा कुनै काम सुरु नगरेको, गैरसरकारी संस्थाको अभिलेख अद्यावधिक गरी प्रदेश भित्र दर्ता भई संचालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, संचालन/नवीकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा नगरेको, मन्त्रालयले कार्यको प्रकृति हेरी कामको प्राथमिकता निर्धारण नगरेको लगायतका समस्या रहेका छन्।

नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू र प्रदेश सरकारले वार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू विगत ५ वर्षको कार्य समिक्षा गरी आगामी दिनमा कार्य तालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, खानी तथा खनिज पदार्थको अन्वेषण, संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, भू-स्खलन नियन्त्रण लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहत २६ निकाय समेतको विनियोजन रू.१ अर्ब ५८ करोड ८९ लाख २ हजार, राजस्व रू.१ करोड २७ लाख १३ हजार, धरौटी रू.११ करोड ८ लाख ७४ हजार र अन्य कारोबार रू.४ करोड ५६ लाख १७ हजार समेत रू.१ अर्ब ७५ करोड ८१ लाख ६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची २ मा मन्त्रालयहरूको कार्य जिम्मेवारी उल्लेख छ । उक्त कार्य जिम्मेवारी अनुसार यस मन्त्रालयको कार्य क्षेत्रमा नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता, ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी, कलकारखाना तथा औद्यौगिकीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन र नियमन, प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार, औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन, संघीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन, उपभोक्ता अदालत गठन र सञ्चालन, करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन, प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन, प्रदेशस्तर इन्धनको गुणस्तर अनुगमन, पर्यटक प्रहरी व्यवस्थापन जस्ता कार्य तोकेकोमा गुणस्तरीय कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण भएको छैन । तोकिएको कार्य जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **कानुन निर्माण -** मन्त्रालयले यस वर्ष कर्णाली प्रदेश वन ऐन, २०७८, प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८, प्रदेश पर्यटन ऐन, २०७८, प्रदेश व्यापार व्यवसाय दर्ता तथा सञ्चालन ऐन, २०७८ प्रदेश सभाबाट पास गरी राजपत्रमा प्रकाशित गरेको छ । वन नियमावली, २०७८, औद्योगिक व्यवसाय नियमावली, २०७८ र व्यापार व्यवसाय नियमावली, २०७८ को मस्यौदा तयार भएकोमा प्रदेश सभाबाट पास गरेको छैन । मन्त्रालयको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन आवश्यक कानुन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक पहल हुनुपर्दछ ।

३. **बार्षिक नीति तथा कार्यक्रम -** यो वर्ष प्रदेशको नीति तथा कार्यक्रममा उल्लेख भएअनुसार प्रदेश पर्यटन गुरूयोजना अनुसार नौलो त्रिभूज (काँक्रेविहार–रारा–फोक्सुन्डो) र सुनौलो सिक्री (वीरेन्द्रनगर–हिल्सा–मानसरोवर) जोड्ने अवधारणा अनुसार यस मार्ग र आसपासका पर्यटकीय पूर्वाधारको विकासलाई अगाडि बढाउने साथै महत्वपूर्ण पर्यटकीय क्षेत्र जोड्ने मार्गमा पर्यटन सूचना सङ्केत राख्ने व्यवस्था मिलाउने, प्रदेश पर्यटन गुरूयोजनाले समेटेका वृहत् पर्यटकीय पदमार्गलाई अन्तर्राष्ट्रिय मापदण्ड र आधारविन्दु अनुरूप विकास गर्ने साथै रेड पाण्डा, यार्सा र गुरिल्ला ट्रेललगायत अन्य सम्भावित पदमार्गहरूको "पदमार्ग परीक्षण" गर्ने, स्थानीय तहमा पाइने महत्वपूर्ण प्रजातिको विरूवा छनौट गरी

वन संरक्षण तथा व्यवस्थापन गर्न "वन बिउ बगैचा" स्थापना गर्ने, सुख्खा डाँडाकाँडा तथा नदी किनार फाँटहरूमा आम्दानीको लागि आयमूलक बोटविरूवाहरूको वृक्षारोपण गर्न "आयमूलक हरियाली" कार्यक्रम सञ्चालनमा गर्ने, समुदायमा आधारित वन व्यवस्थापनमा सुशासन कायम गर्न सामुदायिक वन उपभोक्ता समूहको संस्थागत विकास तथा सामाजिक परिचालन कार्यक्रमलाई निरन्तरता दिँदै वन समूहको विद्युतीय अभिलेख राखी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने, बहुउपयोगी र मूल्यवान प्रजातिका विरूवा उत्पादन, वितरण र वृक्षारोपण कार्यलाई निरन्तरता दिने लगायत कार्यक्रम बजेटले समेटेको छैन । वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमका लागि बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **बजेट कार्यान्वयन -** बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरू मध्ये रोजगारी सिर्जना एवं प्रदेश अर्थतन्त्रको विकास गर्न प्रादेशिक औद्योगिक क्षेत्र र एक जिल्ला एक उद्यम ग्राम स्थापना कार्यक्रमलाई निरन्तरता दिने, जडिबुटी उद्योग स्थापना र प्रर्वद्धनका लागि पूँजी र प्रविधि भित्र्याउदै जडीबुटिको आन्तरिक बजार व्यवस्थापन र बाह्य बजारको खोजी गर्दै "मेक इन कर्णाली" कार्यक्रमलाई विशेष प्राथमिकताका साथ सञ्चालन गर्ने, प्रदेशभित्र स्लेट, पत्थर ढुङ्गा संकलन र बिक्री वितरण सम्बन्धी कानुनी बाँधा अड्काउ फुकाई आवश्यक नियमन गर्ने, प्लाष्टिक झोलाको प्रयोगलाई निरूत्साहित गर्न सम्भव भएसम्म प्रदेशभित्र उत्पादित सामग्रीबाट निर्मित वैकल्पिक झोलाको उपयोगलाई प्रर्वद्धन गर्ने साथै वायु गुणस्तर तथा प्रदुषण मापन स्टेशन स्थापना र प्रदुषकले क्षतिपूर्ति तिर्नुपर्ने प्रावधानको प्रभावकारी कार्यान्वयनको लागि वातावरण अनुगमनको व्यवस्था मिलाउने, कर्णालीका पर्यटकीय क्षेत्रहरूमा आन्तरिक पर्यटन प्रर्वद्धन गर्ने लगायत कार्यक्रमहरू कार्यान्वयन गरेको देखिएन । बजेट वक्तव्यमा उल्लेखित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

५. **रकमान्तर -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएका अन्य अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट तोकिएको सीमाभित्र रही मन्त्रालयले २५ प्रतिशत भन्दा बढी नहुने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ । यो वर्ष मन्त्रालय र मातहतले गरेको खर्च रू. १ अर्ब ६१ करोड ५९ लाख मध्ये रू.६ करोड ९७ लाख ७९ हजार अर्थात् ४.३२ प्रतिशत रकमान्तर गरेको छ । त्यस्तै अवण्डामा राखेको रू.२२ करोड ९५ लाखबाट २ सय १४ कार्यक्रम गर्न २०७८।७।१२ मा बाँटफाँट गरी उक्त रकम खर्च गरेको छ । रकमान्तर एवं अवण्डा बजेटबाट गरेको खर्चले अपेक्षित उपलब्धि प्राप्त हुने देखिदैन । यसमा नियमन्त्रण हुनुपर्दछ ।

६. **दिगो विकास लक्ष्य कार्यान्वयन -** दिगो विकास लक्ष्य (२०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेशलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शनहरू उपलब्ध गराएको छ । राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक सम्बोधन हुने गरी प्रादेशिक तथा स्थानीय लक्ष्य गन्तव्य र सूचक तोकी संस्थागत प्रबन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयन हुन बाँकी छ । गरिबी निवारण, स्थानीय कच्चा पदार्थमा आधारित लघु घरेलु उद्योग सञ्चालन, सीप विकास तालिम, प्रविधि हस्तान्तरण, वनमा आधारित उद्योग, जडिबुटी संकलन र पर्यटन क्षेत्रको विकास मार्फत् आर्थिक वृद्धिमा टेवा र रोजगारी सिर्जना गर्ने भएता पनि दिगो औद्यौगिकीकरण असमानताको अन्त्य, जोखिमयुक्त भू तथा जलाधार क्षेत्रहरूको संरक्षण, सुरक्षित

उत्पादकत्व र उपभोग, वन अतिक्रमण लगायतका समस्याहरू रहेकोले अपेक्षित लक्ष्य हासिल भएको छैन । दिगो विकास लक्ष्यसँग समन्वय हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७. **वन पैदावार संकलन तथा बिक्री -** खोटो संकलन निर्देशिका, २०६४ को दफा १२ र १३ तथा वन नियमावली, २०५१ को नियम ११ मा खोटो तथा वन पैदावार संकलन तथा बिक्री वितरण गर्न सकिने उल्लेख छ । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ खारेजी लगायतका कारणले वन पैदावार तथा जडिबुटीबाट रू.४ करोड ५७ लाख ८२ हजार मात्र राजस्व प्राप्त भएको छ । मन्त्रालयले वन पैदावार संकलन र बिक्री वितरणमा प्रभावकारी अनुगमन गरी अधिकतम प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

८. **वन अतिक्रमण -** वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८ को ५.२ बमोजिम समिति गठन गर्ने र वन अतिक्रमण/वन डढेलो नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सर्वसाधारणले १ हजार ४ सय ३२ हेक्टर र नेपाल सरकारको एउटा निकायले ८ हेक्टर गरी कूल १ हजार ४ सय ४० हेक्टर वन अतिक्रमण गरेको देखिन्छ । मन्त्रालयले उपलब्ध गराएको विवरणमा सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, रूकुम पश्चिम आदि जिल्लामा बढी अतिक्रमण भएको देखिएको छ । वन अतिक्रमण कम गर्नका लागि दीर्घकालीन रणनीति तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

९. **मुद्दा व्यवस्थापन -** वन ऐन, २०७६ को दफा ६२ मा वन पैदावर तथा वन्यजन्तुको आखेटोपहारको अवैध तस्करी आदिमा मुद्दा व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ५६ वन सम्बन्धी मुद्दा दर्ता भएकोमा अदालतबाट २६ र डिभिजन वन कार्यालय सुर्खेतबाट ७ समेत ३३ फर्स्यौट भई २३ मुद्दा बाँकी रहेको छ । मन्त्रालयले मातहतका कार्यालय समेतको वन मुद्दा, सोको फर्स्यौट र बाँकी मुद्दाको कार्यान्वयन अवस्था समेतको अनुगमन गर्नुपर्दछ ।

१०. **कार्यक्रम प्रसारण —** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २० अनुसार कार्यालयले आफ्नो उद्देश्य र लक्ष्य अनुसार बजेट व्यवस्था गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष ११ डिभिजन वन कार्यालयहरूलाई जलवायु परिवर्तनसँग सम्बन्धित बृत्तचित्र (मेरो आँखा मेरो कथा) को निर्माणको लागि रू.५ लाखका दरले रू.५५ लाख बजेट निकासा गरेको छ । मन्त्रालयले वृत्तचित्र टेलिभिजनबाट प्रशारण गरेको छैन । प्रशारण नगरेका वृत्तचित्रमा गरेको खर्चको उपादेयता देखिएन । यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

११. **वन पैदावारको लगत —** सामुदायिक वनको काठ दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ अनुसार काठ दाउराको अभिलेख राखी संकलन, बिक्री र बाँकीको मौज्दात एकीकृत गरी काठ दाउराको अवस्था यकिन गर्ने व्यवस्था रहेको छ । यो वर्ष मन्त्रालय अन्तर्गतका निकायहरूबाट ३ लाख ९१ हजार २७२ क्यूविक फिट काठ तथा ३७९ चट्टा दाउरा संकलन गरी बिक्री वितरण गरी रू १ करोड ७६ लाख २६ हजार राजश्व प्राप्त भएको छ । काठ दाउराको अभिलेख अद्यावधिक राखी सोको अनुगमन गर्नुपर्दछ ।

१२. **खानी अन्वेषण र व्यवस्थापन -** श्रममुलक, निर्यातजन्य र आयात प्रतिस्थापनका लागि उद्योग क्षेत्रको भूमिकामा वृद्धि गर्नु र उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ व्यवस्थापन गरी औद्योगिक वातावरण सिर्जना गर्नु, प्रदेशभित्र खानीजन्य वस्तुहरूको अनुसन्धान, अन्वेषण र उत्खनन्का कार्यक्रम अगाडि

बढाउनु प्रदेश सरकारको कर्तव्य रहेको छ । प्राकृतिक स्रोत र साधनको किफायती प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१३. **जैविक विविधता अध्ययन अनुसन्धान -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश स्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँटको नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । विगत वर्षहरूमा संघीय सरकारले जैविक विविधताको सन्दर्भमा गरेका अनुसन्धानात्मक कार्यहरूको स्वामित्व लिई व्यवस्थापन नियमन र लाभांश बाँडफाँटको नीति तर्जूमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१४. **पर्यटकीय होमस्टे कार्यक्रम —** होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ अनुसार यो वर्ष १६ होमस्टेलाई भौतिक संरचना निर्माण तथा सञ्चालन गर्नका लागि मन्त्रालयले रू.२ करोड ११ वन कार्यालयलाई निकासा गरेको छ । भौतिक संरचना निर्माण गर्न उपलब्ध गराएको अनुदानले लक्ष्य अनुरूप कार्य सम्पन्न भए नभएको यकिन भएन । पर्यटकले प्राप्त गर्ने सेवा सहुलियत स्पष्ट गरेर मात्र अनुदान दिनुपर्दछ ।

१५. **अध्ययन प्रतिवेदन -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरूयोजना अध्ययन प्रतिवेदन (डीपीआर) लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार मन्त्रालयले विभिन्न परामर्शदाताबाट पिली युद्ध संग्रहालय अध्ययन, सव डिभिजन कार्यालयहरूको भवन निर्माण, कर्णाली नदीमा जलयात्रा सम्भाव्यता अध्ययन, गुठीचौर पर्यटन पूर्वाधार अध्ययन, ट्रेल अडिट कार्यान्वयन, कर्णालीका वनस्पतिहरू प्रकाशन, कर्णाली क्षेत्रको वनस्पतिमा जलवायु परिवर्तनको असर, प्रभाव तथा न्यूनीकरण एवं अनुकूलनको प्रयासहरूको अध्ययन गर्ने कार्यमा रू.८७ लाख १३ हजार खर्च लेखेको छ । अध्ययन भएका आयोजनाहरू कार्यान्वयनमा गएको देखिएन । अध्ययन गरिएका योजनाहरू कार्यान्वयन गर्नुपर्दछ ।

१६. **पर्यटकीय गुम्बा -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन लगायत प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत हुनुपर्ने व्यवस्था छ । सो बेगर वीरेन्द्रनगर नगरपालिका वडा नं. १३ को रातानाङ्लामा ठिन्ले ताक्तेन गुम्बा निर्माणको लागि गत विगत देखि पालिका एवं अन्य निकायबाट निरन्तर रकम निकासा हुँदै आएको छ । मन्त्रालयले गुम्बा निर्माण कार्यमा यस वर्ष स्ट्रक्चर मजबुतिको लागि बीचको ४ पिलरमा जगदेखि नै रेक्ट्रोफिट गरी रू.१८ लाख ७४ हजार गुम्बा निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । निर्माण कार्यको विस्तृत अध्ययन, स्वीकृत स्ट्रक्चर डिजाइन विश्लेषण नगरी उपभोक्ता समितिमार्फत् निर्माण गर्दा उक्त गुम्बा प्राविधिक त्रुटी वा अन्य कारण निर्माणधीन अवस्थामा नै रेक्ट्रोफिटिङ्ग गर्नु परेको देखियो । विस्तृत योजना वेगर निर्माण शुरू गरी हालसम्म भएको भुक्तानी समेत नियमित देखिएन । यस्तो आयोजना सञ्चालनमा नियन्त्रण गर्नुपर्दछ ।

१७. **वन क्षेत्रको आम्दानी -** वन नियमावली, २०५१ को नियम ३६(४) मा अधिकार प्राप्त अधिकारीले उपभोक्ता समिति / समूहले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्ने व्यवस्था गरेको छ । मन्त्रालय अन्तर्गत दर्ता भएका सामुदायिक वनहरूबाट प्राप्त गर्ने खोटो संकलन लगायत वन पैदावार बिक्री वितरणबाट भए गरेका आम्दानी र सोको उपयोग सम्बन्धमा कार्यालयहरूले निगरानी

गरेका छैनन् । वन क्षेत्रको आम्दानीबाट राष्ट्रिय अर्थतन्त्रमा पुग्ने योगदानको अभिलेखाङ्कनका लागि समेत आम्दानी खर्च सम्बन्धमा निगरानी हुन जरूरी छ । सामुदायिक वनको आम्दानी खर्च नियमितता र पारदर्शीता गर्ने गराउनेतर्फ सरोकारवालाले ध्यान दिनुपर्दछ ।

१८. **पर्यटकीय क्षेत्रहरूको पहिचान तथा घोषणा -** कर्णाली प्रदेश पर्यटन ऐन, २०७८ को दफा ३२(१) मा प्रदेश सरकारले प्रदेशभित्र कुनै पनि स्थानीय तहको कुनै स्थान वा एकभन्दा बढी स्थानीय तहको खास क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था रहेको छ । मन्त्रालयले प्रदेश अन्तर्गतका स्थानीय तहहरूमा पर्यटकीय क्षेत्रहरूको पहिचान गर्ने, पर्यटन व्यवसाय सञ्चालन गर्ने तथा त्यसबाट राजस्व सङ्कलन गर्ने लगायतका कार्यहरू गरेको पाइएन । मन्त्रालय तथा मातहतका निकायहरूले ऐनमा भएको व्यवस्था बमोजिमका पर्यटकीय क्षेत्रहरू घोषणा गरी यस क्षेत्रबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउनेतर्फ ध्यान दिनुपर्दछ ।

१९. **अनुदानको अनुगमन -** अनुदानको व्यवस्थापन कार्यविधि नियम, २०७७ को बुँदा नं. १४ मा अनुदान रकमबाट सञ्चालन हुने कार्यक्रम पारदर्शी र प्रभावकारी भए नभएको सम्बन्धमा सम्बन्धित मन्त्रालय वा निकायबाट कम्तिमा द्वैमासिक र समन्वय समितिले चौमासिक रूपमा अनुगमन गर्नुपर्ने, समन्वय समितिले आफुले गरेको अनुगमनको प्रतिवेदन मुख्यमन्त्री समक्ष पेस गर्नु पर्ने, मन्त्रीको अध्यक्षतामा बस्ने बैठकमा कम्तिमा द्वैमासिक रूपमा समीक्षा गर्ने, अनुदान वितरणसँग सम्बन्धित एक आर्थिक वर्षमा भएको सम्पूर्ण कार्य प्रगतिको विवरण वार्षिक समीक्षा सम्बन्धित मन्त्रालयमार्फत् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय डोल्पाले ३४ नाफामूलक फर्म तथा व्यक्तिहरूलाई रू.९० लाख ९ हजार र उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेतले २८ नाफामूलक फर्म तथा व्यक्तिहरूलाई रू.९० लाख १६ हजार समेत रू.१ करोड ८० लाख २५ हजार अनुदान दिएको छ । अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । अनुगमन प्रभावकारी वनाई संघ, प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदान दोहोरो नहुने गरी सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

डिभिजन वन कार्यालयहरू

२०. **हाइटेक नर्सरी निर्माण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन लगायत प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत हुनुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, डोल्पाले हाइटेक नर्सरी स्थापना गर्न एक उपभोक्ता समितिलाई रू.२३ लाख ६९ हजार भुक्तानी गरेको छ । प्राविधिकबाट रू.३४ लाख १९ हजारको मूल्याङ्कन भएको उक्त नर्सरीका लागि पानी तथा विद्युत्को सुविधा उपलब्ध छैन । हाइटेक नर्सरी निर्माण र सञ्चालन गर्न दक्ष प्राविधिक जनशक्ति रहेको देखिएन । नर्सरीबाट उत्पादन हुने विरूवाको बजार व्यवस्थापन योजना तयार नगरी शुरू भएको नर्सरी एक वर्षभन्दा बढी समयसम्म पनि सञ्चालनमा आएको छैन । नर्सरीको आवश्यकताका साथै निर्माण स्थलको उपयुक्तता अध्ययन बेगर खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनु पर्दछ ।

२१. **खरिद सम्झौताको अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा २(क) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्यसम्पादन नगरेमा सार्वजनिक निकायले सो काम गर्न वा

गराउनका लागि लाग्ने थप खर्च निजले व्यहोर्नुपर्ने उल्लेख छ । डिभिजन वन कार्यालय, सुर्खेतले गुटु सब डिभिजन कार्यालय भवन निर्माण गर्नका लागि एक निर्माण व्यवसायीसँग रू.१३ लाख ८५ हजारमा २०७९।२।३० मा सम्पन्न गर्नेगरी २०७८।१२।३० मा सम्झौता भएको देखियो । निर्माण कार्यको प्रथम रनिङ विल रू. ४ लाख ३१ हजार भुक्तानी भएको छ । वित्तीय प्रगति ३१ प्रतिशत भएकोमा निर्माण कार्य स्थगित गरी निर्माण व्यवसायी सम्पर्कमा रहेको अवस्था देखिएकोले क्षतिपूर्ति असुल तथा कार्य सम्पादन जमानत जफत गरी नियमानुसार कारबाही एवं निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

२२. **पर्यटकीय पूर्वाधार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था छ भने नियम ११७ को उपनियम ४ मा निर्माण गरिएको संरचना उद्देश्य अनुरूप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कार्य स्वीकार गर्न नहुने व्यवस्था छ । डिभिजन वन कार्यालय, जुम्लाले गुठिचौरमा पर्यटकीय पूर्वाधार कार्यक्रम अन्तर्गत इको ट्रायल तथा सेट निर्माण गर्न रू.९४ लाख ३२ हजारको लागत अनुमान स्वीकृत गरी २०७९ असार मसान्तमा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रू.४० लाख ३५ हजारमा सम्झौता भएकोमा रू.२५ लाख ८४ हजारमा कार्य सम्पन्न भएको जनाएको छ । सोही नियमको उपनियम २(क) मा निर्माण कार्यको हकमा कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति हुनुपर्ने उल्लेख भएकोमा लागत अनुमान प्रति रनिङ्ग मिटर रू.१ हजार ३ सय ५० भएको स्टील रेलिङ्ग कार्य रू.१ सय ५० मा गर्नेगरी कबोल गरेकोमा रेलिङ्ग लगायतको काम वर्षात्का कारण बाटो हिलो भएको, श्रमिकको खेतिपाती गर्ने समय शुरू भएको लगायत कारण जनाई काम गरेको छैन । निर्माण कार्य अधुरो रहेको अवस्थामा कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी सिफारिस गर्ने प्राविधिकलाई नियमानुसार कारवाही गरी सोही नियमावलीको नियम १२८ उपनियम २ बमोजिमको सम्झौताको उल्लङ्घन सम्बन्धी उपचार गर्नुपर्दछ ।

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरू

२३. **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पूर्व निर्धारित क्षतिपूर्तिबारे उल्लेख छ । सो नियमको खण्ड(क) मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेतले सौगात भवन निर्माण वापत एक निर्माण व्यावसायीसँग सम्झौता रकम रू.१ करोड ४० लाख ४० हजारको ९० दिनको नियमानुसार पूर्वनिर्धारित क्षतिपुर्ति वापत रू.६ लाख ३२ हजार असुल गर्नुपर्दछ ।

- **बेरूजुको स्थिति -** मन्त्रालयको रू.२ करोड ५४ लाख ९९ हजार बेरूजु देखिएकोमा प्रतिक्रियाबाट रू.१ लाख ३ हजार फर्स्यौट भई रू.२ करोड ५३ लाख ९६ हजार बेरूजु बाँकी रहेको छ । सोमध्ये रू.४४ लाख ६८ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

- **पाँच वर्षको कार्य सम्पादन स्थिति -** मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७४।०७५ देखि २०७८।०७९ सम्म यस मन्त्रालयको (५ वर्षको अवधिमा) कुल बजेट रू.१० अर्ब १० करोड ८९ लाख ३८ हजार रहेकोमा रू.६ अर्ब ५० करोड ७८ लाख ९४ हजार कुल खर्च भएको छ । उक्त खर्च मध्ये पूँजीगत खर्च रू.३ अर्ब ६९ करोड ५६ लाख १० हजार र चालु खर्च रू.२ अर्ब ८१ करोड २२ लाख ८४ हजार रहेको छ । कुल खर्च मध्ये पूँजीगत खर्च ५८.३५ प्रतिशत र चालु खर्च ७४.५० प्रतिशत रहेको छ । विगत ५ वर्षको औषत खर्च ६४.३८ प्रतिशत रहेको देखिन्छ ।

  प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार तोकिएका ६२ जिम्मेवारी मध्ये व्यापारिक फर्म तथा उद्योगहरूको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी काम, प्रदेश भित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति निर्माण र कार्यान्वयन, प्रदेश भित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन लगायतका कार्य गरेको छ ।

  नियमावली अनुसार नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता, ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी, कलकारखाना तथा औद्यौगिकिकरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन र नियमन, प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, संचालन र विस्तार, औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन, संघीय मापदण्ड अनुसार स्ट्यान्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन, उपभोक्ता अदालत गठन र संचालन, करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन, प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन, प्रदेशस्तर इन्धनको गुणस्तर अनुगमन, पर्यटक प्रहरी व्यवस्थापन जस्ता कार्य तोकेकोमा गुणस्तरीय कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण नगरेको लगायतका समस्या रहेका छन् ।

  नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू र प्रदेश सरकारले वार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू विगत ५ वर्षको कार्य समिक्षा गरी आगामी दिनमा कार्य तालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा कृषि, पशु, भूमि व्यवस्थापन र सहकारी क्षेत्रसँग सम्बन्धित ३३ कार्यको नीति, कानुन र मापदण्ड निर्माण, कार्यान्यवन र नियमन, सञ्चालन, विकास र विस्तार गर्ने रहेका छन् ।

यो वर्ष मातहत २६ कार्यालय समेत विनियोजन रू.२ अर्ब २३ करोड ९ लाख ६९ हजार, राजस्व रू.५३ लाख १२ हजार, धरौटी रू.२ करोड ९० लाख ११ हजार र अन्य कारोबार रू.१ करोड ३० लाख ९३ हजार समेत रू.२ अर्ब २७ करोड ८३ लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कार्य क्षेत्र र कार्य जिम्मेवारीमा तोकिएका ३३ कार्य जिम्मेवारी मध्ये जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, कित्ता नापी र भूमि लगत, भूमिहिन सुकुम्बासी व्यवस्थापन, सहकारी बचत तथा ऋण परिचालन आदि व्यवस्था कार्यान्वयन भएको छैन । स्रोत व्यवस्थापन गरी क्रमिकरूपमा तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ ।

मन्त्रालय अन्तर्गत प्रदेश स्तरमा तर्जुमा गर्नुपर्ने जलचर संरक्षण, कृषि व्यवसाय प्रबर्धन, जीवनाशक विषादी, माटो तथा मल व्यवस्थापन, पशु सेवा तथा पशु स्वास्थ्य, कर्णाली प्रदेश जग्गा प्रशासनसँग सम्बन्धित कानुन, नीति, निर्देशिका र कार्यविधि तर्जुमा गरेको देखिएन । ती कानुनहरू यथाशिघ्र तर्जुमा गरी कार्य सञ्चालन गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयनः** यो वर्षको बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरू मध्ये विस्तृत सम्भाव्यता अध्ययन गरी उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणको एकीकृत कृषि विकास योजना कार्यान्वयन गर्ने, प्राङ्गारिक नमूना स्थानीय तह घोषणा गर्दै जान अध्ययन, अनुसन्धान र विकासका प्रबन्ध मिलाउने, उत्पादन लागत घटाउन कर्णाली कृषि क्षेत्र सहयोग प्रणाली लागू गर्ने, हिमाली क्षेत्रमा एक सयभन्दा बढी भेंडा बाख्रापालन गर्ने, प्रदेशमा कृषि तथा पशु अनुसन्धान केन्द्र स्थापना गर्ने, योगदानमा आधारित किसान निवृत्तिभरण कार्यक्रम कार्यान्वयन गर्ने, अत्यावश्यक वस्तुको माग आपूर्ति विश्लेषण गर्ने संयन्त्र स्थापना गरी खाद्य संकट व्यवस्थापन गर्ने, कृषि उपज सङ्कलन र भण्डारणका लागि एक स्थानीय तह; एक अन्न भकारी स्थापना गर्ने जस्ता नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरेको देखिएन । बजेटमा उल्लेखित विषय कार्यान्वयन गर्नुपर्दछ ।

३. **रकमान्तर -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएका अन्य अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट तोकिएको सीमाभित्र रही मन्त्रालयले २५ प्रतिशत भन्दा बढी नहुने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहतले गरेको खर्च रू.२ अर्ब २३ करोड ९ लाख ६९ हजार मध्ये रू.२ करोड ३२ लाख अर्थात् १.०४ प्रतिशत रकमान्तर गरेको मध्ये आषाढ महिनामा मात्र रू.१ करोड २२ लाख ३४ हजार रकमान्तर गरेको छ । बर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४. **ब्याज अनुदान -** मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार १० जिल्लाका १२२७ उद्यमीले रू. ७१ करोड २१ लाख ५५ हजार विभिन्न वित्तीय तथा सहकारी संस्थाबाट ऋण लिई उद्योग सञ्चालन गरेको उल्लेख गरी यो वर्ष रू.३ करोड ९६ लाख ७९ हजार ब्याज अनुदान दिएको छ । उद्यमीले लिएको ऋण परिचालनबाट उद्योगजन्य गतिविधि सञ्चालन गरेको सुनिश्चित् हुने तथा कार्यविधिले तोकेअनुसारको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेस गरेको छैन । उद्यमीको व्यवसायजन्य क्रियाकलापले औद्योगिक उत्पादन एवं रोजगारीमा वृद्धि भएको सम्बन्धमा अध्ययन गरेको छैन । मन्त्रालयबाट व्याज अनुदानको उपयोग सम्बन्धमा नियमित अनुगमन गरी तोकिएको प्रयोजनमा प्रयोग भएको सम्बन्धमा मूल्याङ्कन हुनुपर्दछ ।

५. **अनुगमन -** अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ को बुँदा नं.१४ मा अनुदानको अनुगमन तथा समीक्षा गरी कार्य प्रगति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयले कृषि उपकरण खरिद, बीउ, तरकारी तथा फलफूल खेती, उन्नत चौपाया वितरण, युवा स्वरोजगार लगायतका कार्यक्रमका लागि २० कार्यालयलाई रू.२२ करोड ६१ लाख ४ हजार अनुदान खर्च लेखेको छ । यस्तो अनुदान संघीय सरकारको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत विभिन्न आयोजनाका साथै प्रदेश सरकार मन्त्रालय मातहतका निकाय र स्थानीय तहले समेत प्रदान गरेको अवस्था छ । अनुदानको वितरण तथा उपयोगको सम्बन्धमा अन्तर निकाय समन्वय गरी अभिलेख राखेको छैन । मन्त्रालयले कृषि अनुदान सम्बन्धी कार्यविधि बनाएतापनि लक्षित कृषकलाई सुसूचित नगरेको, अनुदान प्रदान गर्दा स्थानीय तहसँग समन्वय नभएको जस्ता कारण अनुदान उपयोग अपेक्षाकृत देखिएको छैन । आयस्तर तथा रोजगारी वृद्धि हुने एवं नतिजामुखी क्षेत्रमा कृषि तथा पशु अनुदानको उपयोग गर्नुपर्दछ ।

कृषि विकास कार्यालयहरू

६. **अनुदानको अनुगमन -** अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ को बुँदा नं. १४ मा अनुदान रकमबाट सञ्चालन हुने कार्यक्रम सम्बन्धमा सम्बन्धित मन्त्रालय वा निकायबाट कम्तिमा द्वैमासिक र समन्वय समितिले चौमासिक रूपमा अनुगमन गर्नुपर्ने, समन्वय समितिले अनुगमन प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गर्नु पर्ने, मन्त्रीको अध्यक्षतामा बस्ने बैठकमा समीक्षा गर्ने अनुदान वितरणसँग सम्बन्धित कार्य प्रगतिको वार्षिक समीक्षा सम्बन्धित मन्त्रालय मार्फत् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । कृषि विकास कार्यालय, डोल्पाले ४७ नाफामूलक फर्म तथा व्यक्तिहरूलाई रू.९१ लाख ६० हजार र कृषि विकास निर्देशनालय सुर्खेतले १६२ नाफामूलक फर्म तथा व्यक्तिहरूलाई रू.८७ लाख २४ हजार समेत रू.१ करोड ७८ लाख ८४ हजार अनुदान दिएका छन् । वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी उपलब्धी मापन गरेको छैन । अनुगमन प्रभावकारी बनाई संघ तथा प्रदेशबाट वितरण हुने अनुदान दोहोरो नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

७. **कोल्डस्टोर निर्माण -** कृषि विकास निर्देशनालय, सुर्खेतले २०७९।०३।२० मा कार्य सम्पन्न गर्ने गरी रू.७३ लाख ८१ हजारमा कोल्ड स्टोर निर्माण गर्न २०७८।११।०२ मा एक निर्माण व्यवसायीसँग सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

७.१. कार्यालयले २ सय मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माणका लागि रू.१ करोड ५६ लाख ६ हजारको सामान खरिद गरेकोमा भवन तयार नभएको कारण जडान खर्च सम्झौता रकमको ३ प्रतिशतले हुने रू. ४ लाख ६८ हजार कट्टी गरी रू.१ करोड ५१ लाख ३८ हजार भुक्तानी दिएको छ । समयमा निर्माण सम्पन्न तथा खरिद सामान जडान गरी कार्य सञ्चालन नहुँदा (संरचना निर्माण रू.७३ लाख ८१ हजार समेत) रू.२ करोड २५ लाख १९ हजारको उपलव्धी देखिएको छैन । खरिद सामान जडान गरी कोल्ड स्टोर सञ्चालनमा ल्याउनुपर्दछ ।

७.२. निर्देशनालयले निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार २०७८।११।०२ मा कार्यसम्पन्न गर्नुपर्नेमा हालसम्म निर्माण सम्पन्न भएको नदेखिएकोले सम्झौता अनुसार १० प्रतिशतले हुन आउने पूर्व निर्धारित क्षतिपूर्ति रू.७ लाख ३८ हजार असुल गर्नुपर्दछ ।

७.३. निर्देशनालयले निर्माण कार्य समयमा सम्पन्न नगरी काम छाडेको पाईएकोले कार्यसम्पादन जमानत रू.१५ लाख ८५ हजार जफत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम सम्झौता उल्लङ्घन उपचारमार्फत् निर्माण सम्पन्न गर्नुपर्दछ ।

८. **कोल्डस्टोर सञ्चालन -** कृषि विकास कार्यालय, रूकुम पश्चिमले चौरजहारीमा कोल्ड स्टोर निर्माण गर्न एक निर्माण व्यवसायीसँग सम्झौता गरी २०७९।३।२२ मा मुल्य अभिवृद्धि कर सहित रू.१ करोड ७ लाख २ हजार भुक्तानी गरेको छ । उक्त स्थानमा फोर फेज लाइन ट्रान्सफर्मर तथा सञ्चालन गर्न आवश्यक पर्ने प्राविधिक जनशक्तिको व्यवस्था नभएकोले विद्युतीय यन्त्र उपकरणको परीक्षण गरी सञ्चालनमा ल्याएको छैन । यन्त्र उपकरणको वारेन्टी, ग्यारेन्टी समेतको उपयोग हुनेगरी कोल्ड स्टोर सञ्चालन गर्नुपर्दछ ।

९. **खरिद सम्झौताको अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त्य र सोको उपचार बारे उल्लेख छ । कृषि विकास निर्देशनालय, सुर्खेतले कोल्ड स्टोर निर्माण कार्य समयमा सम्पन्न नगरी निर्माण व्यवसायीले काम बिचमै छाडेको पाईएकोले कार्यसम्पादन जमानत रू.१५ लाख ८५ हजार जफत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम सम्झौता उल्लङ्घन उपचारमार्फत् निर्माण सम्पन्न गर्नुपर्दछ ।

१०. **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेसिन, औजार उपकरण आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कृषि विकास निर्देशनालय, सुर्खेतले खानेपानी डिप बोरिङ्ग, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यको लागि २२ उपभोक्ता समितिलाई रू.२ करोड २६ लाख ७९ हजार खर्च लेखेको छ । जटिल प्रकृतिका कार्य उपभोक्ता समिति मार्फत् गराउने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

११. **ऋण अनुदान -** मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ३(३) मा जगेडा कोषमा रहने रकमबाट सम्बन्धित सहकारीको लाभग्राही शेयर सदस्यलाई आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न ऋण उपलब्ध गराउने उल्लेख छ । कृषि विकास कार्यालय, जुम्लाले ४ सहकारीलाई दिएको अनुदान रू. ४१ लाख ५० हजारबाट ती सहकारीले शेयर सदस्य भन्दा बाह्य व्यक्तिलाई समेत ऋण उपलब्ध गराएको देखिएकोले कार्यविधि विपरित जगेडा कोषबाट ऋण लगानी गर्ने सहकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१२. **कार्य सम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको हकमा त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी हुनुपर्ने उल्लेख छ । कृषि विकास कार्यालय, रूकुम पश्चिमले कोल्ड स्टोर निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०८०।४।१८ मा निर्माण सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेकोमा एक बैंकको रू.१३ लाख ३६ हजारको २०७९।६।१४ सम्म म्याद रहेको कार्य सम्पादन जमानत पेस गरेको छ। ठेक्काको त्रुटी सच्याउने अवधिसम्मको कार्य सम्पादन जमानत पेस गर्नुपर्दछ।

- **बेरूजुको स्थिति -** मन्त्रालयको रू.६ करोड ४१ लाख १२ हजार बेरूजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौंट हुन नसकी सोही रकम नै बेरूजु बाँकी रहेको छ । सोमध्ये रू.५ लाख ५८ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

- **पाँच वर्षको कार्य सम्पादन स्थिति -** मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७४।०७५ देखि २०७८।०७९ सम्म यस मन्त्रालयको (५ वर्षको अवधिमा) कुल बजेट रू.११ अर्ब ६६ करोड १९ लाख २७ हजार रहेकोमा रू.९ अर्ब १३ करोड १३ लाख ६७ हजार कुल खर्च भएको छ । उक्त खर्च मध्ये पूँजीगत खर्च रू.२ अर्ब ८४ करोड २२ लाख ८४ हजार र चालु खर्च रू.६ अर्ब २८ करोड ९० लाख ८३ हजार रहेको छ । कुल खर्च मध्ये पूँजीगत खर्च ८५.७७ प्रतिशत र चालु खर्च ७५.३४ प्रतिशत रहेको छ । विगत ५ वर्षको औषत खर्च ७८.३० प्रतिशत रहेको देखिन्छ ।

  प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार तोकिएका ३३ जिम्मेवारी मध्ये कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण, कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, योजना निर्माण, कृषि औद्योगिकीकरण र पशुपंछी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन, कृषि तथा पशु रोग निदान प्रयोगशाला व्यवस्थापन, कृषि बजार, पुर्वाधार र कृषि फार्म केन्द्रको विकास, विस्तार र कार्यान्वयन लगायतका कार्य सुरु गरेको छ ।

  नियमावली अनुसार जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, कित्ता नापी र भूमि लगत, भूमिहिन सुकुम्बासी व्यवस्थापन, सहकारी बचत तथा ऋण परिचालन आदि व्यवस्था कार्यान्वयन नभएको, प्रदेश स्तरमा तर्जुमा गर्नुपर्ने जलचर संरक्षण, कृषि व्यवसाय प्रवर्धन, जिवनाशक विषादी, माटो तथा मल व्यवस्थापन, पशु सेवा तथा पशु स्वास्थ्य, कर्णाली प्रदेश जग्गा प्रशासनसँग सम्बन्धित कानुन, नीति, निर्देशिका र कार्यविधि तर्जुमा नगरेको लगायतका समस्या रहेका छन् ।

  नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू र प्रदेश सरकारले वार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औंल्याएका व्यहोराहरू विगत ५ वर्षको कार्य समिक्षा गरी आगामी दिनमा कार्य तालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ तथा कर्णाली प्रदेश सरकारको मिति २०७८।९।१३ को संशोधित कार्य विभाजन नियमावली बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशस्तरको सडक, लोकमार्ग तथा यातायात एवं प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण, शहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार लगायतका विषयको आवश्यक नीति तथा कानुन, मापदण्ड अनुरूप गुरूयोजना कार्यान्वयन, समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहतका समेत १६ कार्यालयको विनियोजन रू.६ अर्ब ६० करोड ५८ लाख ९९ हजार, राजस्व रू.२७ करोड ९ लाख ७ हजार, धरौटी रू.४१ करोड ३८ लाख ९८ हजार र अन्य कारोवार रू.१ लाख ९७ हजार समेत रू.७ अर्ब २९ करोड ९ लाख १ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सम्पादन गर्नुपर्ने जिम्मेवारी मध्ये प्रादेशिक राजधानी र अन्तर स्थानीय शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, समायोजन र पूर्वाधार निर्माण गर्ने कार्य रहेकोमा यस सम्बन्धी योजना तर्जुमा गरेको देखिएन । प्रादेशिक सडक सञ्जाल गुरूयोजना बनाई प्रादेशिक सडक विस्तार, निर्माण तथा मर्मत गरेको छैन । स्रोत साधनको व्यवस्थापन गरी कार्यक्षेत्र र जिम्मेवारी अनुरूप कार्य सम्पादन गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन -** यो वर्षको बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरू मध्ये नमूना शहर निर्माणका लागि सम्भाव्यता अध्ययन गरी आगामी आर्थिक वर्षमा परीक्षणको रूपमा कम्तीमा एक स्थानमा "नमूना शहर आयोजना" कार्यान्वयनको प्रक्रिया अगाडी बढाउने, सुरङ्ग मार्ग, जलमार्ग र रोपवे लगायतका रणनीतिक महत्वका पूर्वाधार आयोजनाको सम्भाव्यत अध्ययन गरी सार्वजनिक–निजी–साझेदारीमा सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने, प्रदेश अन्तर्गतका योजनाहरूको डिजाइन, इष्टिमेट विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने तथा खरिद प्रक्रियालाई एउटै निकायबाट सम्पादन गर्न संरचनागत व्यवस्था गर्ने, सडक पुगेका सबै स्थानीय तहमा व्यवस्थित बसपार्क निर्माणको लागि स्थानीय तहहरूसँग समन्वय र सहकार्य गर्ने , प्रदेश राजधानी र मुख्य शहरहरूमा साइकल लेन तथा पैदल यात्रुमैत्री सडक निर्माण कार्यलाई निरन्तरता दिने, राजमार्ग केन्द्रित सडक सुरक्षा परीक्षण, रिफ्रेस तथा भेहिकल फिटनेस सेन्टर स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ,प्रदेश मातहतका सबै यातायात सेवा कार्यालयको आफ्नै आधुनिक ट्रायल सेन्टर निर्माण गर्ने लगायतका कार्यक्रम कार्यान्वयन गरेको छैन । बजेटमा उल्लेखित विषय कार्यान्वयन गर्नुपर्दछ ।

३. **दिगो विकासको लक्ष्य -** नेपालले दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिवद्धता जनाए अनुसार सबै तहका निकायले उक्त लक्ष्य हासिल हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । मन्त्रालयले सञ्चालन एवं सम्पन्न गरेका सडक, सिंचाइ, खानेपानी एवं आवास लगायतका कार्यक्रमले दिगो विकासका विभिन्न लक्ष्यमा सहयोग पुगेको उल्लेख गरेतापनि कार्यक्रमगत रूपमा दिगो विकासका लक्ष्यहरू तोकी स्वीकृत गरेको देखिएन । मन्त्रालयले परिमाणात्मक लक्ष्य तोकी कार्यक्रममा समावेश गर्नुपर्दछ ।

४. **लेखापरीक्षण -** अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ को २.४ को (ङ) मा राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुने गरी अन्तर्राष्ट्रिय विकास सहायता लिने उल्लेख छ । ग्रामीण पहुँच कार्यक्रम (तेस्रो चरण) परियोजनाबाट मुगुको सदरमुकाम गमगढी देखि हुम्ला जिल्लाको दार्मासम्म यो वर्ष १४.५ किलोमिटर मुगु-हुम्ला लिङ्क सडकको लागि रू.३२ करोड ४२ लाख खर्च भएको छ । परियोजनाको व्यवस्थापन गर्न डि.एफ.आई.डि.ले एक ईन्टरनेशनल कम्पनीमार्फत् सोझै भुक्तानी गरेको उक्त रकमको लेखापरीक्षण गराएको छैन ।नीति अनुसार राष्ट्रिय बजेटमा समावेश गरी लेखापरीक्षण हुने व्यवस्था गर्नुपर्दछ ।

५. **कार्यालय सञ्चालन -** कार्यसम्पादन छिटो छरितो बनाउन रूकुम पश्चिमको चौरजहारीमा २०७६।५।२६ मा सवारी दर्ता, नामसारी, कर असुल, ब्लुबुक नवीकरण, सवारी सरूवा सहमति दर्ता, सवारी जाँच पास, रूट परमिट जारी, नवीकरण, अस्थायी रूट निर्धारण लगायतका सेवा प्रवाह गर्ने उद्देश्यले यातायात व्यवस्था सेवा कार्यालय स्थापना गरेको छ । कार्यालयबाट यस बर्ष कर्मचारीको तलब भत्ता लगायत रू. ४० लाख ३७ हजार खर्च भए पनि उद्देश्य अनुरूप कार्यसम्पादन भएको छैन । लक्ष्य अनुसार कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्नुपर्दछ ।

६. **रकमान्तर -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएका अन्य अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा वचत हुने रकम मध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही २५ प्रतिशतभन्दा बढी नहुने गरी तोकिए बमोजिम रकमान्तर गर्न सक्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयले ६ पटकमा रू.५५ करोड २ लाख ५२ हजार रकमान्तर गरेको छ। मातहतका कार्यालयको ९ योजनाको लागि रू.१ अर्ब ३६ करोड ४० लाख समेत रू.१ अर्ब ९१ करोड ४२ लाख ५२ हजार अर्थात् २७.१७ प्रतिशत रकमान्तर गरेको छ । रकमान्तर मध्ये आषाढमा रू.४२ करोड ६७ लाख ३४ हजार रहेको छ । आर्थिक वर्षको अन्तमा रकमान्तर गरी थप निकासा गरेको बजेटबाट खरिद कानुनको प्रक्रिया पुरा गर्ने अवस्था नहुँदा टुक्रा खरिद गर्ने गरेको साथै अनुगमन प्रभावकारी हुन सकेको अवस्था छैन । वर्षान्तमा रकमान्तर गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

७. **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियामवली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद संम्झौता अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने उल्लेख छ । सम्झौता अनुसार निर्धारित समयमा कार्यसम्पन्न नगरेकोले पूर्वाधार विकास कार्यालय, जाजरकोटले ४ निर्माण व्यवसायीसँग रू. २ लाख ९३ हजार, जुम्लाले १ निर्माण व्यवसायीसँग रू. ६ लाख ७३ हजार, सल्यानले ४ निर्माण व्यवसायीसँग रू. २ लाख ९२ हजार, दैलेखले २ निर्माण व्यवसायीसँग रू. ५५ लाख १६ हजार र सुर्खेतले १२ निर्माण व्यवसायीसँग रू. १ करोड ८० लाख ९ हजार समेत रू. २ करोड ४७ लाख ९३ हजार नियमानुसार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

८. **निर्माण व्यवसायीको क्षमता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ तथा २८ मा निर्माण व्यवसायीको योग्यताको आधार उल्लेख छ । निर्माण व्यवसायीको वार्षिक कारोवार, विशेष अनुभव र सम्पादन गरेको प्रमुख कार्य, नगद प्रवाहको अवस्था, जनशक्ती सम्बन्धी क्षमता, मेसिन उपकरण

सम्बन्धी व्यवस्था, श्रोतको पर्याप्तता, वित्तीय सक्षमतालाई आधार मानी तोकिएको खरिद सम्झौताका लागि संयुक्त दायित्व र संयुक्त उपक्रमका व्यक्तिगत दायित्वको व्यवस्था गरेको देखिन्छ ।पूर्वाधार विकास कार्यालय कालिकोटले १ निर्माण व्यवसायीलाई ६ र अर्को निर्माण व्यवसायीलाइ ३ तथा दैलेखले १ निर्माण व्यवसायीलाई १९ ठेक्का दिएको देखिन्छ । जसबाट योग्यता र क्षमताका कारण निर्माण कार्य समयमानै सम्पन्न भएका छैनन् । निर्माण व्यवसायीको क्षमताका आधारमा ठेक्का व्यवस्था हुनुपर्दछ।

९. **अधुरो ठेक्का -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसंग खरिद सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी जमानत जफत गरिने उल्लेख छ । पूर्वाधार विकास कार्यालय, हुम्लाले हिल्सा सिमिकोट सडक आयोजना अर्न्तगत लेखाधिंगा —नवालथुङ खण्ड निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७३।८।३० मा मूल्य अभिवृद्धि कर समेत रू.३ करोड ३४ लाख २५ हजारमा २०७५।०३।३१ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता गरेकोमा पछिल्लो पटक २०७६।८।३० सम्म म्याद थप गर्दा पनि कार्यसम्पन्न नभएको र निर्माण व्यावसायीलाई उक्त अवधिसम्म रू.२ करोड १४ लाख ९० हजार भुक्तानी भएको छ । सार्वजनिक खरिद ऐन, नियम तथा खरिद सम्झौता बमोजिम कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१०. **चेनेज ओभरल्याप -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ मा कामको आधारभूत प्रकृति वा क्षेत्र दोहोरो नहुने गरी काम गराउनु पर्ने उल्लेख छ । पूर्वाधार विकास कार्यालय, मुगुले रूगा देखि छायलासम्म जडिबुटी लोकमार्गको पहिलो खण्ड (चेनेज नं. ०+००० देखि १२+२६०) मा विस्तृत परियोजना रिपोर्ट निर्माण गरी लापुदेखि छायला सम्मको निर्माण (चेनेज नं. ५+८६० देखि १०+१८० सम्मको) ठेक्का सम्झौता भई एक निर्माण व्यवसायीलाई अन्तिम बिल रू.२ करोड १७ लाख १० हजार भुक्तानी दिई सकेकोमा सोही लोकमार्गको लापुदेखि खोला खण्डको चेनेज ७+६०० देखि ९+०८० सम्मको १.४८० किलोमिटर चेनेज दोहोरिने (खप्टिने) गरी यस वर्ष रू. १ करोड २९ लाख ३२ हजारको ठेक्का सम्झौता गरेको छ । त्यस्तै पूर्वाधार विकास कार्यालय सल्यानले वालुवा-संग्रही-कुपिण्डे-खलंगा सडक निर्माण अन्तर्गत चेनेज ०+००० देखि ११+००० काम मध्ये २ किलोमिटरमा पूर्वाधार विकास कार्यालय सल्यान र डिभिजन सडक कार्यालय दाङ्गले समेत ठेक्का लगाएको पाइयो । एउटै चेनेजमा एकै किसिमको कामको लागि दोहोरो भुक्तानी हुन सक्ने देखिएकोले उक्त सम्बन्धमा छानविन गरी दोहोरो नपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

११. **भेरिएसन -** सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत स्टयान्डर्ड विड डकुमेन्टको दफा ३६.१ मा कुनै आइटमको शुरू परिमाणको २५ प्रतिशत भन्दा बढी काम भएमा आयोजना प्रमुखले दर संसोधन गर्नसक्ने उल्लेख छ भने ३७.६ मा ३६.१ बमोजिम कुनै आइटममा २५ प्रतिशत फरक परेमा आइटम भेरिएशनको आदेश स्वीकृत हुनुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, रूकुम पश्चिमले दुई ठेक्काको लागि २ निर्माण व्यवसायीलाई रू.२० लाख ७८ हजार र दैलेखले २ ठेक्काको लागि २ निर्माण व्यवसायीलाई रू.५२ लाख ८७ हजार समेत रू.७३ लाख ६५ हजार खरिद सम्झौतामा उल्लेखित परिमाण भन्दा बढी परिमाणको भुक्तानी दिएकोमा भेरिएसन आदेश स्वीकृत गरेको छैन । भेरिएसन आदेश स्वीकृति विना भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई भेरिएसन आदेश स्वीकृत गरेर मात्र रकम भुक्तानी गर्नुपर्दछ ।

१२. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजन सम्बन्धी व्यवस्था रहेको छ । पूर्वाधार विकास कार्यालय, दैलेखले १ निर्माण व्यवसायीलाई सम्झौता अनुसार प्रथम रनिङ्ग बिल रू. ४६ लाख १९ हजारको मुल्य समायोजन फ्याक्टर १.०८७१ ले रू.४ लाख २ हजार र दोस्रो रनिङ्ग बिल रू.१ करोड ९७ लाख २८ हजारमा पेश्की रू.९ लाख ८६ हजार कट्टा गरी रू. १ करोड ८७ लाख ४२ हजारको समायोजन फ्याक्टर १.१५३२ ले हुने रू. २८ लाख ७१ हजार समेत रू. ३२ लाख ७३ हजार मुल्य समायोजन भुक्तानी दिनुपर्नेमा रू. ४१ लाख ३२ हजार भुक्तानी गरेकोले बढी भुक्तानी भएको रू.१२ लाख ६१ हजारमा मूल्यअभिवृद्धि कर समेत रू.१४ लाख २५ हजार असुल गर्नुपर्दछ ।

१३. **पाइप जडान नभएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र कार्य सम्पन्न प्रतिवेदन पेस हुनुपर्छ । पूर्वाधार विकास कार्यालय, दैलेखले एक निर्माण व्यवसायीसँग रू.९ लाख ९२ हजारका पाइप खरिद गरेकोमा उक्त पाइप हालसम्म जडान नगरी मौज्दात राखेको छ । आवश्यकता एकीन नभई खरिद गरिएको पाइपहरू आयोजनामा उपयोग गर्नुपर्दछ ।

१४. **उपभोक्ता समितिबाट कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रूपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छनः

१४.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा हेभि मेसिनहरू सम्बन्धित प्राविधिकको सिफारीसमा सार्वजनिक निकायको सहमतिलिई प्रयोग गर्न सकिनेमा त्यस्तो सहमति नलिई यस वर्ष पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले ५ उपभोक्ता समितिको योजनामा रू.६३ लाख ४९ हजार, पूर्वाधार विकास कार्यालय, जाजरकोटले १२ उपभोक्ता समितिको योजनामा रू.९८ लाख १३ हजार र पूर्वाधार विकास कार्यालय, दैलेखले १० योजनामा रू.९५ लाख ४९ हजारको काममा हेभी मेसिन प्रयोग गरेको छ । कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ।

१४.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३(क)(१) मा रू.६० लाख रूपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा उपभोक्ता समितिले गर्दा योगदान अंश खुलाउनुपर्ने व्यवस्था छ । उल्लेखित कामको लागि योगदानको अंक पाँच प्रतिशत एकमुष्ट कट्टा गरी काम गराएको छ । नियमको ब्यवस्था अनुसार सम्झौतामा नै उपभोक्ता समितिले गर्नुपर्ने योगदान किटान गर्नुपर्दछ।

१४.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेसिन, औजार उपकरणको आवश्यक नपर्ने श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले ४ उपभोक्ता समितिबाट खानेपानीको लागि डिपवोरिङ्ग कार्य गराई रू.१ करोड ४६ लाख ३७ हजार भुक्तानी दिएको छ । डिपवोरिङ्ग जस्ता जटिल प्राविधिक विषय समावेश हुने पूर्वाधार निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराएको नियमसम्मत देखिएन। निर्देशनालयले जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१४.४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरबाट गराउन नहुने उल्लेख छ। पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले ६ उपभोक्ता समितिबाट रू.५५ लाख ७८ हजार र मुगुले

२ उपभोक्ता समितिबाट रू.९८ लाख ९० हजार, जाजरकोटले १० उपभोक्ता समितिबाट रू.१ करोड ४२ लाख १२ हजार, जुम्लाले २ उपभोक्ता समितिबाट रू.१९ लाख ४६ हजार, डोल्पाले १ उपभोक्ता समितिबाट रू १९ लाख १७ हजार, सल्यानले १७ उपभोक्ता समितिबाट रू.२ करोड ४ लाख ४० हजार, दैलेखले १० उपभोक्ता समितिबाट रू.९५ लाख ४९ हजार नयाँ बाटो निर्माण र स्तरोन्नति गर्न सम्झौता गरी कार्यादेश दिएकोमा उपभोक्ताले आफैं नगरी सव कन्ट्रयाक्टरबाट कार्य गराएको छ । उपभोक्ता समितिले जिम्मा लिएको कार्य आफैले सम्पादन गर्नुपर्दछ ।

१५. **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) अनुसार सार्वजनिक निकायले सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्सको आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । प्रदेश मन्त्रालयले परामर्श सेवा खरिद सम्बन्धी नर्म्स तयार गरेको छैन । पूर्वाधार विकास कार्यालय, जाजरकोट, डोल्पा, रूकुम पश्चिम, कालिकोट, सल्यान र दैलेखले योजनाको सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन लगायतको लागि परामर्श सेवा खरिद गरी रू.४ करोड ६० लाख ७७ हजार भुक्तानी गरेका छन् । ती कार्यालयले नर्म्स वेगर बजेटको आधारमा लागत अनुमान तयार गरी परामर्श सेवा खरिद तथा भुक्तानी गरेको देखिन्छ । परामर्शदाताबाट प्राप्त प्रतिवेदन अनुसारका योजनाहरू कार्यान्वयन गरेका छैनन् । नर्म्स तर्जुमा गरी खरिद कार्य प्रतिस्पर्धी बनाई प्राप्त प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ ।

१६. **अधुरा ठेक्का -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२८ मा खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता उलङ्घन गरेमा सम्झौता जुनसुकै बखत अन्त्य गरी पेस्की र कार्यसम्पादन जमानत जफत गर्ने, पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने, बाँकी काम सम्झौता गर्नेको खर्चबाट पूरा गराउने र कालोसूचीमा राख्न लेखी पठाउने लगायतका व्यवस्था छन् । पूर्वाधार विकास कार्यालय, कालिकोटले ६ ठेक्काको रू.२ करोड ६५ लाख ७१ हजारका र सल्यानले २ ठेक्काको रू.१ करोड ७७ लाख १२ हजार समेत ८ ठेक्काको कूल रू. ४ करोड २८ लाख ८३ हजारको कार्य समयमा सम्पन्न हुन नसकी अधुरो रहेका छन् । निर्माण कार्य अधुरो रहँदा लगानीको प्रतिफल प्राप्त नहुने, ठेक्का व्यवस्थापन जटिल हुने लगायत जोखिम रहेकोले सार्वजनिक खरिद ऐन, नियमावली तथा खरिद सम्झौताको व्यवस्था अनुसार कारवाही गरी कार्य सम्पन्न गर्नुपर्दछ ।

१७. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम खरिद सम्झौतामा उल्लेखित अवधी भित्र कार्य सम्पन्न गर्नुपर्ने र नियम १२० मा खरिद संझौता बमोजिमको कार्य सम्पन्न गर्न नसकिने भएमा म्याद समाप्त हुनुभन्दा २१ दिन अगावै म्याद थपको निवेदन दिनुपर्ने व्यवस्था छ । सम्झौता अनुसार संशोधित कार्यतालिका पेस नगरेको, म्याद थप गर्नुपर्नाको पूर्व जानकारी नदिएको साथै निर्माण व्यवसायीको कारणबाट ढिलाई भई पूर्वानिर्धारित क्षतिपूर्ति लिनुपर्ने अवस्थामा पनि क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको लगायत अवस्था छ । पूर्वाधार विकास कार्यालय, कालिकोटले विगत वर्षहरूमा सम्झौता भएका २४ योजनाको रू.१ करोड ७७ लाख ३० हजारको सम्झौताको म्याद थप गरेको छ। त्यस्तै पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले रू.३२ करोड १७ लाख ७९ हजारका ८ ठेक्काको पटक पटक म्याद थप गर्दा समेत कार्य सम्पन्न नगरी निर्माण कार्य अधुरै रहेको देखियो । सार्वजनिक खरिद ऐन, नियम तथा खरिद सम्झौता बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिएर म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१८. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१.ख) मा भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पूर्वाधार विकास कार्यालय, मुगुले जडिबुटी संकलन भवन निर्माण वापत उपभोक्ता समितीलाई रकम भुक्तानी गर्दा

उपभोक्ताको अशं कटाई रू. ४७ लाख भुक्तानी गर्नुपर्नेमा रू.४९ लाख भुक्तानी दिएकोले नापजाँच भन्दा बढी रू.२ लाख, पूर्वाधार विकास कार्यालय सल्यानले ४ सडक योजनाका निर्माण व्यावसायीलाई भुक्तानी गर्दा रू.१० करोड ३३ लाख ४ हजार भुक्तानी गर्नुपर्नेमा रू.१० करोड ३७ लाख ३२ हजार भुक्तानी दिएकोले नापजाँच भन्दा रू.४ लाख २८ हजार र पूर्वाधार विकास कार्यालय दैलेखले १ सडक योजनाको रू.२० लाख २७ हजार भुक्तानी गर्नुपर्नेमा रू.२५ लाख ८५ हजार भुक्तानी दिएकोले नापजाँच भन्दा रू.५ लाख ५८ हजार समेत रू.११ लाख ८६ हजार बढी भुक्तानी गरेको देखियो । बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

१९. **सेस्ता पेस नभएको -** कर्णाली प्रदेश आर्थिक कार्यबिधि नियमावली,२०७५ को नियम १६ र नियम ६९ बमोजिम राजश्व तथा धरौटीको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, दैलेखले राजश्व रू.१९ लाख ८९ हजार तथा धरौटी रू.२ करोड ९ लाख ६० हजारको व्यवस्थित अभिलेख नराखेको कारण सो रकमको लेखापरीक्षण गरिएको छैन ।

- **बेरूजुको स्थिति -** मन्त्रालयको यो वर्ष रू.७२ करोड १८ लाख ७१ हजार बेरूजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौट रू.१८ लाख ७६ हजार फर्स्यौट भई रू.७१ करोड ९९ लाख ९५ हजार बेरूजु बाँकी रहेको छ । सोमध्ये रू.१८ करोड १६ लाख ६१ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

- **पाँच वर्षको कार्य सम्पादन स्थिति -** कार्यालय अन्तर्गत आर्थिक वर्ष २०७४।०७५ देखि २०७८।०७९ सम्म यस मन्त्रालयको (५ वर्षको अवधिमा) कुल बजेट रू. ४६ अर्ब ७० करोड ४६ लाख ३९ हजार रहेकोमा रू.२२ अर्ब ८ करोड ६५ लाख ८७ हजार कुल खर्च भएको छ । उक्त खर्च मध्ये पूँजीगत खर्च रू.२१ अर्ब १७ करोड ९२ लाख ८४ हजार र चालु खर्च रू.९० करोड ७३ लाख ३ हजार रहेको छ । कुल खर्च मध्ये पूँजीगत खर्च ४६.८५ प्रतिशत र चालु खर्च ६०.३८ प्रतिशत रहेको छ। विगत ५ वर्षको औषत खर्च ४७.२९ प्रतिशत रहेको देखिन्छ ।

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार तोकिएका २२ जिम्मेवारी मध्ये प्रदेशस्तरको उर्जा, विद्युत, सिंचाई, खानेपानी, जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी कार्यको सुरुवात गरेको, प्रदेश भित्रको सवारी दर्ता र नविकरण, चालक अनुमती र नवीकरण, सार्वजनिक यातायातको रुट अनुमति, भाडा दर निर्धारण, प्रदेश स्तरको सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन, सुरक्षित बसोवास सम्बन्धी नीति तर्जुमा र कार्यान्वयनका लगायतका कार्य सुरु गरेको छ ।

नियमावली अनुसार प्रादेशिक राजधानी र अन्तर स्थानीय शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, समायोजन र पूर्वाधार निर्माण गर्ने कार्य रहेकोमा यस सम्बन्धी योजना तर्जुमा नगरेको, प्रादेशिक सडक सञ्जाल गुरुयोजना वनाई प्रादेशिक सडक विस्तार, निर्माण तथा मर्मत नगरेको, वातावरणमैत्री यातायात प्रणालीको प्रवर्द्धन नगरेको, जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन, प्रदेश भित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन नगरेको लगायतका समस्या रहेका छन्।

नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू र प्रदेश सरकारले वार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू विगत ५ वर्षको कार्य समीक्षा गरी आगामी दिनमा कार्य तालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा स्वच्छ खानेपानी, उर्जा विद्युत, तथा सिंचाइको अध्ययन अनुसन्धान एवं गुणस्तर सुधार गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहतका समेत १५ कार्यालयको विनियोजन रू.२ अर्ब ६० करोड ६० लाख ९९ हजार, राजस्व रू.४४ लाख ५८ हजार, धरौटी रू.४२ करोड ९३ लाख ८९ हजार र अन्य कारोवार रू.५० लाख ६ हजार समेत रू.३ अर्ब ४ करोड ४९ लाख ५२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारी मध्ये प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिंचाइ तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन, ऊर्जा, विद्युत, सिंचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण, आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन, प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरूयोजना तर्जुमाका साथै अनुगमन तथा मुल्याङ्कनको काम भएको छैन । मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापनको लागि नीति तथा योजना निर्माण, जलगुण तथा वायूगुण सम्बन्धी प्रयोगशाला स्थापना भएको देखिएन । कार्य विभाजन नियमावलीले मन्त्रालयलाई तोकेको कार्य जिम्मेवारी पुरा गर्न आवश्यक व्यवस्था मिलाउनु पर्दछ।

२. **बजेट कार्यान्वयन -** बजेट तथा कार्यक्रममा प्रदेश राजधानी वीरेन्द्रनगरको खानेपानी व्यवस्थापनका लागि रू.५ करोड र आधारभूत सरसफाईको दिगो व्यवस्थापनका लागि ढल तथा फोहोरमैला व्यवस्थापन गर्न रू.२० लाख र विद्युत विकास कम्पनी स्थापनाका लागि रू.२० लाख बजेट व्यवस्था गरेकोमा सो कार्यान्वयन भएको छैन । त्यस्तै कर्णाली, भेरी वेसिन र शारदा लगायतका विभिन्न नदी किनारमा रहेका टारहरूमा सिंचाइ सुविधा विस्तार गर्न टार सिंचाइका लागि सम्भाव्यता अध्ययन तथा निर्माण कार्य गर्न रू.८ करोड बजेटको काम हुन सकेको छैन । नेपाल सरकारको सहकार्यमा २० मेगावाटसम्मका साना जलविद्युत आयोजनाहरूको सम्भाव्यता अध्ययन तथा विस्तृत डिजाइन गरी कार्यान्वयन गर्ने तथा भेरी बबई आयोजनाको बाँधस्थलमा बन्ने जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन कार्य कार्यान्वयन भएको छैन । स्थानीय सरकारको स्वामित्वमा एक मेगावाटभन्दा ठूला आयोजना निर्माण गरी उत्पादन, रोजगारी तथा ग्रामीण विद्युतीकरणमा योगदान पुऱ्याउने स्थानीय तहलाई अनुदानको व्यवस्था गर्ने कार्यक्रम रहेकोमा सोको लागि बजेट विनियोजन गरेको देखिएन । नीति तथा कार्यक्रम र बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गरी बजेटको प्रभावकारिता वृद्धि गर्नुपर्दछ ।

३. **आवधिक योजना** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(३) मा बजेट तर्जुमा गर्दा आवधिक योजनाको लक्ष्य तथा नीतिलाई ध्यानमा राखेर निर्माण गर्नुपर्ने उल्लेख छ । कर्णाली प्रदेशको आवधिक योजनाले जलविद्युत आयोजनाहरूका लागि नीति, नियम तथा संरचनाहरूको व्यवस्था गर्ने, भौतिक पूर्वाधार विकास मन्त्रालय, विद्युत प्राधिकरण र अन्य सरोकारवालाहरूको एकीकृत कार्ययोजना बनाउने, विद्युत वितरण प्रणाली स्वचालन एवं स्मार्ट ग्रीड बनाउदै लाने, जलाशययुक्त तथा पम्प स्टोरेज सिद्धान्तका आधारमा विद्युत उत्पादन कार्य अगाडि बढाउने लगायत ऊर्जा सम्बन्धी रणनीति

तथा कार्यनीति रहेको छ । त्यस्तै प्रदेश सिंचाइ विकासको गुरूयोजना तयार गरी प्राथमिकीकरणका आधारमा निर्माण गर्ने, कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकीकृत बाली तथा जल व्यवस्थापनमा जोड दिने, थोपा, फोहोरा सिंचाइ जस्ता प्रविधि उपयोग गर्ने, सम्पन्न भएका सिंचाइ आयोजना सञ्चालन तथा मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको सुनिश्चितता गर्ने जस्ता रणनीति तथा कार्यनीति अबलम्वन गरेकोमा वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरेको छैन ।

गाउँ, शहर तथा बस्तीबाट निस्कने फोहोरमैलाहरूको उचित व्यवस्थापन गर्न उपयुक्त प्रविधिको प्रयोग गरी मलमुत्र तथा फोहरलाई अर्गानिक कृषि उत्पादनमा प्रयोग गर्ने ठूला तथा शहरी खानेपानी आयोजनाहरूमा पानी प्रशोधन प्रणालीको निर्माण गर्ने जस्ता रणनीति तथा कार्यनीति अबलम्वन गरेकोमा समेत नीति तथा कार्यक्रमले सो कुरालाई समेट्न सकेको छैन । दीर्घकालीन योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

४. **रकमान्तर -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(२) मा मातहतको निकायको अनुदान संकेत अन्तर्गतको कुनै बजेट उपशीर्षकमा रकम नपुग भएमा सो अनुदान संकेत अन्तर्गत बचत भएको रकम अन्य बजेट उपशीर्षकहरूबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालु बजेट चालु र पुँजीगत बजेटबाट पुँजीगत तर्फको शीर्षकमा रकमान्तर गर्न सकिने व्यवस्था अनुसार मन्त्रालयले आषाढ महिनामा २० योजनाको रकम घटाई २६ योजनामा रकम थप गरी रू.३ करोड ५७ लाखको कार्यक्रम संशोधन/स्वीकृत गरेको देखिएको छ । वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने पद्धतीमा सुधार ल्याउनुपर्दछ ।

५. **योजना छनौट -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को दफा २२(२) मा मातहतका कार्यालयबाट बजेट अनुमान तथा वार्षिक कार्यक्रम प्राप्त भएपछि सो अध्ययन गरी बजेटलाई अन्तिम रूप दिनुपर्ने उल्लेख छ । मन्त्रालयले स्वीकृत गरेका २ हजार ४९७ योजना मध्ये १४ बहुवर्षीय योजना, १ हजार ४८४ विगतदेखि सञ्चालित पटके योजना तथा ९९९ नयाँ योजना रहेका छन् । स्थानीय आवश्यकतालाई पूर्ति गर्न जिल्ला स्थित जलस्रोत तथा उर्जा विकास कार्यालयबाट माग भएका ९३२ योजनामध्ये ७७८ योजना मात्र छनौट भई बाँकी १५४ योजना प्रक्रिया बाहिरबाट छनौट भएको छ । मागमा आधारित भन्दा अन्य कारणबाट छनौट भएका योजनाहरू स्वीकृत गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

६. **आयोजना सञ्चालन** – कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(२) मा प्रदेश सरकारले बहुवर्षीय योजना समेतमा बजेट विनियोजन गर्न सक्ने उल्लेख छ । मन्त्रालयले हालसम्म २८ बहुवर्षीय आयोजनाहरूको सम्भाव्यता अध्ययन गरेकोमा १३ आयोजनाहरू सम्पन्न भएको, १४ कार्यान्वयनमा रहेको र एक आयोजनाको लागत अनुमान स्वीकृत चरणमा रहेको छ । मन्त्रालयले यस वर्ष सञ्चालन गरेका २ हजार ४९७ आयोजना मध्ये रू.५ लाख भन्दा कमका १९०, रू.५ लाख देखि रू.२० लाख सम्मका १ हजार ६२७, रू.२० लाख देखि रू.५० लाख सम्मका ६११ तथा रू.५० लाख माथिका ६९ आयोजना रहेका छन् । बहुवर्षीय तथा दीर्घकालीन महत्वका आयोजना भन्दा पनि साना प्रकृतिका योजनामा बढी खर्च हुने गरेको देखिएको छ । बहुवर्षीय, ठुला तथा दीर्घकालीन महत्व राख्ने आयोजनामा खर्च गर्नुपर्दछ ।

७. **योजनाको निरन्तरता -** निर्माण कार्यको कुल लागत अनुमान तयार गरी आवश्यकता अनुसार सालबसाली एवं बहुवर्षीय आयोजना अनुसार कार्य सम्पन्न गरी प्रतिफल उपयोग गर्नुपर्दछ । जिल्लास्थित कार्यालयबाट पटके रूपमा बजेट प्राप्त भई निर्माण सञ्चालन भएका विभिन्न आयोजनाहरू अधुरो रहेको अवस्था छ । खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, दैलेखको मात्र सिंचाइ समानिकरणतर्फको ७३, कर्णाली प्रदेश जनता सिंचाइ आयोजनाको २४ र खानेपानी संरचना समानिकरणतर्फ ९७ योजनामा गत वर्ष रू.७१ करोड ८४ लाख ४० हजार खर्च भएकोमा ती योजनाहरूमा यस वर्ष बजेट विनियोजन नभएकोले निरन्तरता नभई सो लगानी खेरजाने स्थिति छ । जिल्ला स्थित कार्यालयहरूमा भएका यस्ता लगानीको मन्त्रालयले अभिलेख राखेको छैन । दीर्घकालीन सोच वेगर पटके कार्यक्रम स्वीकृत गरी बजेट विनियोजन गर्ने तर निरन्तरता नहुँदा विगताको लगानीको उचित प्रतिफल प्राप्त हुने देखिदैन । सालवसाली प्राप्त बजेट अनुसार लागत अनुमान तयार गरी कार्य सम्पन्न गर्नेगरी योजना स्वीकृत गर्ने तर बाँकी रहेको काम सम्पन्न गर्ने बजेट व्यवस्था नगर्ने कार्य अन्त्य गरी अनिबार्य निरन्तरता दिई बाँकी संरचना निर्माण कार्य पुरा गर्नुपर्दछ ।

८. **गुणस्तर परीक्षण तथा नियन्त्रण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र ११५ बमोजिम खरिद सम्झौता साथ पेस गरेको स्पेसिफिकेसनमा उल्लेख गरे अनुसारको फलामे डण्डी, गिट्टी, वालुवा, जी. आई. तार, सिमेन्ट, कंक्रिट, पाईप तथा फिटिङ्ग, खानेपानी र सिंचाइ संरचनाहरू आदिको गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । जिल्ला स्थित कार्यालयहरूको गुणस्तर परीक्षणको लागि आफ्नै ल्याव उपकरण र प्राविधिक जनशक्ति नरहेको, संरचनाहरू निर्माण गर्दा स्पेशिफिकेसनमा उल्लेखित स्थानको निर्माण सामग्री प्रयोग गर्नुपर्नेमा अन्य स्थानका सामग्रीहरू प्रयोग गरेको र सुपरीवेक्षण कमजोर भई गुणस्तर नियन्त्रण प्रति आश्वस्तता हुने अवस्था छैन । कार्यालयहरूले एचडिपि लगायत विभिन्न किसिमका पाइप तथा फिटिङ सामानहरू, विद्युत लाईन विस्तार गर्ने तार आदि खरिद गरेकोमा सम्बन्धित कम्पनीको डेन्सिटी लगायतका टेष्ट सर्टिफिकेसनलाई मान्यता दिई स्वतन्त्र रूपले आवश्यक पर्ने परीक्षण गरेको छैन । यसैले सम्झौतामा तोकिएको गुणस्तरीय सामग्री आपूर्ति भएको सुनिश्चित हुन सकेन ।

९. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने, नियम ६९ मा कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ । जिल्लास्थित कार्यालयहरूले यस वर्ष खानेपानी तथा सिंचाइ योजनाहरूको सम्भाव्यता तथा बिस्तृत अध्ययनका लागि परामर्श सेवा खरिद गर्दा कार्यालयको जनशक्ति अभाव देखाई तोकिए बमोजिम लागत अनुमानको प्रक्रिया पुरा नगरी बजेट रकमका आधारमा सिधै खरिद गर्ने गरेका छन् । विस्तृत प्रतिवेदन तयार गर्न दैलेख स्थित कार्यालयबाट विभिन्न ४३ आयोजनाका लागि रू.१ करोड १ लाख ८ हजार तथा सुर्खेतबाट ५ आयोजनामा रू.५२ लाख ५२ हजार खर्च गरी प्रतिवेदन प्राप्त भएको छ । कार्यान्वयनमा रहेका कतिपय आयोजनाहरूको विस्तृत अध्ययन प्रतिवेदन बेगर खरिद सम्झौता हुने तर विस्तृत अध्ययन प्रतिवेदन तयार भएका योजनाहरू कार्यान्वयन नहुने अवस्था देखिएको छ । एकै प्रकृतिको परामर्श सेवाको काम प्याकेज बनाइ प्रतिस्पर्धात्मक तवरले खरिद गर्न सकिनेमा टुक्रा बनाई सोझै खरिद गरेको नियमसम्मत देखिएन । परामर्श सेवामा भएको खर्च प्रभावकारी हुनेगरी योजना छनौट तथा कार्यान्वयन गर्ने र परामर्श सेवा खरिद समेत प्रतिस्पर्धी हुनेगरी सुधार गर्नुपर्दछ ।

१०. **निर्माण कार्य अधुरो** - मन्त्रालयबाट सञ्चालित योजनाहरू समयमा नै सम्पन्न गरीनुपर्दछ । मन्त्रालयले २०७४।११।२३ सम्ममा निर्माण सम्पन्न गर्ने गरी २०७३।११।२३ मा रू.२ करोड ६९ लाख ८० हजारको भुरचौर सिंचाइ आयोजना (भेरी नगरपालिका, जाजरकोट) र रू.२ करोड ५८ लाख ९ हजारको नायकबाडा सिंचाइ आयोजना (बारेकोट गाउँपालिका, जाजरकोट) सम्झौता गरेकोमा हालसम्म क्रमश रू.१ करोड ६५ लाख ७५ हजार र रू.१ करोड ३० लाख ४५ हजार भुक्तानी गरी बाँकी काम अधुरो रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२८ अनुसार सम्झौता उल्लंघन उपचारको कारबाही मार्फत् उक्त योजनाहरू सम्पन्न गर्ने तर्फ मन्त्रालयको ध्यान जानुपर्ने देखिन्छ ।

११. **उपभोक्ता परिचालन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रू.१ करोड रूपैयाँ सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था अनुसार खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, सुर्खेतले रू.२७ करोड ६३ लाख ५१ हजार, दैलेखले रू ५२ करोड १८ लाख ५७ हजारको संरचना उपभोक्तामार्फत् निर्माण गरेका छन् । बाँकी ८ कार्यालयहरूले समेत सोही अनुपातमा उपभोक्ता परिचालन गरेको अवस्था छ । उपभोक्तामार्फत् कार्य गराउँदा सोही नियमावलीको उपदफाहरूमा उल्लेखित उपभोक्तामा प्रतिष्पर्धा गराउन सार्वजनिक सूचना नगरेको, प्राविधिक बिल तथा कार्यसम्पन्न प्रतिवेदन एकै भएको, बिल भरपाई भिडाउने नगरेको, सामाजिक परीक्षण भएको प्रमाण संलग्न गर्ने नगरेको, उपभोक्ताहरू संस्था दर्ता ऐन अनुसार दर्ता नभई पटके गठन हुने गरेको, उपभोक्तालाई कन्टिन्जेन्सी, ओभरहेड, उपभोक्ताको अंश र मूल्य अभिवृद्धिकर भुक्तानी दिन नमिल्नेमा दिने गरेको, कामको गुणस्तर परीक्षण गर्ने नगरेको, आयोजनाको स्वामित्व र मर्मत संभार जिम्मेवारी सहित उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको लगायत व्यहोरा देखिएको छ । नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

जलस्रोत तथा उर्जा विकास कार्यालयहरू

१२. **बजेट तथा आयोजना सञ्चालन** – कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २१ अनुसार सम्बन्धित कार्यालयले बजेट तथा कार्यक्रम तयार गरी पेस गर्ने र नियम २४ अनुसार कार्यक्रम स्वीकृत गर्नुपर्ने व्यवस्था छ भने नियम २०(३)मा बजेट तर्जुमाका आधार उल्लेख छ । दैलेख स्थित कार्यालयलाई मझौला सिंचाइ कार्यक्रममा रू.५ लाख देखि ४० लाखसम्मका २३ योजनाका लागि रू.४ करोड ९२ लाख बजेट विनियोजन भएकोमा लमस्तडा लिफ्ट सिंचाइका लागि जम्मा रू.१५ लाख उपलब्ध गराएको देखिन्छ भने समयमा बजेट निकासा/कार्य सम्झौता नभएको कारण टाहारी सिंचाइ (रू.२५ लाख) सिम्तडा-डावाखेत(रू.१० लाख) र गोठीखोला(रू.५ लाख) योजनाको काम हुन सकेको देखिएन । नियमको उक्त प्रक्रिया पालना नगरी स्वीकृत बजेटको पुरै काम उपभोक्ता समितिबाट टुक्रे योजनामा खर्च भएको छ । बजेट व्यवस्था तथा आयोजना सञ्चालन कार्य दीर्घकालीन रूपमा स्थायित्व हुनेगरी सुधार गर्नुपर्दछ ।

१३. **पाइप मौज्दात** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार खरिदको आवश्यकता पहिचान गरी सो आधारमा खरिद गर्नुपर्नेमा खानेपानी आयोजनाका लागि पुरानो मौज्दात यकिन नगरी पुनः मौज्दातमा रहने गरी पाइप खरिद गरेको देखियो । गत वर्ष मौज्दात रहेका र यस वर्ष खरिद भएका विभिन्न साईजका पाईपमध्ये जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय सुर्खेतमा रू.१ करोड ३९ लाख ७३ हजार, जलस्रोत तथा ऊर्जा विकास कार्यालय, जुम्लामा रू.७३ लाख ८७ हजारको पाइप र रू.१९ लाख ६९ हजारको फिटिङ, सल्यानमा रू.४९ लाख ५१ हजारको पाइप र रू.१० लाख ८३ हजारको फिटिङ, जाजरकोटमा रू.५ लाख ६० हजारको फिटिङ्ग र हुम्लामा रू.३६ लाख ६५

हजारको पाईप र रू.४२ लाख ७८ हजारको फिटिङ समेत रू.२ करोड ९९ लाख ७६ हजारको पाईप र रू.७८ लाख ९० हजारको फिटिङ मौज्दातमा रहेकोले आवश्यकताको आधारमा मात्र सामग्री खरिद गर्ने र मौज्दात रहेका सामग्रीहरू सम्बन्धित आयोजनामा प्रयोग गरेको सुनिश्चित हुनुपर्दछ ।

१४. **पाइप जडान -** खरिद गरिएको निर्माण सामग्री नापी किताबमा प्रमाणित नभएसम्म खर्च प्रमाणित हुनसक्ने देखिदैन । यो बर्ष जलस्रोत तथा ऊर्जा विकास कार्यालय, सल्यानले रू.९ लाख ३४ हजार र रूकुम पश्चिमले रू.४ करोड ८७ लाख ४२ हजार समेत रू.४ करोड ९६ लाख ७६ हजारको पाईप जडान हुन सकेको छैन । जिन्सी खाताबाट खर्च देखाएतापनि नापी किताबमा प्रविष्टि नगरेकाले पाईप खर्च पुष्टि हुने स्थिति छैन । खरिद गरिएका पाईप सम्बन्धित योजनामा उपयोग भएको पुष्टि हुनुपर्दछ ।

१५. **पाइप सापटी -** जलस्रोत तथा ऊर्जा विकास कार्यालयहरूले उपलव्ध गराएको विवरण अनुसार जलस्रोत तथा ऊर्जा विकास कार्यालय, सल्यानले विभिन्न आयोजनामा रू.६९ लाख ६८ हजारको १ लाख १३ हजार ७४७ मिटर पाईप अन्य आयोजनाबाट सापटी ल्याई खर्च गरेको छ । अन्य आयोजनाको लागि खरिद भएको पाईप सापटी ल्याई प्रयोग गर्दा ती आयोजना प्रभावित हुनसक्ने देखिन्छ । पाईप प्राप्ति, प्रयोग र मौज्दात सम्बन्धमा स्पष्ट प्रमाण पेस गरी सापटी जनाइएका पाइपको व्यवस्थापन एवं प्रयोग भएको सुनिश्चित हुनुपर्दछ ।

१६. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१ख) मा प्राविधिक नापजाँच अनुसार नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादन अनुसारको भुक्तानी गर्नुपर्दछ । जलस्रोत तथा ऊर्जा विकास कार्यालय, हुम्लाले २३ योजनामा रू.१२ लाख, मुगुले २ योजनामा रू.२७ लाख २४ हजार, कालिकोटले ४ योजनामा रू.३ लाख ९२ हजार, दैलेखले २ योजनामा रू.२ लाख ८ हजार र रूकुम पश्चिमले ५ योजनामा रू.१० लाख २५ हजार समेत रू.५५ लाख ४९ हजार नापजाँच भन्दा बढी भुक्तानी गरेकोले सो कार्यमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाई सो रकम असुल हुनुपर्दछ ।

१७. **विद्युत पोल खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिदको आवश्यकता पहिचान गरी खरिदको परिमाण र क्षेत्र यकिन गरी सो अनुसार आर्थिक स्रोत व्यवस्था गरी खरिद विधि छनौट गर्नुपर्ने उल्लेख छ । जलस्रोत तथा उर्जा विकास कार्यालय, जुम्लाले एक निर्माण व्यावसायीसँग रू.१ करोड ७५ लाख २३ हजारको ६१० थान र सल्यानले रू.१ करोड २१ हजारका ५२८ थान समेत रू.२ करोड ७५ लाख ४४ हजारको १ हजार १३८ थान विद्युत पोल खरिद गरेकोमा ती पोलहरू मौज्दातमा रहेको देखियो । नियमको उक्त व्यवस्था अनुसार आवश्यकता पहिचान नगरी खरिद भएको देखिएको छ । खरिद भएको विद्युत पोलहरू जडान गरी कार्यसम्पन्न प्रतिवेदन पेस गर्नुपर्दछ ।

१८. **विद्युत विस्तार -** दैलेख जिल्लाको चामुण्डा विन्द्रासैनी, आठवीस, ठाँटीकाध क्षेत्रमा विद्युत विस्तार गर्न नेपाल विद्युत प्राधिकरणले पेश गरेको लागत अनुमान रू.२२ करोड ३९ लाख ९ हजार मध्ये रू.१५ करोड खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय, दैलेखले भुक्तानी गर्नेगरी २०७९।३।२२ मा उक्त प्राधिकरणसँग सम्झौता भएको पाईयो । सम्झौता अनुसार निर्माण कार्यको लागि खरिद प्रक्रिया पुरा गरी ठेक्का छनौट गर्ने जिम्मेवारी समेत विद्युत प्राधिकरण कर्णाली प्रादेशिक कार्यालय, सुर्खेतको रहेकोले उक्त रू. १५ करोड सम्बन्धित कार्यालयलाई अग्रिम रूपमा एकमुष्ट भुक्तानी गरेकोमा पेश्की नजनाई खर्चमा लेखाङ्कन गरेको देखियो । सम्झौताको बुँदा नं ७ मा ठेकेदारले काम सम्पन्न गरिसकेपछि खर्च विवरण, आवश्यक सक्कल कागजात कार्यालयलाई उपलब्ध गराउने व्यवस्था अनुसार खरिद कार्यको

फाईल लगायत ठेक्का सम्झौता रकम घटेमा सो अनुसार लागत साझेदारी कट्टा गरी बाँकी रकम फिर्ता प्राप्त गर्ने लगायत प्रक्रियाबाट उक्त रकम फरफारख गर्नुपर्दछ ।

१९. **जटिल निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १४ मा उपभोक्ता समितिबाट निर्माण काम गराउँदा श्रममुलक कामको निर्धारण गर्ने, मितव्ययिता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने आधारको विषयमा समेत विचार गरी काम गराउनुपर्ने व्यवस्था छ । लिफ्ट सिंचाइ जस्ता जटिल प्रकृतिका काम एवं पाइप खरिद मात्र गर्ने मालसामान खरिद समेत उपभोक्ता समिति मार्फत् गराएको छ । उक्त खरिद कार्यको स्पेसिफिकेसन तयार गर्ने, खरिद अनुगमन कार्यालयले निर्धारण गरेको खरिद विधि अवलम्वन गर्ने दक्षता उपभोक्ता समितिसँग नभए पनि खरिदको जिम्मेवारी दिने गरेको छ । दैलेख स्थित कार्यालयले मात्र ३ खानेपानी, २ सिंचाइको ठुला योजना लिफ्ट मार्फत् सञ्चालन भएकोमा सोमा प्रयोग हुने समरसिवल पम्प, सोलार प्यानल लगायत विद्युतीय मेसिनरी सामान खरिद उपभोक्ताबाटै गराएको छ । सो मध्ये ३ उपभोक्ता समितिले एक आपूर्तिकर्ताबाट रू.६४ लाख ३७ हजारको लिफ्टीङ्ग सामानहरू सिधै खरिद गरेका छन् । बाँकी ३ उपभोक्ताले समेत रू.२० लाख माथिका उक्त सामानहरू सिधै खरिद गरेका छन् । सार्वजनिक खरिद ऐन, नियम पालना गरी श्रममुलक कार्य र सामान आपूर्ति कार्य विभाजन गरी श्रममुलक कार्य मात्र समिति मार्फत् गरी खरिद कार्य प्रतिस्पर्धा मितव्ययी र गुणस्तरीय बनाउनुपर्दछ ।

२०. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिदमा प्रतिष्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने उल्लेख छ । जलस्रोत तथा ऊर्जा विकास कार्यालय, डोल्पाले रू.१९ लाख २१ हजार, दैलेखले रू.७८ लाख ४७ हजार, कालिकोटले रू. ४ करोड ९ लाख २७ हजार, रूकुमले रू.५९ लाख ७८ हजार, हुम्लाले रू.२८ लाख २३ हजार, सुर्खेतले रू.२ करोड १९ लाख २७ हजार समेत रू.८ करोड १४ लाख २३ हजारको सामग्री सोझै खरिद गरी भुक्तानी गरेको छ । सो खर्चलाई नियमित गरिनु पर्दछ ।

२१. **रावतकोत लिफ्ट सिंचाई -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ७ ले कार्यक्रम छनौट एवं स्वीकृत गर्दा आवधिक योजना, मध्यमकालिन खर्च संरचना र सो अनुसार बहुवर्षीय योजनाको दायित्व समेत विचार गरी आयोजनाको सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदनका आधारमा बजेट व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको छ । जलस्रोत तथा उर्जा विकास कार्यालय, दैलेखले ९३४ घरलाई खानेपानी वितरण गर्नका लागि २ स्टेपमा ५६० मिटर उचाइमा १ लाख लिटरको ट्यांकीबाट खानेपानी वितरण गर्न यसवर्ष रू.८९ लाख ९६ हजार खर्च गरी इनार निर्माण, सोलार तथा पम्प जडान कार्य गरेको छ । बिस्तृत योजना प्रतिवेदन बेगर सञ्चालन भएको सो योजनाको २ वटै सोलार प्यानल सामुदायिक जंगलभित्र राखेको छ । उक्त योजना बहुवर्षीय भएपनि सालवसाली रूपमा टुक्रा गरी बजेट आएको कारण योजनाको कुल लागत र क्रियाकलापहरू यकिन भइसकेको छैन । स्रोत सुनिश्चितता नभएबाट आयोजनाको सबै काम उपभोक्तामार्फत् भइरहेको छ । ट्यांकी निर्माण, वाटर पम्प, सोलार लगायत जटिल प्रकृतिका काम समेत उपभोक्ताले सम्पन्न गरेको छ । समय, लागत र क्रियाकलाप यकिन गरी गुणस्तरीय र मितव्ययी ढंगबाट योजना सम्पन्न हुने सुनिश्चित गर्नुपर्दछ ।

२२. **कोटिलाताल पञ्चकोशी जलाशय -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २४ बमोजिम कार्यक्रम स्वीकृत गरी खर्च गर्नुपर्नेमा कोटिलाताल पञ्चकोशी जलाशय निर्माणका लागि जलस्रोत तथा ऊर्जा विकास कार्यालय, दैलेखले खोल्सी संरक्षण कार्यक्रम गर्न रू.१ करोड ५० लाख बजेट स्वीकृत भई एक निर्माण व्यवसायीको मुल्य अभिवृद्धि कर समेत रू.६१ लाख २२ हजारमा तटबन्ध निर्माण गरेको छ । वाँकी रकमबाट सोही निर्माण व्यवसायीलाई कोटेशनबाट रू.९ लाख ९३ हजारको

थप तटबन्धन जाली लगाउने काम दिई खर्च गरेको छ । जलाशयको गुरूयोजना बनाए पनि आधिकारिक निकायबाट स्वीकृत नभएको तर सालबसाली पटके बजेट प्राप्त हुने गरेको देखियो । जलाशय निर्माणका लागि मुहानका खोल्सीहरू संरक्षण गर्दै गई कोटीला क्षेत्रमा जलाशय निर्माण गर्ने उक्त महत्वकांक्षी योजनाका लागि बिस्तृत आयोजना प्रतिवेदन तयार गरी निश्चित समयमा कार्य सम्पन्न गर्ने गरी गुरूयोजना स्वीकृत गरेर मात्र खर्च गर्नुपर्ने देखिन्छ ।

२३. **लात्य लालिकाँडा खानेपानी -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २१ ले कार्यालयले बजेट तर्जुमा गर्दा आगामी वर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत सहित बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । दैलेखको लात्य लालिकाँडा खानेपानी आयोजना निर्माण गर्न एक निर्माण व्यवसायीसँग सम्झौता गरी इन्टेक, फेरोट्याङ्क र गार्ड भवन निर्माणमा रू.१ करोड २ लाख ६२ हजार खर्च गरी कार्य स्वीकार प्रतिवेदन जारी गरेको देखियो । लाभग्राही समुदायको घरमा धारा जोडी पानी पुऱ्याउने काम बाँकी नै रहेको छ । ठुला आयोजनाहरूको निर्माण गर्दा कुल लागत अनुमान, निर्माण व्यवसायीबाट गराउनुपर्ने जटिल काम र उपभोक्ताबाट गराउन सकिने श्रममुलक काम छुट्याई एकमुष्ट लागत अनुमान तयार गरी कार्य गर्नका लागी लागत अनुमान, आयोजना स्वीकृती जस्ता विषयमा सुधार गर्नुपर्दछ । साथै आयोजनाको बाँकी क्रियाकलाप निरन्तर सञ्चालन गरी उक्त लगानी सदुपयोग गर्नुपर्दछ ।

२४. **निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा निर्माण कार्यको कुल लागत अनुमान तयार गरी सो अनुसार क्रमिक रूपमा सञ्चालन तथा निर्माण लगायत कार्य सम्पन्न भएपछि विद्युत व्यस्थापन गर्नुपर्नेमा जलस्रोत तथा ऊर्जा विकास कार्यालय, दैलेखले यो वर्ष गाड खोला मल्की लिफ्ट सिंचाइ योजना, दुल्लुका लागि समरसिवल पम्प, १५ केभी कन्ट्रोल प्यानल तथा सोलार प्यानल लगायत सामानहरू खरिद एवं घेरावार समेतको काम सम्पन्न गरेको छ । योजनाका लागि पानी ट्यांकी निर्माण, वितरण च्यानल लगायत कार्य आगामी वर्षहरूमा हुने जनाएको छ । प्राप्त बजेट अनुसार लागत अनुमान तयार गर्ने र सो अनुसारको कार्य स्वीकार गर्ने गरेकोले योजनाको कुल लागत, समय र बजेट व्यवस्थापन एवं अपेक्षित उपलब्धी यकिन हुने अवस्था छैन । खरिद गरिएका सोलार प्यानलको २५ वर्ष, पम्प तथा कट्रोलरको २ वर्ष वारेन्टी अवधि प्रयोग नै नगरी समाप्त हुने अवस्था छ । प्राप्त सामानहरू जडान गरी कार्य योजना अनुसार आयोजना सञ्चालन गर्नुपर्दछ ।

२५. **प्रतिस्पर्धा बेगर खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रू.२० लाख भन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्र आह्वान गरी गर्नुपर्ने व्यवस्था भएकोमा जलस्रोत तथा ऊर्जा विकास कार्यालय, रूकुम पश्चिमले एक खानेपानी आयोजनामा रू.८६ लाख २ हजारको सोलार प्यानल तथा एक सिंचाइ आयोजनामा रू.४९ लाख ८५ हजारको पाइप समेत रू.१ करोड ३५ लाख ८७ हजारको सामान उपभोक्ता समितिमार्फत् खरिद गरेको छ । प्रतिस्पर्धा बेगर मालसामान खरिद गर्ने कार्यमा नियन्त्रण हनुपर्दछ ।

- **बेरूजुको स्थिति -** मन्त्रालयको यो वर्ष रू.३६ करोड ७८ लाख १४ हजार बेरूजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौट रू.३१ लाख ८३ हजार फर्स्यौट भई रू.३६ करोड ४६ लाख ३१ हजार बेरूजु बाँकी रहेको छ । सोमध्ये रू.७४ लाख म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा शिक्षा, स्वास्थ्य तथा जनसंख्या, सरसफाई, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा, युवा तथा खेलकुद, भाषा, धर्म संस्कृति र श्रम रोजगार लगायतका ५८ कार्य गर्न २०७४।१०।१० मा कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र तोकेको छ ।

यो वर्ष मातहतका ४१ कार्यालय समेतको विनियोजन रू.४ अर्ब ६९ करोड ९८ लाख ५४ हजार, राजस्व रू. १ करोड ८९ लाख १३ हजार, धरौटी रू.११ करोड १८ लाख ३८ हजार र अन्य कारोबार रू.७ करोड ४२ लाख २४ हजार समेत रू.४ अर्ब ९० करोड ४८ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। त्यसैगरी अन्य संस्था र समितितर्फ १० निकायको रू.३ अर्ब ७६ करोड ८३ लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **ऐन नियम तर्जुमा -** मन्त्रालयले आफ्नो कार्य जिम्मेवारी बमोजिमको कार्य पुरा गर्न विभिन्न कानुन निर्माण गर्नुपर्नेमा हालसम्म ३ नीति, ३ ऐन तथा ७ कार्यविधि कानुन पारित भएको छ । मन्त्रालयलाई तोकिएका काममध्ये शिक्षा, बालबालिकाको हक अधिकार संरक्षण, उपेक्षित उत्पीडित वर्ग, कर्णाली प्रदेश खेलकुद विकास, प्रदेश स्वास्थ्य सेवा, प्रदेश घरेलु हिंसा नियन्त्रण कानुन, महिला,बालबालिका तथा सामाजिक सुरक्षा, प्रदेश स्वास्थ्य सेवा प्रवाह, छाउगोठ अन्त्य तथा मर्यादित महिनावारी प्रवर्द्धन लगायतका कामसँग सम्बन्धित ऐन, नियम, नीति, निर्देशिका र कार्यविधि तर्जुमा गरेको देखिएन ।ती कानुन यथाशिघ्र तर्जुमा गरी कार्य सञ्चालन गर्नुपर्दछ।

२. **कार्य जिम्मेवारी** - प्रदेशमा मन्त्रालयको शिक्षा, स्वास्थ्य तथा जनसंख्या, सरसफाई, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा, युवा तथा खेलकुद, भाषा, धर्म संस्कृति र श्रम रोजगारसँग सम्वन्धित ५८ कार्य जिम्मेवारीहरू रहेको छ ।उक्त कार्यमध्ये प्रदेशस्तरको विश्वविद्यालय तथा उच्चशिक्षा, ध्वनि एवं हावाको गुणस्तर, समाज कल्याण र संघसंस्था सम्बन्धी, भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण, ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं कला र वास्तुकला, सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तु, औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी प्रादेशिक नीति, कानुन निर्माण र नियमन गर्ने कार्यहरू कार्यान्वयन गरेको देखिएन । साधन श्रोत व्यवस्थापन गरी कार्य जिम्मेवारी पुरा गर्नुपर्दछ।

३. **विनियोजन दक्षता -** यो वर्ष मन्त्रालयलाई पुँजीगत तर्फ रू.६१ करोड ६५ लाख बजेट स्वीकृत भएकोमा रू.१ करोड २७ लाख मात्र खर्च (२.०६ प्रतिशत) गरेको छ । चालु तथा कार्यक्रम तर्फ खर्च रू.३० करोड ३९ लाख १ हजार बजेट व्यवस्था भएकोमा रू.११ करोड ६७ लाख ९ हजार (३८.४० प्रतिशत) खर्च भएको छ । त्यस्तै मन्त्रालय र मातहतको लागि कुल रू.६ अर्ब ४३ करोड ६ लाख ८४ हजार बजेट व्यवस्था भएकोमा रू.४ अर्ब ७१ करोड ४८ लाख २९ हजार (७३.३० प्रतिशत) खर्च हुन गई कार्यदक्षता न्यून देखिएको छ । खर्च गर्ने क्षमता वृद्धि गरी लक्ष्य अनुरूप प्रगति हासिल गर्नुपर्दछ ।

४. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारको नीति र कार्यक्रमलाई बजेटले सम्बोधन गर्नुपर्दछ। मन्त्रालयसँग सम्बन्धित जीविकोपार्जनका कार्यक्रम, छोरी बुहारी मूलप्रवाहीकरण, दलित महिला आय आर्जन कार्यक्रम, राउटे, बादी, राजी लगायत अल्पसंख्यक, सीमान्तकृत, र लोपोन्मूख समुदायको उचित जीविकोपार्जन सामाजिक सुरक्षाका कार्यक्रम, जेष्ठ नागरिकको सम्मान र सुरक्षाका लागि बृद्ध-आश्रम, मिलनकेन्द्र जस्ता सामुदायिक संस्थालाई, खस भाषाको शब्दकोष तयार, सिंजा क्षेत्रको पुरातत्व, दुल्लुस्थित नेपाली भाषाको सर्वप्राचीन अभिलेख, कृतिखम्व लगायतका प्रदेशमा रहेका ऐतिहासिक गढी, किल्ला र देवलको संरक्षण, प्रदेश संग्रहालयको स्तरोन्नति गर्ने कार्यलाई यो वर्षको बजेटले समेटेको छैन । प्रदेश र स्थानीय तहबाट समन्वयात्मक रूपमा सम्पादन गर्ने कार्यहरू गर्दा स्थानीय तहसँगको सहकार्यमा प्राथमिकता निर्धारण गरी कार्यक्रम स्वीकृत एवं कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

५. **बजेट वक्तव्य कार्यान्वयन** - प्रदेश सरकारको बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरूमध्ये मन्त्रालयको भवन निर्माण, सुर्खेतमा उच्च क्षमताको अक्सिजन प्लान्ट तथा सबै अस्पतालमा मिनि अक्सिजन प्लान्ट जडान, सुर्खेतको बबई र सल्यानको कपुरकोटमा सेन्सर उपकरणसहितको स्वास्थ्य चेकजाँच र उद्धार, दैलेखको राकम कर्णालीमा ट्रमा सेन्टर निर्माण, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना, प्रत्येक स्थानीय तहमा एक वटा नमूना विद्यालय सञ्चालन, हिमाली र विकट पहाडी जिल्लामा आवासीय विद्यालय सञ्चालन, घरवार विहीन सम्पूर्ण वादी र गाईने समुदायलाई घर निर्माण तथा प्रत्येक घर स्वरोजगार कार्यक्रम, एक जिल्ला एक बहु प्राविधिक उच्च शिक्षालय स्थापना तथा प्राविधिक उच्च शिक्षा सञ्चालन गर्ने, कर्णालीलाई साक्षर प्रदेश घोषणा गर्ने, रूकुम पश्चिममा कृषि विज्ञान प्रतिष्ठान स्थापना गरी सञ्चालन गर्ने, भाषा, कला, साहित्य प्रतिष्ठान गठन, लगायतका कार्यक्रम सञ्चालन गरेको देखिएन । बजेट बक्तव्यमा तोकिएका कार्यहरू कार्यान्वयन गरी बजेटका लक्ष्य तथा उद्देश्य प्राप्त गर्नुपर्दछ ।

६. **दिगो विकास लक्ष्य** - पन्ध्रौ योजना अनुसार दिगो विकास लक्ष्यलाई कार्यान्वयन गर्न आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्दा लक्ष्य अनुसार भए नभएको मूल्याङ्कन गर्नुपर्दछ । यसका लागि संघ, प्रदेश, स्थानीय तह र सरोकारवालासँग समेत समन्वय गर्ने प्रदेश र स्थानीय तहमा योजना छनौट एवं कार्यान्वयन गर्दा दिगो विकास लक्ष्यसँग आवद्ध हुने योजना छनौट गर्नुपर्दछ । नेपालले दिगो विकासका लक्ष्यहरूमा प्रतिवद्धता जनाए अनुसार सबै तहका निकायले उक्त लक्ष्य हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । मन्त्रालयले सञ्चालन एवं सम्पन्न गरेका शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्र लगायतका कार्यक्रममा दिगो विकासका लक्ष्यसँग सामञ्जस्य हुने सूचक उल्लेख गरी स्वीकृत गरेको देखिएन । दिगो विकास लक्ष्य सम्बोधन हुने गरी सूचक निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **रकमान्तर** - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(२) मा चालु बजेटबाट चालु खर्च शीर्षक र पुँजीगत बजेटबाट पुँजीगत खर्च शीर्षकमा जुन शीर्षकमा रकमान्तर गरिने हो सोको २५ प्रतिशत भन्दा बढी नहुने गरी सम्बन्धित सचिवले र सो भन्दा बढी रकम एक उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्न सक्ने व्यवस्था छ । यस वर्ष मन्त्रालयको पुँजीगत बजेट शुरूमा रू.६१ करोड ६५ लाख विनियोजन भएकोमा २२ पटक सम्म रू. ५९ करोड ८५ लाख ४४ हजार (९७.०८ प्रतिशत) रकमान्तर गरेको छ । कानुनले तोकेको भन्दा

बढी रकम बजेट रकमान्तर नियम सम्मत छैन । कानुन विपरीत रकमान्तर गरी खर्च गर्ने पद्धतिमा सुधार गर्नुपर्दछ ।

८. **कार्यक्रम कार्यान्वयन -** प्रदेश सरकारले महिला वर्गको उत्थान, सशक्तिकरण र समग्र विकास तथा बालबालिकाहरू माथिको लैङ्गिक विभेद अन्त्य गर्न, सामाजिक कुसंस्कारको रूपमा रहेको वालविवाह रोक्न र बालिकाहरूको कम्तिमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न "बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीको" कार्यक्रम २०७५।७६ देखि कार्यान्वयनमा ल्याएको छ । उक्त कार्यक्रममा मन्त्रालयलले यस वर्ष मात्र रू. १३ करोड ६५ लाख ८४ हजार खर्च गरेको छ । यस प्रकारको वितरणमुखी कार्यक्रम स्वीकृत गर्दा सोको लागत लाभ विश्लेषण गरी कार्यान्वयन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्नानुसार छन्

८.१. कार्यक्रम सम्बन्धी निर्देशिका अनुसार प्रतिमहिना पाँचसय रूपैया दरले नवजात छोरीको नाममा बैंकमा खातैखोली २० वर्षसम्म प्रदेश सरकारले रकम जम्मा गर्ने व्यवस्था छ । त्यसरी खोलिएका बैंक खाताहरूको लगत व्यवस्थापन तथा दायित्व भुक्तानी गर्ने स्रोतको सुनिश्चितता लगायतका विषय सहज देखिदैन । निर्देशिकाको शर्त पालना नभएमा उक्त रकमको साँवा व्याज भुक्तानी गर्ने सम्बन्धमा स्पष्ट उल्लेख छैन । दीर्घकालीन दायित्व भएको कार्यक्रमका लागि रकम अपुग भई स्थानीय तहहरूले सिफारिस अनुसार सबै खातामा रकम जम्मा गर्न सकेको स्थिति छैन ।

८.२. जन्मिएका छोरीहरूको आधारमा भुक्तानी रकम बढ्दै जाने र हरेक वर्ष थपिदै जाने यो रकम बीसौ वर्ष सम्म मौज्दात परिचालन हुने देखिदैन । मुद्धती प्रकृतिको खातामा रहने यस्तो रकममा चालु प्रकृतिको खातामा दिने व्याज समेत प्राप्त हुने अवस्था नभएको, ठुलो परिमाणमा रहने खाता सञ्चालनबाट प्रदेशको अर्थतन्त्रमा समेत असर पर्ने देखिएको छ । यस सम्बन्धमा दीर्घकालिन अवधारणा सहित कार्यान्वयनको सुनिश्चित्ता हुनुपर्दछ ।

सामाजिक विकास कार्यालयहरू

९. **कार्यालयको औचित्य** - सेवा प्रवाहको आवश्यकता अनुसार कार्यालय स्थापना गर्नुपर्दछ । मन्त्रालय मातहत रहेका शिक्षा विकास निर्देशनालय, सुर्खेत र जिल्ला स्थित ९ सामाजिक विकास कार्यालयहरूले संघीय तथा स्थानीय तहहरूले गर्दै आएको विद्यालय भवन निर्माण अनुदान, छात्रवत्ति वितरण, युवा लक्षित तालिम लगायतका कार्य गर्दै आएको छ । यो वर्ष १० जिल्लाका सामाजिक विकास कार्यालयहरूले रू.१५ करोड ४८ लाख २३ हजार चालु खर्च गरेका छन । विद्यालय शिक्षा सम्बन्धी सम्पूर्ण कृयाकलाप स्थानीय तहको क्षेत्राधिकार भित्र रहेकोले यी कार्यालयहरूको औचित्य छैन । कार्यक्षेत्र दोहोरो परेका यस्ता कार्यालयहरू बन्द गरी खर्च घटाउनुपर्दछ ।

१०. **दर विश्लेषण** - नेपाल सरकारद्धारा स्वीकृत सार्वजनिक निर्माण सम्बन्धी नर्म्समा मानिसबाट गर्ने र मेसिनबाट गर्ने कामको नर्म्स फरक फरक रहेको छ । सामाजिक विकास कार्यालय, दैलेखले ८ विद्यालयले जेसिवी मेसिनबाट खेल मैदानका लागि जमिन सम्याउने काम गरेकोमा मानिसबाट काम गर्ने नर्म्सको आधारमा भुक्तानी गरेको छ । स्वीकृत जिल्ला दर रेट अनुसार मानिसबाट काम गराउँदा हुने दररेट प्रति घन मीटर रू.३६०.२९ को दरले भुक्तानी भएको उक्त काम मेसिनद्वारा गराउँदा (९०

प्रतिशत मेशिन र १० प्रतिशत मानिसद्वारा) दर विश्लेषणको आधारमा प्रति घनमिटर रू.१०३.१९ हुने देखिन्छ। यसरी बढी भुक्तानी भएको रू.३२ लाख ३८ हजार असुल गर्नुपर्दछ ।

११. **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण एवं परीक्षण गर्नु/गराउनुपर्ने व्यवस्था छ । सामाजिक विकास कार्यालय जुम्लाले विद्यालय व्यवस्थापन समिति मार्फत् जुम्लाको गुठीचौर गाउँपालिकाको सत्यवादी माध्यमिक विद्यालय, दशौदीमा रू.४८ लाख ४९ हजारमा निर्माण गरेको २ तल्ले ६ कोठे भवनको ढलानबाट पानी चुहिएको देखियो। जुम्लास्थित कार्यालयबाट मात्र विभिन्न विद्यालयहरूमा रू.३ करोड ७३ लाख ९७ हजारको विद्यालय भवन निर्माण भएकोमा निर्माण सामग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण भएको छैन । उक्त भवनहरूको क्युब टेस्ट लगायतका अन्य परीक्षण नभएबाट गुणस्तर आश्वस्तता हुन सक्ने अवस्था छैन। भवन निर्माणमा संलग्न विद्यालय व्यवस्थापन समिति पदाधिकारी, भवनको नापजाँच गर्ने प्राविधिक कर्मचारी तथा कार्यालय प्रमुखलाई जिम्मेवार बनाई गुणस्तर कायम गर्नपर्दछ ।

अस्पतालहरू

१२. **अस्पताल पूर्वाधार** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा खरिद गर्नु अघि आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारले पूर्वाधार विकास कार्यालयहरू तथा स्थानीय तह मार्फत् एवं संघीय सरकारले सबै स्थानीय तहमा १५ शैयाको अस्पताल निर्माण गरी अस्पताल संरचनाहरू निर्माण गर्दै गरेको देखिन्छ । महावु गाउँपालिका, दैलेखमा पूर्वाधार विकास कार्यालयबाट रू.४ करोड ८ लाख २७ हजारको लागतमा अस्पताल निर्माण गरेकोमा सोही स्थानमा संघीय सरकारबाट १५ शैयाको अस्पताल निर्माण भैरहेको छ । हाल कोभिड महामारीको समयमा आइसोलेशनका लागि निर्माण भएको भवनमा अस्पताल सञ्चालन भईरहेको छ । भौतिक पूर्वाधार निर्माण गर्दा आवश्यकता लगायत अन्य अवयवहरू समेतको आधारमा संरचनाहरूमा लगानी गर्नुपर्दछ ।

१३. **उपकरण प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ ले खरिद गर्नु अघि आवश्यकता पहिचान गर्नुपर्ने तथा नियम ५ मा मालसामान खरिद गर्नु अघि स्पेशिफिकेसन, योजना, डिजाइन, विशेष आवश्यकता लगायत विवरण तयार गर्नुपर्ने व्यवस्था छ । सुर्खेत जिल्लाको मेहलकुना अस्पतालका लागि स्वास्थ्य उपकरणहरू खरिद गरेता पनि स्थान अभाव भएको जनाई प्रदेश प्रयोगशालामा रू.७९ लाख १२ हजारको ल्याव एनालाईजर मेसिन तथा क्षेत्रीय मेडिकल स्टोर नेपालगञ्जमा रू.९७ लाख २९ हजारको पी.आई.सि.यू. सामग्री थन्किएको अवस्था छ । आवश्यकता पहिचान तथा संघीय सरकार तथा स्थानीय तहसँग समन्वय नगरी उपकरण खरिद गर्दा त्यसको प्रतिफल प्राप्त नहुँने हुँदा उपकरण उपयोग हुने व्यवस्था गरिनुपर्दछ ।

१४. **मेसिन खरिद** - अस्पतालले खरिद आवश्यकता पहिचान गरी खरिद गर्नुपर्दछ । प्रदेश अस्पताल, सुर्खेतले एम.आर.आई.३.० टेस्ला मेसिन खरिद गर्न एक बैंङ्कमा युरो २२ लाख ५० हजारको ने.रू. १२९.६२ ले हुने रू.२९ करोड १६ लाख ३२ हजारको प्रतित पत्र खोलेको देखियो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

१४.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सम्भव भएसम्म सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिका खरिद गर्दा लागेको वास्तविक लागत एवं अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च समेत विचार गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । अस्पतालले उक्त मेसिन खरिदका लागि लागत अनुमान तयार गर्ने प्रयोजनको लागि सूचिकृत ३ फर्मबाट दररेट प्राप्त गरी सो आधारमा कन्टिन्जेन्सी र मूल्य अभिबृद्धि कर समेत रू.३० करोड ९४ लाख ८९ हजारको लागत अनुमान तयार गरी खरिद कार्य गरेको छ । अन्य सरकारी अस्पतालको खरिद मूल्यलाई आधार लिएको देखिएन । साथै उत्पादक कम्पनीहरूद्धारा प्रकाशित मूल्यलाई आधार लिई अनुमानित ढुवानी खर्च जोडेर लागत अनुमान निकाल्ने व्यवस्थाको समेत पालना गरेको छैन ।

१४.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ ले खरिद गर्नु अघि आवश्यकता पहिचान गर्नुपर्ने तथा नियम ५ मा मालसामान खरिद गर्नु अघि स्पेशिफिकेसन, योजना, डिजाइन, विशेष आवश्यकता लगायत विवरण तयार गर्नुपर्ने व्यवस्था छ । अस्पतालले उक्त मेसिन खरिद गर्न एक सप्लायर्ससँग २०७९।११।१८ सम्ममा सप्लाई गर्नुपर्ने र मेशिन सिपमेन्ट भएपछि ८० प्रतिशत र जडान तथा सञ्चालन पछि २० प्रतिशत भुक्तानी गर्ने गरी २०७९।०३।२१ मा सम्झौता भएको छ । सम्झौता अवधी १ महिना बाँकी हुँदा समेत मेशिन सिपमेन्ट नभएकोले उक्त मेसिन समयमा आपूर्ति हुने देखिएन। मेसिन जडान गर्ने भवन लगायत भौतिक संरचना तयार गरेको छैन । मेसिन सञ्चालन गर्न ५ वर्षसम्म कम्पनीले प्राविधिक जनशक्ति व्यवस्थापन गर्ने गरी सम्झौता भएको छ । उक्त मेशिन समयमै प्राप्त गरी उपयोग गर्नुपर्दछ ।

१५. **थप व्ययभार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ बमोजिम मालसामान खरिद गर्दा बोलपत्रदाताको मालसामानको प्राविधिक स्पेशिफिकेशन लगायतका पूर्व योग्यताको आधार तयार गरी मुल्यांकन आधार समेत खुलाई बोलपत्र गर्नुपर्दछ । प्रदेश अस्पताल, सुर्खेतले मेडिकल उपकरण खरिदका लागि २०७९।१।९ मा प्रकाशित सूचना तथा वोलपत्र कागजातमा उपकरण जडान गरी देखाउनुपर्ने शर्त नरहेको अवस्थामा उक्त शर्त बोलपत्र दाताहरूलाई पत्राचार गरेको छ । सारभूत प्रभावग्राही र न्यून अंक कबोल गर्ने एक इन्टरप्राइजेजले अस्पतालमा आई प्रदर्शन गर्न नसकिने तर सोही ब्राण्ड र फिचरको ८ थान मेसिन अर्को अस्पतालमा केही समय अगाडि आपूर्ति गरेकोले सोको लागि लाग्ने यातायात लगायत खर्च कम्पनीबाट व्यहोरी देखाउन सक्ने उल्लेख गरी जवाफ पेश गरेकोमा निजलाई मुल्यांकनबाट हटाई अर्का आपूर्तिकर्ताबाट मूल्य अभिवृद्धि कर समेत रू.९ लाख २ हजार बढी मुल्यमा खरिद गरेको देखियो । त्यस्तै २०० थान पोलिथिन पियु सिरिज चेयर खरिद कार्यको लागि २ सप्लायर्स छनौट भएकोमा ५ दिनभित्र नमुना माग गरेकोमा एक फर्निचरले विदेशबाट सामान सप्लाई गर्नुपर्ने भएकोले ६० देखि ९० दिन लाग्ने व्यहोरा पेस गरेको आधारमा मूल्याङ्कनमा समावेश नगरी अर्को प्रा.लि.सँग रू.१३ लाख ८१ हजार बढी मुल्यमा सामान खरिद गरेको छ । बोलपत्र कागजातमा उल्लेख नभएको शर्त समावेश गरी बोलपत्र मूल्याङ्कन गरेको कारण अस्पताललाई रू.२२ लाख ८३ हजार थप व्ययभार परेको देखिएकोले संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१६. **स्वास्थ्य उपकरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ ले खरिद कारबाही गर्नु अघि खरिदको आवश्यकता पहिचान गर्नुपर्ने उल्लेख छ । मेहलकुना अस्पताल, सुर्खेतले यस वर्ष एक प्रा.लि.

बाट पिआईसियू का लागि आवश्यक वोर्ड मोनिटर, सिरिन्ज पम्प, इन्फ्यूजर पम्प, भेन्टिलेटर लगायत १० सेट सामान खरिद गरी रू.२ करोड ४६ लाख २६ हजार भुक्तानी गरेकोमा प्रयोग नगरी स्टोरमा राखेको छ । सोही अस्पतालका लागि रू.७९ लाख १२ हजारको ल्याव एनालाईजर मेसिन खरिद गरी प्रदेश प्रयोगशालामा राखेको छ । त्यस्तै रू.९७ लाख २९ हजारको विभिन्न उपकरण खरिद गरी अस्पतालमा जडान नभई नेपालगञ्ज स्थित क्षेत्रीय मेडिकल स्टोरमा राखेको छ । आवश्यकता यकिन नगरी विभिन्न निकायबाट बजेट व्यवस्था गरी खरिद गरेको नियमसम्मत देखिदैन।

१७. **राजस्व दाखिला -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २४ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने तथा उपदफा (२) मा उपदफा १ बमोजिम दाखिला नगरेमा दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी विभागीय कारबाही समेत गर्न सक्ने व्यवस्था छ । मेहलकुना अस्पताल, सुर्खेतका कार्यालय प्रमुखले वर्षभरी नगदमा प्राप्त राजश्व रू.४६ लाख ६ हजार मिति २०७९।०६।११ मा मात्र दाखिला गरेको देखिएकोले नियमानुसार विभागीय कारबाही गरी ढिलो दाखिला गरेवापतको जरिवाना रू.४ लाख ६१ हजार असुल गर्नुपर्दछ ।

स्वास्थ्य सेवा कार्यालयहरू

१८. **पूर्व योग्यताको आधार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३३ मा सार्वजनिक निकायले पूर्व योग्यताको प्रस्ताव आव्हान गर्नु अघि नियम २५ तथा २६ बमोजिम निर्धारित पूर्व योग्यताको आधार विभागीय प्रमुखबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । स्वास्थ्य सेवा कार्यालय रूकुम पश्चिमले लागत अनुमान रू.२० करोड ५७ लाख ५२ हजार भएको अस्पताल भवनको स्तरोन्नतीको बोलपत्र सूचना प्रकाशन गर्दा अन्य कुराका अतिरिक्त अस्लार मेसिनरी कार्य ६३१ घ.मी. गरेको हुनुपर्ने समेत मुख्य योग्यता उल्लेख गरेको पाइयो । कार्यालयमा पेस भएका २ थान बोलपत्र मध्ये एक जे.भि. को प्रस्ताव प्राविधिक रूपमा अयोग्य मानी अस्वीकृत गरेको छ भने प्राविधिक मूल्याङ्कनमा अर्को बोलपत्रको उक्त कार्यको अनुभव सम्बन्धमा खुलाएको छैन । सो कार्यको लागि मूल्य अभिवृद्धि कर वाहेक रू.२० करोड ५० लाख ९३ हजार लागत अनुमानको तुलनामा ०.३२ प्रतिशत घटीमा खरिद सम्झौता गरेको छ । बोलपत्रको सर्तमा गाह्रो लगाउने कार्यको परिमाण तोकी अनुभव माग गरेको औचित्यपूर्ण देखिदैन। त्यसरी अनावश्यक सर्त राखेको कारण बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा भएको देखिएन ।

१९. **अस्पताल भवन -** स्वास्थ्य सेवा कार्यालय, सल्यानले अस्पताल भवन निर्माण गर्न रू.१७ करोड ९६ लाख ९५ हजारमा एक जे.भि सँग मिति २०७८।३।१० मा सम्झौता गरेको देखियो । निर्माण व्यवसायीलाई २ किस्तामा रू.१ करोड ५७ लाख ४१ हजार पेश्की दिएको छ । उक्त निर्माण कार्यको हालसम्म साइट क्लियरेन्स बाहेक अन्य काम भएको छैन । कार्यालयले ३६ महिने कार्य १५ महिना अवधि व्यतित भई सक्दा चार पटक ताकेता पत्र पठाए पनि निर्माण व्यवसायीले काम शुरू गरेको छैन। निर्माण व्यवसायीलाई जिम्मेवार बनाई समयमा निर्माण सम्पन्न गराउनुपर्दछ ।

२०. **अस्पताल भवन निर्माण -** दैलेख अस्पतालमा प्रशासकीय एवं अस्पताल सञ्चालन गर्ने प्रयोजनको लागि ३ तल्ले अत्याधुनिक भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग रू.१८ करोड २३ लाख ९१ हजारमा

३६ महिनामा कार्य सम्पन्न गर्ने गरी २०७८।०२।१० मा सम्झौता भएको छ । भवन निर्माण सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

२०.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । भवनको नापी किताबमा माटो कटिङ्ग कामको ३० प्रतिशत माटो फिलिङ्ग गर्ने काम गणना गरी १८०३.४८ घनमिटरको रू. १००।- का दरले भुक्तानी गरेको छ । नर्म्स अनुसार पिलर र टाइविमको ट्रेन्च मात्रको पुर्ने परिमाण भुक्तानी गर्नुपर्नेमा कुल माटो एक्जाभेसनको ३० प्रतिशत गणना गर्दा पुर्ने कामको लागि रू २ लाख ८० हजार बढी भुक्तानी भएको छ । टाइबिम र पिलरको लागि २१.२५ घनमिटर माटो एक्जाभेसन भएकोमा सोको ३० प्रतिशतले हुने ६.३७५ घन मिटरको मात्र भुक्तानी हुनुपर्नेमा १७९७.१४५ घनमिटरको रू. १ लाख ८० हजार बढी भुक्तानी भएकोले सोको मूल्य समायोजन फ्याक्टर १.४३८९ ले हुने रू.७९ हजार तथा उक्त रकमको मूल्य अभिवृद्धि कर समेत कुल रू.२ लाख ९३ हजार असुल गर्नुपर्दछ ।

२०.२. निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार प्रोभिजनबल समबाट बीमा वापत रू. १० लाख २८ हजार भुक्तानी भएकोमा बीमा नीति एवं बीमा प्रिमियम तिरेको कर बीजक पेस भएको देखिएन ।बीमा नीति र कर बीजक पेश गरी खर्च पुष्टि हुनुपर्दछ ।

२०.३. भवन निर्माण कार्यको लागि ३ जना प्राविधिक वर्षै भरी नियुक्त गरी भवन डिभिजन, जुम्लाको डोर हाजिर सिफारिस अनुसार यो वर्ष ज्याला रू.९ लाख ९२ हजार र घरभाडा मासिक रू.१५ हजारका दरले रू.१ लाख ८० हजार समेत रू. ११ लाख ७२ हजार निजहरूलाई कन्टिन्जेन्सीबाट भुक्तानी दिएको छ । सम्झौतामा निर्माण व्यवसायीलाई साइट अफिस तथा क्याम्प निर्माण गर्न रू.३ लाख ६० हजार दिने खरिद सम्झौतामा उल्लेख भएकोले उक्त घरभाडा भुक्तानी दिन मिल्ने देखिदैन । कार्य प्रगति न्यून भएको, गुणस्तर नियन्त्रण संयन्त्र नरहेको तथा एउटै ठेक्काको लागि ३ जना प्राविधिक कर्मचारी राख्न पर्नाको औचित्य देखिएन । कन्टिन्जेन्सी वापतको ४ प्रतिशत मध्ये जुम्ला डिभिजनले २.५ प्रतिशत र अस्पतालले १.५ प्रतिशत खर्च गर्ने समझदारी भएकोमा अस्पतालबाट भएको खर्च रू. ४ लाख ३२ हजार यस वर्षको निर्माण खर्चको तुलनामा कन्टिन्जेन्सी खर्च ५.६४ प्रतिशत देखिन्छ । काम नै नभएको साइटमा आवश्यक भन्दा बढी कर्मचारी राख्रे, बिओक्यूमा राखेको आइटम समेत कन्टिन्जेन्सीबाट खर्च गर्ने कार्य बन्द गरी भवनको लागत घटाउनुपर्दछ ।

२०.४. निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्त मा मूल्य समायोजन डाटासिट अनुसार श्रम-१३, सामग्री-६९ र उपकरण-३ प्रतिशत र नन् एडजष्टमेन्ट फ्याक्टर-१५ प्रतिशत राखेकोमा मूल्य समायोजन गणना गर्दा ननएड्स्टेवल-२०, श्रम-१२, सामग्री-६५ र इक्युपमेन्ट-३ राखी समायोजन फ्याक्टर १.४३८९ ले रू.१ करोड ४५ लाख ९ हजारको मूल्य समायोजन रू.६३ लाख ६८ हजार गणना गरेको छ । सम्झौता अनुसार भार र नेपाल राष्ट्र बैंकको वेस् इन्डेक्स समेत नमिलाई गणना गरेको र सो रकममा सम्झौता अनुसार पेश्की रू.८७ लाख ७९ हजार नघटाई गणना गरेकोले रू.५२ लाख ३३ हजार र सोको १३ प्रतिशत मूल्य अभिवृद्धिकर रू.६ लाख ८० हजार समेत रू.५९ लाख १३ हजार बढी भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

प्रदेश खेलकुद परिषद्

२१. **सुर्खेत रंगशाला निर्माण** - कर्णाली प्रदेशको सुर्खेतमा रंगशाला निर्माण गर्न रू.१ अर्ब ७० करोड ३३ लाख ९६ हजारको लागत अनुमानको खरिदका लागि इन्जिनियरिङ, खरिद र निर्माण (ई.पी.सी.) विधि मार्फत् ६ वटा बोलपत्रको प्राविधिक मूल्याङ्कनबाट सफल एक जे.भी. सँग २०८१।०२।११ सम्म रू.१ अर्ब ५९ करोड ४७ लाख ४८ हजारमा कार्य सम्पन्न गर्ने गरी २०७८।०७।२८ मा सम्झौता भएको छ । सम्झौताको ८० प्रतिशत समयावधिसम्म फस्यौंट गर्ने गरी दिएको पेश्की रू.२७ करोड ८४ लाख ५२ हजार समेत हालसम्म रू. २९ करोड ८४ लाख १२ हजार खर्च भएको निर्माण कार्य सम्बन्धमा देखिएको व्यहोरा निम्न छन् ।

२१.१. ई.पी.सी.माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८ को दफा ९ अनुसार ई.पी.सी.माध्यबाट खरिद गर्दा प्रदेश स्तरीय आयोजना प्रदेश मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्दछ । आयोजना प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत नगरी परिषद्ले खरिद प्रकृया छनौट गरी कार्य गराएको नियमसम्मत देखिएन।

२१.२. ई.पी.सी.माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८ को दफा ९ अनुसार ई.पी.सी.माध्यमबाट खरिद गर्दा एकमुष्ट कार्यसम्पादन (लमसम कन्ट्र्याक्ट) को आधारमा प्रतिष्पर्धा गराई खरिद सम्बन्धी कारबाही गर्ने तथा दफा ११ बमोजिम ४ देखि ७ वटा सम्म माइलस्टोनमा विभाजन गर्ने एवं माईलस्टोनको प्रगतिको आधारमा भुक्तानी गर्नुपर्दछ । परिषद्ले निर्माण गर्ने आयोजनाको निर्देशिकाले तोकेको एकमुष्ट कार्यसम्पादनको आधारमा नगराई बिड डकुमेन्टमा विभिन्न आईटम उल्लेख पि.एस. तथा जब इकाई उल्लेख गरेकोले बोलपत्र कागजात तयार गर्दा निर्देशिका पालना भएको छैन ।

२१.३. ई.पी.सी.माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८ को बुदां १५ अनुसार वारेन्टी तथा मर्मत सम्भार अवधि निर्धारण गर्दा आयोजनाको प्रकृति अनुसार निर्माण सम्पन्न भएको कम्तीमा दुई वर्ष हुने गरी निर्धारण गर्नुपर्ने व्यवस्था छ । सम्झौता अनुसार २०८१ जेष्ठमा कार्य सम्पन्न भई २ वर्ष त्रुटी सच्याउने अवधि भएको उक्त निर्माण कार्यको कार्य सम्पादन जमानत १५ नोभेम्वर २०२३ सम्मको मात्र रहेको छ । त्यस्तै प्रथम किस्ता मोविलाईजेशन पेश्की रू.१३ करोड ९६ लाख ५२ हजारको अग्रिम जमानतको म्याद १५ नोभेम्वर २०२२ मा र दोस्रो किस्ता रू.१३ करोड ८८ लाखको २६ फेब्रुअरी २०२३ मा सकिएको अवस्था छ । सम्झौताको वि.ओ.क्यूमा मोविलाईजेशन/डिमोविलाइजेशन कमिसन वापत रू.४० लाख भुक्तानी भएपनि कार्य सम्पादन तथा पेश्की जमानत सम्झौता अवधि खाम्ने गरी राखेको छैन । कार्य सम्पादन जमानतको म्याद त्रुटी सच्याउने अवधि भन्दा १ महिना बढी सम्मको भएको प्रमाण संलग्न गरी पेश्की रकम मिलान गर्नुपर्दछ ।

२१.४. निर्माण व्यवसायीसँग भएको विशेष शर्त नं २३.२ मा ठेक्का रकमको ११५ प्रतिशत मेसिन तथा सामग्रीको रू.१० लाख, नयाँ मेसिनरी औजारको प्रतिस्थापन मूल्य बराबर, श्रमिकको श्रम ऐनले निर्धारण गरे अनुसार जोखिम वहन हुनेगरी तोकिएको अवधिसम्मको बीमा गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले सम्झौता अनुसार सबै आइटमको बीमा पोलिसी पेस गरेको देखिएन । सम्झौता अनुसार मेसिनरी औजारको बीमाको लागि मूल्य आधार समेत कायम गरेको छैन । साथै सम्झौता अनुसार त्रुटी सच्याउने अवधि २५ जुन २०२६ सम्मको जोखिम समेटने गरी बीमा अवधी हुनुपर्नेमा २४ मे २०२४ सम्मको मात्र राखेकोले सबै किसिम र समय समेटिने गरी बीमालेख जारी भएको प्रमाण पेस गर्नुपर्दछ ।

२१.५. ई.पी.सी.माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८ को बुदां ९ अनुसार ई.पी.सी.माध्यमबाट खरिद गर्दा एकमुष्ट कार्यसम्पादन (लमसम कन्ट्रयाक्ट) को आधारमा प्रतिष्पर्धा गराई खरिद सम्बन्धी कारबाही गर्नुपर्ने उल्लेख छ । भेरिएसन तथा मूल्य समायोजन दिन नपर्ने यस्तो सम्झौतामा विओक्यूमा आईटम निर्धारण गरी बीमा वापत रू.२० लाख भुक्तानी गर्नुपर्नेमा रू. ८० लाख ७४ हजार भुक्तानी गरेकोले रू.६० लाख ७४ हजार बढी भुक्तानी रकम असुल गर्नुपर्दछ ।

२२. **सुपरभिजन परामर्श सेवा** - ई.पी.सी.माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८ को बुँदा १४ अनुसार ई.पी.सी.माध्यमबाट गरिने खरिदमा डिजाइन, निर्माण तथा मर्मत सम्भार गर्दा उत्पन्न हुने भौगर्भिक, व्यावसायिक तथा प्राविधिक लगायतका सम्पूर्ण जोखिम निर्माण व्यवसायीले वहन गर्नुपर्ने व्यवस्था छ । साथै बुदां १२ अनुसार निर्माण व्यवसायीले गरेको निर्माण सम्बन्धी कार्यको परीक्षण तथा नापजाँच एवं गुणस्तर नियन्त्रण सुनिश्चित गर्न, परिषद्को तर्फबाट सुपरभिजन गर्न पूर्वाधार विकास निर्देशनालयको एक इन्जिनियर र सव इन्जिनियरलाई समेत काजमा खटाएको छ । उक्त निर्माण कार्यको सुपरभिजन गर्न आवश्यक पर्ने जनशक्ति यकिन नगरी परिषद्ले उक्त निर्माण कार्यको सुपरभिजन गर्न २०७९।१।२ मा एक जे. भी. सँग रू.१ करोड ३९ लाख ४२ हजारको सम्झौता गरी यस बर्ष रू.२३ लाख ३० हजार भुक्तानी गरेको छ । ई.पी.सी.माध्यमबाट भएको खरिद निर्माण कार्यको सम्पूर्ण जिम्मा निर्माण व्यवसायीको हुने हुँदा परिषद्ले परामर्शदाताको संख्या सीमित गरी कन्टिन्जेन्सीबाट हुने खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

- **बेरूजु स्थिति** - यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरूजुको स्थिति देहाय अनुसार छ :

➢ मन्त्रालय तथा मातहतको यो वर्ष रू.१६ करोड ६१ लाख ७८ हजार बेरूजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौट रू.८५ लाख ४५ हजार फर्स्यौट भई रू.१५ करोड ७६ लाख ३३ हजार बेरूजु बाँकी रहेको छ । सोमध्ये रू.५ करोड ३३ लाख ८८ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

➢ समितितर्फ २ अस्पताल विकास समितिको रू.३४ करोड १७ लाख १६ हजार बेरूजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौट भएको छैन । यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।

- **पाँच वर्षको कार्य सम्पादन स्थिति** - मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७४।०७५ देखि २०७८।०७९ सम्म यस मन्त्रालयको (५ वर्षको अवधिमा) कुल बजेट रू. १९ अर्व ५४ करोड ७४ लाख ४ हजार रहेकोमा रू. १३ अर्ब १७ करोड ५ लाख ९६ हजार कुल खर्च भएको छ । उक्त खर्च मध्ये पूँजीगत खर्च रू. ५ अर्ब २३ करोड ४२ लाख ४० हजार र चालु खर्च रू.७ अर्ब ९३ करोड ६३ लाख ५६ हजार रहेको छ । कुल खर्च मध्ये पूँजीगत खर्च ६९.५० प्रतिशत र चालु खर्च ६६.०५ प्रतिशत रहेको छ । विगत ५ वर्षको औसत खर्च ६७.३८ प्रतिशत रहेको देखिन्छ ।

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार तोकिएका ५८ जिम्मेवारी मध्ये ५ विधेयक संसदबाट पारित गरेको, शिक्षा, स्वास्थ्य तथा जनसंख्या, सरसफाई, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा, युवा तथा खेलकुद, भाषा, धर्म संस्कृति र श्रमरोजगार सम्बन्धी कार्यक्रम संचालन गरेको, महिला वर्गको उत्थान, सशक्तिकरण र समग्र विकास तथा बालवालिकाहरूमाथीको

लैङ्गिक विभेद अन्त्य गर्न, सामाजिक कुसंस्कारको रुपमा रहेको वालविवाह रोक्न र बालिकाहरूको कम्तिमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न "बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीको" कार्यक्रम २०७५।७६ देखि कार्यान्वयनमा ल्याएको जस्ता कार्य गरेको छ ।

नियमावली अनुसार प्रदेशस्तरको विश्वविद्यालय तथा उच्चशिक्षा, ध्वनि एवं हावाको गुणस्तर, समाज कल्याण र संघसंस्था सम्बन्धी, भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण, ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं कला र वास्तुकला, सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तु, औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी प्रादेशिक नीति, कानून निर्माण र नियमन गर्ने कार्य नगरेको लगायतका समस्या रहेका छन् ।

नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू र प्रदेश सरकारले वार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू विगत ५ वर्षको कार्य समिक्षा गरी आगामी दिनमा कार्य तालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा, २४४ अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवाको पदमा उपयुक्त उम्मेदवार छनोट गरी प्रदेश एवं स्थानीय तहको सार्वजनिक प्रशासन सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी बनाउन प्रदेश सभाबाट प्रदेश लोकसेवा आयोग ऐन पारित भएपश्चात २०७७।०१।१६ मा आयोगको स्थापना भएको हो।

यो वर्ष आयोगको विनियोजन रू.८ करोड ४ लाख ३७ हजार, राजस्व रू.४ करोड ७१ लाख ९१ हजार र धरौटी रू.२ लाख ९३ हजार समेत रू.१२ करोड ७९ लाख २१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **सेवा प्रवाह -** कर्णाली प्रदेशका १० जिल्ला र ७९ स्थानीय तहहरू कार्यक्षेत्र रहेको आयोगमा १ अध्यक्ष सहित ३ पदाधिकारी रहने कानुनी व्यवस्था छ । आयोगको वार्षिक प्रतिवेदन बमोजिम यस वर्ष प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सहायकस्तर चौथो, पाँचौ तह र तहविहीन गरी ४० पदका पाठ्यक्रमहरू निर्माण गरेको, वार्षिक कार्यतालिका बनाई पाँचौ तहको ४७८ र चौथो तहको ३८५ समेत ८६३ पद संख्याको लागि ३७ खुला र ६६ समावेशी गरी जम्मा १ सय ३ विज्ञापनमा ४३.५४ प्रतिशत महिलासहित १ लाख २ हजार ३ जनाको दरखास्त परेकोमा ८६३ जनालाई नियुक्तिका लागि सिफारिस गरेको छ । आयोगले प्रकाशित गरेको वार्षिक कार्यतालिका बमोजिम परिक्षाहरू सञ्चालन गर्नुपर्दछ ।

२. **सिफारिस -** निजामती सेवा नियमावली, २०५० को नियम ४ मा कुनै कार्यालयको संगठन स्वरूप तयार गर्ने वा संरचनामा हेरफेर गर्ने वा स्थायी पद सृजना वा खारेज गर्ने स्वीकृति प्राप्त भएपश्चात त्यसको जानकारी सामान्य प्रशासन मन्त्रालय र निजामती किताबखानामा पठाउनुपर्ने र नियम ६ बमोजिम सृजना भएको पद निजामती किताबखानामा दर्ता भएपश्चातमात्र निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने व्यवस्था छ। पद दर्ता भएपछि मात्र लोक सेवा आयोगको सिफारिसमा पदपूर्ति गर्नुपर्नेमा प्रदेश अन्तर्गत रहेका कार्यालयहरूमा दरवन्दी स्वीकृत गरी निजामती किताबखानामा पद दर्ता भएको छैन । आयोगले कार्यालय तथा पद दर्ता नभएको अवस्थामा विज्ञापनमार्फत् ८६३ कर्मचारी सिफारिस गरेको देखियो । कार्यालय दर्ता गरी संगठन तथा व्यवस्थापन अनुगमन गरी/गराई दरवन्दी र पद यकिन गरेर मात्र रिक्त पदमा सिफारिस गर्नुपर्दछ ।

३. **कार्यक्रम तथा निर्णय -** आयोगबाट यो वर्ष कुल ४७ पटक बैठकहरू बसी पाठ्यक्रम सम्बन्धी १५, नीति-नियम सम्बन्धी १५, परीक्षा र नतिजा सम्बन्धी ११ तथा विविध विषयमा ३९ गरी ८० वटा निर्णयहरू भएका छन् । आयोगले गरेको निर्णयको कार्यान्वयन तथा प्रभावकारिता सम्वन्धमा मूल्याङ्कन गर्नुपर्दछ ।

४. **आयोगको परामर्श -** प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ६ को उपदफा २ अनुसार प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, संगठित संस्था र स्थानीय सरकारी सेवाको पदमा लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्ने र उपदफा ३ मा प्रदेश सरकारी सेवाका पदमा वढुवा गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गत रहेका स्थानीय तहले कर्मचारी नियुक्ति तथा वढुवा गर्दा आयोगको परामर्श लिएको देखिएन । कर्मचारीको नियुक्ति तथा बढुवा गर्दा परामर्श लिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरूजुको स्थिति -** आयोगको यो वर्ष लगती बेरूजु देखिएको छैन ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा मुख्य न्यायाधिवक्ता सम्बन्धी व्यवस्था छ । प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने र संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएका अन्य अधिकारीहरूलाई राय सल्लाह दिने मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने उल्लेख छ । प्रदेश सभामा आवश्यकता अनुसार कानुनी प्रश्नमा राय व्यक्त गर्ने र अर्ध न्यायिक निकायमा प्रदेश सरकारको तर्फबाट मुद्दा मामिलामा प्रतिनिधित्व र प्रतिरक्षा गर्ने जिम्मेवारी समेत मुख्य न्यायाधिवक्ताको रहेको छ ।

कार्यालयको यो वर्ष विनियोजन रू.१ करोड ८० लाख ६६ हजार र धरौटी रू.२ लाख ७ हजार समेत रू.१ करोड ८२ लाख ७३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **वहस, पैरवी र राय परामर्श -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) मा प्रदेश सरकार वादी वा प्रतिवादी भएको मुद्दामा प्रदेश सरकारको तर्फबाट उपस्थित भई वहस पैरवी गर्ने गराउने र दफा ८ (१) मा प्रदेश सरकार मातहतका कार्यालयले कुनै संवैधानिक वा कानुनी प्रश्नमा मुख्य न्यायाधिवक्तासँग राय माग गर्ने व्यवस्था छ । यो वर्ष प्रदेश सरकारका विरूद्ध विभिन्न निकायलाई विपक्ष बनाई सर्वोच्च अदालत, प्रशासकीय अदालत, उच्च अदालत र जिल्ला अदालतमा १०१ मुद्दा दायर भएकोमा कार्यालयको तर्फबाट बहस पैरवी भई ४ मुद्दामा फैसला भएको, २६ मुद्दा रिट खारेज १२ मुद्दामा रिट जारी, २ मुद्दा तामेली, १ मुद्दा फिर्ता र ५६ मुद्दा बाँकी रहेका छन् । चलिरहेका मुद्दा सम्बन्धी वहस, पैरवी कार्य प्रभावकारी रूपमा अगाडि बढाउनुपर्दछ ।

२. **निरीक्षण र अनुगमन -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) मा प्रदेश स्थित हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्त वा कानुन व्यवसायी मार्फत् भेट्न नदिएको वा मानवोचित व्यवहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने व्यवस्था छ । यो वर्ष कर्णाली प्रदेशका १० जिल्लामध्ये ४ जिल्लाका हिरासत कक्ष तथा ७ जिल्लाका कारागारका कैदीवन्दीहरूको अवस्थाको निरीक्षण तथा अनुगमन गरेको पाईएन । प्रदेश स्थित सबै हिरासत तथा थुनुवा कक्ष र कैदी वन्दीको निरीक्षण र अनुगमन गरी अवस्थिति यकीन गर्नुपर्दछ ।

३. **मुद्दाको स्थिति -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ अनुसार मुख्य न्यायाधिवक्ताको तर्फबाट सर्वोच्च अदालतमा ४९, उच्च अदालतमा ४९, प्रशासकीय अदालतमा १ र जिल्ला अदालतमा २ समेत कुल १०१ मुद्दामा लिखित जवाफ प्रस्तुत गर्ने, बहस पैरवी गर्ने, प्रतिरक्षा गर्ने समेतका कार्य सम्पादन भएकोमा सो मध्ये ४ मुद्दा फैसला भएको, २६ मुद्दा रिट खारेज, १२ मुद्दामा रिट जारी, २ मुद्दा तामेलीमा, १ मुद्दा फिर्ता र ५६ मुद्दा बाँकी रहेका छन्। फर्स्यौंट हुन नसकेको मुद्दा ५४.४६ प्रतिशत रहेकोले स्रोत साधनको अधिकतम प्रयोग गरी न्याय सम्पादनमा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गर्नुपर्दछ।

४. **कानुनी राय -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) (घ) बमोजिम प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा कानुन बनाउनुपर्ने वा भइरहेको

कानुनमा कुनै संशोधन गर्नुपरेमा सोको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष यस्तो कानुन पहिचान गरी प्रदेश सरकार समक्ष सिफारिस गरेको छैन । कानुनी व्यवस्था तथा कानुनमा रहेको कमिकमजोरीको पहिचान गरी समग्र प्रदेशको नीति निर्माण, नियमन तथा नियन्त्रणलाई प्रभावकारी बनाउन आवश्यक कदम चाल्नुपर्दछ ।

- **बेरूजुको स्थिति -** कार्यालयमा यस वर्ष लगती बेरूजु देखिएको छैन ।

कर्णाली प्रदेश योजना आयोग

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम प्रदेशको नीति तथा योजना तर्जुमा, आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलश्रोत तथा ऊर्जा अन्य प्राकृतिक श्रोत, मानव श्रोत, सुशासन व्यवस्थापन, मन्त्रालय तथा निकायसँग समन्वय, प्रदेशस्तरमा नयाँ विकास योजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण गरी प्रदेश सरकारलाई परामर्श दिने, लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना वैङ्क व्यवस्थापन प्रणाली निर्माण गर्ने, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण गर्ने लगायतका कार्यहरू आयोगको क्षेत्रमा रहेका छन् ।

यो वर्ष विनियोजन रू.१ करोड ६८ लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **आयोगको क्रियाशीलता -** प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम प्रदेशको नीति तथा योजना तर्जुमा गर्ने मुख्य उद्देश्यले आयोग स्थापना भएपनि कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(१) मा बजेटको सीमा निर्धारण गर्ने काम आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको, उपनियम (२) मा बहुवर्षीय आयोजना तोक्ने अधिकार समेत आयोगलाई ऐच्छिक रूपमा रहेको देखिन्छ । आयोगमा २०७८ कार्तिक महिनाबाट पदाधिकारी रिक्त हुँदा नीतिगत निर्णय हुन सकेको छैन । सञ्चालित आवधिक योजनाको लक्ष्य तथा उद्देश्यको उपलब्धिको समीक्षा समेत गरेको छैन । तोकिएको काम, कर्तव्य र अधिकार क्रियाशील नभएबाट यो वर्ष आयोगले गरेको रू.१ करोड ३० लाख ३९ हजार प्रशासनीक खर्चको उपलब्धी देखिएन । आयोगको क्रियाशीलता अभिवृद्धि गर्नुपर्दछ ।

२. **आवधिक योजना -** उच्च आर्थिक वृद्धि, आधारभूत भौतिक सुविधा, सबैलाई सम्मानजनक रोजगारी सहित सुरक्षित र स्वच्छ वातावरणमा वसोवास गर्ने सुखी नागरिकहरूको प्रदेश बनाई वार्षिक प्रतिव्यक्ति आय ६०६ अमेरिकी डलरबाट १ हजार १४७ डलर पुऱ्याउने दीर्घकालीन सोच राखी प्रथम पञ्चवर्षीय योजना (२०७६।७७ देखि २०८०।८१) सञ्चालनमा छ । आवधिक योजनामा दिगो विकास लक्ष्यका साथै दीर्घकालीन राष्ट्रिय लक्ष्यका सूचकलाई आवद्ध गरी आर्थिक विकास अर्न्तगत १२, सामाजिक विकास अर्न्तगत १३, पूर्वाधार विकास अन्तर्गत १०, अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत ४ र सुशासन शान्ति सुरक्षा अन्तर्गत २ गरी जम्मा ४१ विषय समेटेको छ । ती विषय कार्यान्वयन गर्न श्रोतको आंकलन र बजेट व्यवस्था भएको छैन । आवधिक योजनाले देहाय अनुसारको परिमाणात्मक लक्ष्य राखेकोमा प्राप्त उपलब्धिको समीक्षा गरेको छैन ।

क्र.सं.	प्रमुख सुचक	ईकाई	आधार वर्ष २०७५।७६	२०७८।७९ को लक्ष्य
१	गार्हस्थ्य उत्पादन वृद्धिदर	प्रतिशत	५.७	१५.७
२	प्रदेश आर्थिक वृद्धिदर	प्रतिशत	५.७	१५.७
३	प्रतिव्यक्ति आय	युयस डलर	६०६	९४२
४	साक्षरता दर	प्रतिशत	६६	८२.१
५	बहुआयमिक गरिबीको दर	प्रतिशत	५२.२	३९
६	निरपेक्ष गरिबी दर	प्रतिशत	२८.९	२२
७	अपेक्षित आयु	वर्ष	६७	६८.८

प्रादेशिक विकासको लागि तर्जुमा भएका नीति, योजना तथा कार्यलक्ष्य र प्राप्त नतिजाको समीक्षा गरी लक्षीत कार्यक्रमबाट अपेक्षित उपलब्धी हासिल गर्न आवधिक योजनाको समीक्षा गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ ।

३. **दीर्घकालीन रणनीति** - नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा कर्णाली प्रदेशको आफ्नो मौलिक विशेषता सहित "समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" बनाउन प्रथम पञ्चवर्षीय योजनामा शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारका लागि पूर्वाधार, दोस्रो र तेस्रो पञ्चवर्षीय योजनामा विकासलाई तिव्रता दिई समृद्धि अग्रता गर्ने र चौथो तथा पाँचौ पञ्चवर्षीय योजना पश्चात समृद्ध कर्णालीको गन्तव्यमा पुग्ने गरी तीन चरणको २५ वर्षीय दीर्घकालीन रणनीति तय गरेको छ । रणनीति अनुसार विक्रम सम्वत २१०० सम्म कर्णाली प्रदेश समृद्ध भई वार्षिक औषत आर्थिक वृद्धिदर १०.५ प्रतिशत, प्रतिव्यक्ति आय १० हजार अमेरिकी डलर र मानव विकास सूचकाङ्क ०.७६० पुग्ने लगायत २० वटा दीर्घकालीन परिमाणात्मक लक्ष्य सूचक राखिएका छन् । उक्त सूचकहरू गणना तथा मापन गर्ने संयन्त्र तयार गरेको छैन । दीर्घकालीन रणनीति प्राप्तिका लागि वार्षिक, आवधिक विश्लेषण, मूल्याङ्कन एवं तथ्यपरक सुधारका संयन्त्र तयार गरी मूल्याङ्कनलाई प्राथमिकता दिनुपर्दछ ।

४. **प्रदेश विकास परिषद् -** प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसारको विकास परिषद्मा मुख्यमन्त्रीको अध्यक्षतामा, प्रदेश परिषद्मा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेश सभा समितिका सभापतिहरू, आयोगका उपाध्यक्ष र सदस्यहरू, प्रमुख सचिव लगायत स्थानीय तहका प्रमुखहरू र प्रदेश सरकारबाट मनोनित सदस्य रहने व्यवस्था छ । यस वर्ष आयोगमा २०७८ कार्तिक महिनाबाट पदाधिकारी रिक्त रहेको छ । प्रदेश विकास परिषद्मा हुने छलफलबाट प्राप्त सुझाव प्रदेश विकास समस्या समाधान समितिको बैठकमा पेस गर्ने, अनुदान वाँडफाँट सम्बन्धी सुझाव/सल्लाह कार्यान्वयनका साथै आयोजनाको अनुगमन गरी प्रदेश सरकारको कार्य सम्पादनमा प्रभावकारीता कायम गरेको देखिएन ।

५. **अनुगमन तथा मूल्याङ्कन -** आयोगले कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ तयार गरी प्रकाशन गरेको छ । निर्देशिका तर्जुमा भएपनि कर्मचारी रिक्तताका कारण अनुगमन तथा मूल्याङ्कन हुन सकेको छैन । योजनाको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउनुपर्दछ ।

- **बेरूजुको स्थिति -** आयोगको यो वर्ष लगती बेरूजु देखिएको छैन ।

परिच्छेद ४

प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट तथा सम्परीक्षण गर्न महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्था छ। यस सम्बन्धी ब्यहोरा निम्न छन्:

१. **प्रतिवेदन कार्यान्वयन -** प्रदेशको सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको ब्यहोरामा छलफल हुने व्यवस्था भएतापनि हालसम्म महालेखापरीक्षकको वार्षिक प्रतिवेदन प्रदेश सभामा पेस भएको छैन । प्रतिवेदन उपर छलफल प्रारम्भ गरी बेरुजु किनारा लगाई वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

